
# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

## आ.व.२०८२/०८३

बुद्धशान्ति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बुधबारे, झापा

| | | |
|---|---|---|
| **प्रकाशित सामग्री** | बुद्धशान्ति गाउँपालिका, वार्षिक शैक्षिक स्थिति प्रतिवेदन २०८२/२०८३ | |
| **प्रकाशन मिति** | २०८३, असार | |
| **सल्लाहकार** | श्री मनोज प्रसाइँ | अध्यक्ष |
| | श्री भवानी प्रसाद खतिवडा | उपाध्यक्ष |
| | श्री मनोज कुमार साह | प्रमुख प्रशासकीय अधिकृत |
| **लेखन तथा सम्पादन** | श्री कमलप्रसाद निरौला | शाखा अधिकृत, अधिकृतस्तर आठौ |
| | श्री अनिल घिमिरे | लेखा अधिकृत, अधिकृतस्तर सातौ |
| | श्री झल्का अधिकारी | शिक्षा अधिकृत, अधिकृतस्तर छैटौँ |



## हाम्रो भनाइ

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ।शिक्षा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा राखिएको छ। माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहको अधिकार सूचीमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिकाले गर्नुपर्ने काममा आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धी २३ वटा कार्यहरू उल्लेख छन् । नेपाल सरकार, कोशी प्रदेश सरकार र स्थानीय गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा कार्यक्रमहरू नियमित रूपमा गर्दै आएको छ । गाउँपालिकाको शैक्षिक क्षेत्रमा नेपाल सरकार, कोशी प्रदेश सरकार, अन्य स्थानीय सरकार, गैर सरकारी संस्था, निजी क्षेत्र (संस्थागत विद्यालय) र अभिभावकको समेत उल्लेख्य लगानी रहेको छ । आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाको शैक्षिक क्षेत्रमा सञ्चालन भएका क्रियाकलापहरू, सोका लागि भएका लगानी, कार्यक्रमको उपलब्धी, कठिनाईहरू, संस्थागत सुधार र आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरूको विश्लेषण सहित वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार गरिएको छ ।

नेपाल सरकार र गाउँपालिकाको शिक्षा नीति र योजना कार्यान्वयन गर्न, शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार गर्न, शिक्षक दरबन्दी व्यवस्थापन, शिक्षक व्यवस्थापन, विद्यालय अनुमति र कक्षा थप, विद्यालय अनुगमन, नियमन र सुपरीवेक्षण, शैक्षिक तथ्याङ्क व्यवस्थापन, शैक्षिक अनुदान व्यवस्थापन र प्रभावकारी कार्यान्वयन, शिक्षकको पेशागत सहयोग र शिक्षकहरूको क्षमता अभिवृद्धि, छात्रवृत्तिका कार्यक्रमहरू सञ्चालन रहेका छन् । नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र योजना (SESP 2022/23-2031/32), यस गाउँपालिकाको शिक्षा योजना, वार्षिक बजेट नीति तथा कार्यक्रमहरू, नेपाल सरकार तथा प्रदेश सरकारका सशर्त कार्यक्रम र विद्यालयहरूको शैक्षिक कार्यक्रमहरूको वार्षिक प्रगति र कार्यान्वयनमा देखिएको चुनौतीहरू समेत स्थिति प्रतिवेदनमा समावेश गरिएको छ ।

कार्यक्रम कार्यान्वयन गर्न अपनाइएका प्रक्रिया, भौतिक एवम् वित्तीय प्रगति, समस्या र चुनौतीहरूको संक्षिप्त प्रस्तुत गरिएको छ । शिक्षा क्षेत्रमा रहेको आगामी दिनमा रहेका चुनौतीहरू सामना गर्न स्थानीय रणनीति तयारी र कार्यान्वयन गर्न सम्बन्धित पक्षहरूको सार्थक सहभागिता, सहजिकरण र सहयोग हुने अपेक्षा सहित बुद्धशान्ति गाउँपालिकाको शैक्षिक अवस्था, देखिएका चुनौती र आगामी आवश्यकताहरू सहित प्रतिवेदन तयार गरिएको छ । गाउँपालिकाको १० वर्षे शिक्षा योजना (२०८१/०८२-२०९०/२०९१), प्रस्तुत शैक्षिक स्थिति प्रतिवेदन २०८३ र शैक्षिक सूचना व्यवस्थापनमा देखिएको समस्याहरू समाधान गर्न आगामी वर्षमा नीति, बजेट तथा कार्यक्रममार्फत प्रयास गरिने छ ।

माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमहरू गाउँपालिकाको क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष मनोज प्रसाइँ, उपाध्यक्ष भवानी प्रसाद खतिवडा र प्रमुख प्रशासकीय अधिकृत मनोज कुमार साहप्रति आभार व्यक्त गर्दछु । वार्षिक स्थिति प्रतिवेदन तयार गर्न सल्लाह र सुझाव प्रदान गर्दै लेखन कार्यमा महत्वपूर्ण योगदान गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत ज्यू र आर्थिक तथ्याङ्क विवरणको विश्लेषण, प्रतिवेदन लेखन तथा सम्पादनमा सहयोग गर्नुहुने लेखा अधिकृत अनिल घिमिरे, योजना शाखा प्रमुख देवेन्द्र कटुवाल, आन्तरिक लेखा परीक्षक अधिकृत सातौ बालकृष्ण नेपाल, सूचना प्रविधि अधिकृत तोषराज ठाकुर, शिक्षा अधिकृत छैटौँ झल्का अधिकारीलाई प्रतिवेदन तयारीका विभिन्न काममा अहोरात्र खटिएर गर्नुभएको सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**कमलप्रसाद निरौला**
**शाखा प्रमुख**
**शिक्षा, युवा तथा खेलकुद शाखा**

# विषयसूची


प्रतिवेदन सारांश.....1

परिच्छेद एक.....2

**बुद्धशान्ति गाउँपालिकाको परिचय.....2**

क भौगोलिक अवस्थिति 3

ख. जनसाङ्ख्यिक संरचना 3

ग. सामाजिक तथा साँस्कृतिक अवस्था 5

घ. आर्थिक अवस्था 5

परिच्छेद दुई.....6

**स्थिति प्रतिवेदनको परिचय.....6**

परिचय 6

वार्षिक स्थिति प्रतिवेदनको तयारी प्रक्रिया 7

स्थिति प्रतिवेदन तयारीका कानुनी तथा नितीगत आधारहरू 14

प्रतिवेदनका सीमाहरू 14

परिच्छेद तीन.....15

**गाउँपालिकाको शैक्षिक अवस्था.....15**

विद्यालय शिक्षा र शैक्षिक संस्था 15

शैक्षिक संस्थाको सङ्ख्यात्मक विवरण 16

विद्यालय तहको विद्यार्थी सङ्ख्या २०८२ 17

शैक्षिक सत्र २०८२ को सिकाइ उपलब्धी 17

विद्यालय तहको विद्यार्थी सङ्ख्या २०८३ 17

सामुदायिक विद्यालयको तहगत र विषयगत दरबन्दी २०८२ 18

विद्यालयको दरबन्दी विवरण 18

शिक्षक तथा कर्मचारीको प्रकार र तह श्रेणी अनुसारको विवरण 19

अंग्रेजी, गणित र विज्ञान (कक्षा ९-१०) अनुदान दरबन्दी 20

आधारभूत तह नि.मा.शि. (कक्षा ६-८) अनुदान दरबन्दी 20

एस. इ. इ.(कक्षा १०) नतिजा विवरण २०८२ (नियमित तर्फको) 20

आन्तरिक सक्षमता सूचकाङ्क 21

गाउँपालिकामा सञ्चालित शैक्षिक कार्यक्रमहरू 24

कार्यक्रम कार्यान्वयन पक्रिया 26

शिक्षाका कार्यक्रमहरूको क्षेत्रगत र अवयवगत (Component wise) स्थिति विश्लेषण 28

प्रारम्भिक बालविकास तथा शिक्षा 28

आधारभूत र माध्यमिक शिक्षा 30

अनुगमन तथा सुपरीवेक्षण 34

समता सूचक सुधार कार्यक्रम 35

सुशासन तथा संस्थागत क्षमता विकास 37

अनिवार्य आधारभूत शिक्षा सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम 39

विद्यालयको भौतिक पूर्वाधार निर्माण 40

अतिरिक्त तथा सह शैक्षिक कार्यक्रम 41

परिच्छेद चार........................................46

**वित्तीय प्रगति विवरण ........................................ 46**

शीर्षकगत वित्तीय प्रगति खर्च, संघीय सशर्त (शिक्षा) 46

बुद्धशान्ति गाउँपालिका आन्तरिक स्रोतः (शिक्षा) 47

विद्यालयमा आ व २०८२।२०८३ मा शीर्षकगत रुपमा भएको निकासा विवरण: 48

बजेट, कार्यक्रम सञ्चालनका आधार तथा प्रतिवेदन 49

विद्यालय , शिक्षक र कर्मचारीले नियमित गर्नुपर्ने काम 56

अनुसूचीहरू........................................57

गाउँपालिका शिक्षा समितिका पदाधिकारीहरूको नामावली 57

गाउँपालिका खेलकुद विकास समितिका पदाधिकारीहरूको नामावली 57

शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरु 58

शिक्षा दिवसका आदर्श वाक्यहरू 59

निती, निर्देशिका तथा कार्यविधिको विवरण 61

शैक्षिक सुधार सङ्कल्प 65

## प्रतिवेदन सारांश

आर्थिक वर्ष भर सञ्चालन भएका सम्पूर्ण कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति विवरण लगायत गाउँपालिकाको शैक्षिक स्थिति झल्कने प्रतिवेदन स्थिति प्रतिवेदन हो । आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकामा सञ्चालन गरिएका शैक्षिक कार्यक्रमहरू कार्यान्वयन प्रक्रिया, प्रगति र चुनौतीहरू यसमा समावेश गरिएको छ ।
नेपाल सरकारबाट विद्यालय शिक्षा क्षेत्र योजना (SESP 2022/23-2031/32) मार्फत प्राप्त कार्यक्रमहरू मध्ये नियमित प्रकारका कार्यक्रमहरू विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयमा अनुदान दिने गरिएको छ । विकासका कार्यक्रम भौतिक निर्माण, विज्ञान प्रयोगशाला, आइसीटि र पुस्तकालय व्यवस्थापन कार्य आवश्यकताको आधारमा कार्यपालिकाको निर्णयानुसार विद्यालय छनौट गरी कार्यान्वयन गर्ने गरिएको छ । कार्यक्रम कार्यान्वयन गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार सञ्चालन गर्ने गरिएको छ । शिक्षा कार्यक्रमहरू वार्षिक स्वीकृत बजेटमा व्यवस्था भए अनुसार सम्बन्धित विद्यालयमा कार्यान्वयन गरिन्छ । गाउँपालिकामा रहेको प्राविधिक जनशक्तिबाट प्राविधिक योजना अनुगमन र मूल्याङ्कन गरी अनुगमन समितिबाट सिफारिस भएपछि कार्यसम्पन्नको प्रतिवेदन तयार गर्ने गरिएको छ ।

विद्यालयको शैक्षिक पूर्वाधार विकासमा गाउँपालिकाको शिक्षा तर्फको ससर्त कार्यक्रमहरूका लागि वार्षिक बजेट रू. १८३६३८००० मध्ये रू. १७५४५५००० खर्च भई ९७.८८ प्रतिशत वित्तीय प्रगति भएको छ । त्यसैगरी आन्तरिक स्रोततर्फ विनियोजित रकम रू. १९५१७००० मध्ये रू. १९१०४१४५  खर्च भई ९५.५४ प्रतिशत वित्तीय प्रगति भएको छ । यी दुवै तर्फको खर्च र प्रगति कार्यक्रम कार्यान्वयनको प्रक्रियाका साथ शीर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा बुद्धशान्ति गाउँपालिकाको परिचय, दोस्रो परिच्छेदमा स्थिति प्रतिवेदनको परिचय, तेस्रो परिच्छेदमा बुद्धशान्ति गाउँपालिकाको शैक्षिक अवस्था, असल अभ्यास र उपलब्धिहरू समावेश गरिएको छ । र चौथो परिच्छेदमा कार्यक्रमको शीर्षकगत खर्च, प्रगति विश्लेषण, सशर्त र आन्तरिक स्रोत तर्फ बजेटको अवयगत (Component wise) स्थिति लाई समेत राखिएको छ । कार्यक्रम सञ्चालनका क्रममा प्राप्त अनुभवहरूलाई आगामी वर्षहरूमा सुधारका रणनीति बनाउने आधारको रुपमा लिइने छ । प्रतिवेदनको अनुसूचीमा शिक्षासँग सम्बन्धित विवरण समावेश गरिएको छ । यसले विद्यालयमा भए गरेका कामको समेत पारदर्शिता बढाउन सहयोग गरेको छ ।

# परिच्छेद एक

## बुद्धशान्ति गाउँपालिकाको परिचय

### परिचय

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुक हो । नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय गरी तहगत शासन प्रणाली स्थापित गरेको छ । नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने, राष्ट्रिय एकता सुदृढ गर्ने, समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने र विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने उद्देश्य लिएको छ । संविधानले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई दिएको छ । शिक्षासम्बन्धी हक तथा प्राथमिकताहरू पनि स्थापित गरेको छ । संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा छन् । शिक्षा नीति, २०७६ ले शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

"समृद्ध नेपाल सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने दीर्घकालीन सोच राखेको छ ।

नेपालले दिगो विकासको लक्ष्य नं ४ "समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने" कार्यान्वयनका लागि राष्ट्रिय कार्यढाँचा पनि तयार गरेको छ । सोह्रौँ योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) मा शिक्षा विकासका लागि प्रमुख सवाल र चुनौति, रूपान्तरणकारी रणनीति र प्रमुख कार्यक्रम निर्धारण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई प्रदान गरिएका शिक्षा सम्बन्धी अधिकारहरूलाई कार्यान्वयन गरी सम्पूर्ण बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योजनाबद्ध तरिकाबाट अघि बढ्नु वर्तमान समयको आवश्यकता रलहेको छ । सङ्घीय संरचनाअनुसार शिक्षाको विकासमा मार्गदर्शन गर्न विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरी कार्यान्वयनमा रहेको छ । सबै स्थानीय तहमा विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन गर्ने निर्णयसमेत गरेको छ ।

ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिक बनाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

उल्लिखित सन्दर्भहरूले विद्यालय तहको शिक्षाको विकासका लागि स्थानीय तहको शिक्षा योजनाको आवश्यकता महसुस गरी बुद्धशान्ति गाउँपालिकाले (२०८१-२०९०) योजना तयार गरेको छ । यस योजनामा शिक्षा

विकासको दश वर्षे दृष्टिकोणसहित पहिलो पाँच वर्ष (२०८२-२०८६) का लागि आवश्यक स्रोतको आकलन गरी कार्यान्वयनको खाका तयार गरिएको छ।

### क भौगोलिक अवस्थिति

नेपालको कोशी प्रदेशको झापा जिल्लामा अवस्थित बुद्धशान्ति गाउँपालिका झापा जिल्लाको पूर्व उत्तरमा पर्दछ। यो गाउँपालिका २०७३ सालमा घोषणा हुनु अघि साविकका बुधबारे र शान्तिनगर गाविसहरू समावेश भएर बनेको हो। साविकका पुराना गाविसहरू बुधबारे र शान्तिनगरको नामलाई मिलाएर बुद्धशान्ति बनाइएको पाइन्छ। यस गाउँपालिकाको पूर्वमा मेचीनगर नगरपालिका, पश्चिममा अर्जुनधारा नगरपालिका, उत्तरमा इलाम जिल्लाको रोङ गाउँपालिका र दक्षिणमा अर्जुनधारा नगरपालिका र मेचीनगर नगरपालिका रहेका छन्। पालिकाको कुल क्षेत्रफल ७९.७८ वर्ग किमि रहेको यो गाउँपालिका ८७ डिग्री ५९ मिनेट ३४ सेकेन्ड पुर्वी देशान्तर देखि ८८ डिग्री ७ मिनेट २५ सेकेन्ड पुर्वी देशान्तरसम्म र २६ डिग्री ४० मिनेट ४८ सेकेन्ड उत्तरी अक्षांशदेखि २६ डिग्री ४८ मिनेट १४ सेकेन्ड उत्तरी अक्षांश सम्म फैलिएको छ।

### ख. जनसाङ्ख्यिक संरचना

यस गाउँपालिकालाई प्रशासनिक रूपमा ७ वडामा विभाजन गरिएको छ। वि सं २०७८ सालको जनगणनाअनुसार यस पालिकाको कुल जनसङ्ख्या ५३०१० रहेको छ जसमध्ये महिला २७७५० र पुरूष २५२६० रहेका छन्।

**गाउँपालिकाको वडागत पुरुष र महिलाको सङ्ख्याको अवस्था**

| वडा नं | पुरुष | महिला | जम्मा जनसंख्या | परिवार संख्या | परिवार अनुपात | लैङ्गिक अनुपात | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ५००६ | ५३८१ | १०३८७ | २६२७ | ४ | ९३.०३१ | ८७.२ |
| २ | ४३४९ | ४८०० | ९१४९ | २२२० | ४ | ९०.६०४ | ८६.३ |
| ३ | ५७३८ | ६५०२ | १२२४० | ३०६९ | ४ | ८८.२५ | ८४.७ |
| ४ | ५५८५ | ६१०७ | ११६९२ | २९५४ | ४ | ९१.४५२ | ८२.७ |
| ५ | १९५६ | २०७१ | ४०२७ | ९९१ | ४ | ९४.४४७ | ८१.६ |
| ६ | १५८० | १६७० | ३२५० | ८३५ | ४ | ९४.६११ | ८३.७ |
| ७ | १०४६ | १२१९ | २२६५ | ५८९ | ४ | ८५.८०८ | ८५. |
| जम्मा | २५२६० | २७७५० | ५३०१० | १३२८५ | ४ | ९१.०२७ | ८४.७ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

**उमेर समूहगत बालबालिकाको सङ्ख्या र लैङ्गिक अनुपातको विवरण**

| क्र स | उमेर समूह | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| १ | ० वर्ष | ३८४ | ३४८ | ७३२ | ११०.३ |
| २ | ०१ वर्ष | ३८८ | ३८४ | ७७२ | १०१. |
| ३ | ०२ वर्ष | ३७१ | ३६७ | ७३८ | १०१.१ |
| ४ | ०३ वर्ष | ४३१ | ३९० | ८२१ | ११०.५ |
| ५ | ०४ वर्ष | ५०३ | ४०४ | ९०७ | १२४.५ |
| ६ | ०५ वर्ष | ४७२ | ४७४ | ९४६ | ९९.६ |
| ७ | ०६ वर्ष | ५०२ | ४८४ | ९८६ | १०३.७ |
| ८ | ०७ वर्ष | ४६९ | ४४६ | ९१५ | १०५.२ |
| ९ | ०८ वर्ष | ४८६ | ४३२ | ९१८ | ११२.५ |
| १० | ०९ वर्ष | ४५३ | ४५२ | ९०५ | १००.२ |
| ११ | १० वर्ष | ४७७ | ४३१ | ९०८ | ११०.७ |
| १२ | ११ वर्ष | ४३४ | ४२६ | ८६० | १०१.९ |
| १३ | १२ वर्ष | ४३६ | ४०१ | ८३७ | १०८.७ |
| १४ | १३ वर्ष | ४१६ | ४५५ | ८७१ | ९१.४ |
| १५ | १४ वर्ष | ४४३ | ४४८ | ८९१ | ९८.९ |
| १६ | १५ वर्ष | ४४२ | ४४३ | ८८५ | ९९.८ |
| १७ | १६ वर्ष | ४२५ | ४५४ | ८७९ | ९३.६ |
| १८ | १७ वर्ष | ५०२ | ४७६ | ९७८ | १०५.५ |
| ००-१७ वर्षको जम्मा | | ८०३४ | ७७१५ | १५७४९ | १०४. १ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग* *(प्रति १०० केटीमा केटा)*

### ग.  सामाजिक तथा साँस्कृतिक अवस्था

यस पालिकामा विभिन्न जातजाति, भाषाभाषी र संस्कृति मान्ने मानिसहरूको बसोबास रहिआएको छ। यो पालिका विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिको सङ्गमस्थलको रूपमा रहेको छ।विभिन्न धर्मावलम्बीहरूको बसोवास रहेको यस गाउँपालिकामा मुख्यरूपले हिन्दू ३९९२६(७५.३), बौद्ध ३६२६(६.८),इस्लाम २४०(०.५) किराँत ७१८१(१३.५) क्रिश्चियन १९३०(३.६) हरूको बसोबास रहेको पाइन्छ। यहाँका धेरैजसोले बोल्ने भाषा नेपाली हो भने स्थानीय भाषाहरूमा लिम्बू, राई, तामाङ्,नेवारी, मगर, धिमाल आदि रहेका छन्। यहाँ दशैं, तिहार, छट ,उधौली, उभौली, साकेला,ल्होसार, बुद्ध पुर्णिमा, र फागुपूर्णिमा जस्ता चाडपर्वहरू मनाउने चलन रहेको छ।

**जातजाति अनुसारको जनसङ्ख्या र प्रतिशत (प्रमुख १०)को विवरण**

| क्र सं | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | १८७४० | ३९.७ |
| २ | लिम्बु | ६९८० | १४.८ |
| ३ | क्षेत्री | ६३८४ | १३.५ |
| ४ | विश्वकर्मा | ३९५० | ८.४ |
| ५ | राई | ३१७४ | ६.७ |
| ६ | तामाङ्ग | २१४३ | ४.५ |
| ७ | नेवार | १७७३ | ३.८ |
| ८ | मगर | १६९६ | ३.६ |
| ९ | परियार | १३९१ | २.९ |
| १० | धिमाल | ९५९ | २. |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

### घ. आर्थिक अवस्था

कृषि उपज अन्नबाली, नगदेबाली,  तरकारी खेती, पशुपालनको प्रचुर सम्भावना रहेको यस क्षेत्रमा कृषि, व्यापार, मजदुरी, यातायात, पर्यटन र वैदेशिक रोजगारी आम्दानीका प्रमुख स्रोत रहेका छन्। आर्थिक उपार्जनको प्रमुख स्रोत सुपारी र चिया खेती रहेका छन्। सुपारी र चियाको मुख्य उत्पादन क्षेत्र रहेको यस क्षेत्रमा धान, मकै, आलु, तोरी, गहुँ र तरकारी खेती जस्ता नगदेबाली जिवीकोपार्जनको आधार रहेका छन्। कृषि क्षेत्रको बजारीकरण, यातायात र पर्यटन क्षेत्रको प्रवर्धनले यस क्षेत्रको समृद्धिमा सहयोग पुग्ने देखिन्छ।

# परिच्छेद दुई

## स्थिति प्रतिवेदनको परिचय

### परिचय

आर्थिक वर्ष भरी सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन गर्ने दायित्व नगरपालिकामा रहेको छ।शिक्षा क्षेत्रको कार्यक्रमले नगर र समग्र देशको शैक्षिक प्रणालीमा पारेको प्रभाव र असर तथा कार्यान्वयनको क्रममा देखिएको चुनौती तथा समस्याहरूको लेखाजोखा गरी उजागर गर्नु प्रतिवेदनको अर्को पक्ष रहेको छ।प्रतिवेदन आगामी आ.व.को कार्यक्रम कार्यान्वयन गर्न उपयुक्त रणनीति चयन गर्नमा सहयोगी हुन सक्छ । बुद्धशान्ति गाउँपालिका आर्थिक वर्ष २०८२।२०८३ मा संघ, प्रदेश र स्थानीय सरकारबाट तय भएका शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन प्रगति, समस्या तथा चुनौतीहरूको अवस्था विश्लेषण गर्दै प्रतिवेदन तयार गरिएको छ।

नेपाल सरकारबाट प्राप्त हुने सशर्त बजेट शिक्षा क्षेत्रको प्रमुख स्रोत रहेको छ।यसबाट शिक्षक तथा विद्यालय कर्मचारी र बालविकास केन्द्रको सहयोगी कार्यकर्ताहरूको तलब भत्ता, विद्यालय सञ्चालन अनुदान, निःशुल्क छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, विज्ञान प्रयोगशाला स्थापना तथा सञ्चालन, शैक्षिक सुशासन व्यवस्थापन र पिएमटी छात्रवृत्ती जस्ता शैक्षिक कार्यक्रमहरू मुख्य रहेका छन् । पूर्वाधार विकास तर्फ निर्मित गुरूयोजना अनुसार ४ कोठे विद्यालय भवन निर्माण श्री राष्ट्रिय विजय माध्यमिक विद्यालय बुद्धशान्ति ७ मा निर्माणाधिन रहेको छ । यसै गरी गाउँपालिकाबाट बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीको थप तलब, स्थानीय पाठ्यक्रम निर्माण (कक्षा १-८) कार्यान्वयन गर्न कक्षा १ देखि ४ सम्मको पाठ्यपुस्तक लेखन  गरी कार्यान्वयन गरिएको छ । गाउँपालिकाका विभिन्न वडाका शिक्षक अभाव भएको विद्यालयमा स्वयंसेवक शिक्षकको लागि पारिश्रमिक व्यवस्था, SEE तयारी अतिरिक्त कक्षा सञ्चालन, परीक्षा व्यवस्थापन, विद्यालय मर्मत,  ICT& Science lab स्थापना अन्तरगत सरस्वती माध्यमिक विद्यालयमा स्मार्टबोर्ड सहित कम्प्युटर ल्याब र  विज्ञान प्रयोगशाला निर्माण र सञ्चालन, परीक्षा व्यवस्थापन सुधार, बालविकास केन्द्रहरूमा सामग्री वितरण, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयन गर्न विद्यालय बाहिर रहेका आधारभूत शिक्षा पूरा नगरेका वालबालिकाको विवरण अध्यावधिक गरी यस सम्बन्धी योजना निर्माण र शैक्षिक अनुगमन एवम् सुपरीवेक्षण अन्तरगत शिक्षकहरूलाई प्राविधिक सहायता दिन विषय विज्ञ सहिततको विद्यालय सुपरीवेक्षण र परिचालन गरि सिकाइ सुधार, शिक्षक तालिम र अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन भएका छन् । नमुना उन्मुख विद्यालय र प्राविधिक धार सञ्चालित विद्यालयमा विद्यालय सुधार र अनुदान निरन्तर रहेका छन् । विद्यालयमा प्रधानाध्यापक छनौट तथा नियुक्ति गरी विद्यालय विकास प्रस्तावका आधारमा कर्यसम्पादन करार संझौता गरी गरिएको छ ।

गाउँपालिकाले शिक्षा क्षेत्रमा प्राप्त भएका नतिजा र उपलब्धि हासिल गर्न चुनौतीहरूको विश्लेषण गरिएको छ । शैक्षिक सूचक र नतिजाको बहुआयामिक सम्बन्ध र गाउँपालिकाको हालको अवस्था पहिचान हुनेछ । आ.व. २०८२/०८३ मा स्वीकृत कार्यक्रमहरू, सरकारी निकायहरू, विद्यालयहरू अन्य गैर सरकारी सङ्घसंस्थाहरूसँग साझेदारीमा शैक्षिक क्षेत्रको विकासका लागि गरिएका प्रयास, सञ्चालित क्रियाकलाप र प्रभावको विश्लेषण गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको शिक्षा क्षेत्रको प्रतिबद्धता अनुरूप गाउँपालिका विकास आवधिक

योजना र गाउँपालिकाको शिक्षा योजनामा समावेश भएका विद्यालय तह र अन्य शैक्षिक कार्यक्रमहरू कार्यन्वयन गर्ने तौर तरिकाहरूको समीक्षा गरिएको छ ।

प्रत्याभूत गरेको शिक्षासम्बन्धी हकहरू कार्यान्वयन गर्न, दिगो विकास लक्ष्य, विद्यालय शिक्षा क्षेत्र योजनाका प्रमुख आयामहरू समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन, उत्थानशीलता एवम् आवधिक विकास योजनाहरूले राखेका शिक्षामा समान पहुँच, शिक्षालाई गुणस्तरीय जीवनोपयोगी सीपमूलक र समसामयिक बनाउने, समग्र शिक्षा प्रणालीको प्रभावकारिता दक्षता र जवाफदेहिता वृद्धि गर्नका लागि शैक्षिक पहुँच, प्राविधिक क्षमता विकास र गुणस्तर वृद्धि जस्ता लक्ष्य हासिल गर्ने कार्यक्रम सञ्चालन गरिएको छ।

शैक्षिक तथा सिकाइ उपलब्धिहरू दिगो बनाई यस विचमा प्राप्त भएका सिकाइ अनुभवहरुलाई १० वर्षे गाउँ शिक्षा योजना कार्यान्वयनमा समेत उपयोग गरिने छ । वार्षिक नीति बजेट र कार्यक्रम तयार गर्दा गाउँ शिक्षा योजना कार्यान्वयनलाई प्राथमिकता दिइएको छ । बार्षिक योजना तर्जुमा कार्यान्वयन, अनुगमन, नियमित समीक्षा, स्थलगत र समूहगत विद्यालय निरीक्षण, कक्षाकोठामा शिक्षक सहायता, विद्यालय उमेरका सबै बालवालिकाका लागि समयमै भर्ना र सिकाइका उपयुक्त क्रियाकलापहरू सञ्चालन गरिएको छ । सबै कार्यक्रम सञ्चालन गर्दा गाउँपालिका देखि विद्यालय स्तरसम्म अभिमुखीकरण, मापदण्ड तथा कार्यक्रम कार्यान्वयन पुस्तिकाको परिपालना, सम्बद्ध पक्ष सहभागिता, सूचना प्रविधिको अधिकतम प्रयोग, पारदर्शिताका सम्पूर्ण उपायहरू स्थापित गर्दै शैक्षिक सुशासन अभिवृद्धि गर्न गाउँपालिकाले विविध क्रियाकलापहरू सञ्चालन गरेकोमा आगामी दिनमा समेत निरन्तरता दिइनेछ ।

उद्देश्य

१ आर्थिक वर्ष २०८२/०८३ मा सङ्घ, प्रदेश र गाउँपालिका र अन्य क्षेत्रबाट सञ्चालित शैक्षिक क्रियाकलाप प्रकाशन गर्नु
२ सबै क्रियाकलापहरूको प्रगति समीक्षा प्रकाशन गरी सम्बन्धित निकायमा जानकारी गराउनु,
३ आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन भएका शैक्षिक कार्यक्रमको सवल र दुर्बल पक्षको विश्लेषण गर्नु,
४ सञ्चालित शैक्षिक कार्यक्रमहरूबाट Output उपलब्धि प्रकाशन गर्नु,
५ सञ्चालित शैक्षिक उपलब्धिबाट सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा परेको प्रभावको विश्लेषण गर्नु,
६ गाउँपालिकाको समग्र शैक्षिक अवस्थाको विश्लेषण गर्नु,
७ शिक्षा क्षेत्रको वार्षिक बजेटको वित्तिय तथा भौतिक प्रगति माथिल्लो निकायसम्म जानकारी गराउनु,
८ शैक्षिक कार्यक्रममो नियमित समीक्षा र स्थिति पहिचान गरी आगामी वर्षमा योजना कार्यान्वयनमा पृष्ठपोषण तयार गर्नु।

## वार्षिक स्थिति प्रतिवेदनको तयारी प्रक्रिया

बुद्धशान्ति गाउँपालिका शिक्षा तथा खेलकुद शाखाबाट प्रतिवेदन तयार गरिएको छ । सङ्घ, प्रदेश र स्थानीय सरकारबाट शिक्षा क्षेत्रमा विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम कार्यन्वयनको क्रममा विद्यालय, अभिभावक र विद्यार्थीसम्म देखिएका सकरात्मक पक्षहरू र चुनौतीहरू अनुभव, अवलोकन र तथ्याङ्कको विश्लेषणका आधारमा अभिलेख गरिएको छ । विद्यालयको समग्र शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय अवस्थाको आधारमा आवश्यक क्रियाकलापहरूको पहिचान, संकलन, विश्लेषण र लेखन गर्न निम्न प्रकृया अवलम्बन गरिएको छः

क) ऐन कानुन र नीतिगत प्रवन्धहरूको अध्ययनः नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, १६ औँ योजना, गाउँपालिका विकास योजना, गाउँपालिका शिक्षा योजना, शिक्षा सँग सम्बन्धित ऐन नियम र नीतिहरूको अध्ययन गरी गाउँपालिकाको दायित्व पुरा गर्न गर्नुपर्ने विषयहरूमा समीक्षा गर्दै सुधार गर्न गरिएको छ।

ख) नियमित समीक्षा तथा बैठकः

संस्थागत र सामुदायिक विद्यालयको सयुक्त र अलग अलग बैठक ७ पटक प्रधानाध्यापक समीक्षा बैठक आयोजना गरिएको छ । प्रत्येक बैठकमा एजेण्डा सहित निर्णयहरू भएका छन र तीनको कार्यान्वयन सहजताका साथ गरिएको छ । बैठकमा प्राप्त सुझावहरू सर्वसहमतिले कार्यान्वयनका लागि निर्णय गरिएको छ । नियमित बैठकका निर्णय र सुझाव एवम् निर्णय कार्यान्वयनमा अनुगमनका क्रममा प्राप्त सुझावहरू समेत प्रतिवेदन तयारीको आधार बनाइएको छ ।

ग) विद्यालयमा भएको निकासः विद्यालयहरूमा तलव भत्ता र शैक्षिक तथ्याङ्कका आधारमा निकासा गरिन्छ । निकासा रकमको सदुपयोग र विद्यालयहरूले गराएका सामाजिक परीक्षण, लेखापरीक्षण प्रतिवेदनहरू अध्ययन समीक्षा र आ. व. को निकासा समावेश गरि विद्यालयमा समेत उपयोगी हुने गरी तयार गरिएको छ ।

घ) त्रैमासिक प्रगति प्रतिवेदनः कार्यालयले नियमित गरेको कमहरूको प्रगति प्रतिवेदन नेपाल सरकार समक्ष शिक्षा विकास तथा समन्वय इकाइ मार्फत पठाउने गरिन्छ । गाउँपालिकामा आयोजना हुने नियमित समीक्षाको सुझाव समेत प्रतिवेदन तयारीको क्रममा अध्ययन गरिएको छ । यसबाट शैक्षिक व्यवस्थापनको सवल पक्ष र दुर्वल पक्षहरू पहिचान हुने गर्दछ । शिक्षा क्षेत्रमा रहेको जनगुनासाहरू समयमै सुधार गर्न सहज हुन्छ ।

ङ) गाउँपालिकाको अभिलेख अध्ययनः विद्यालय अनुमति सञ्चालन र व्यवस्थापकीय अभिलेखहरू रहेका छन । योजना शाखा र आर्थिक प्रशासन शाखाको वित्तीय र भौतिक अभिलेख अध्ययन र विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । शैक्षिक कार्यक्रम कार्यान्वयनबाट प्राप्त राम्रा पक्षहरू उपलब्धि, हाल भएका समस्या र चुनौतीको लेखाजोखा गरिएको छ ।

च) शैक्षिक सूचना व्यवस्थापन प्रणालीः विद्यालय शिक्षाको सूचना प्रणालीमा सुधार भएसँगै आवश्यक सबै तथ्याङ्क उपयोग गर्न सहज भएको छ । यसबाट सिकाइ उपलब्धि विद्यालय खुलेका दिन र विद्यार्थी सम्बन्धी सबै तथ्याङ्क सङ्ख्यात्मक रूपमा प्राप्त गर्न सकिन्छ । यसको गुणात्मक पक्षबाट विश्लेषण गरिएको छ ।

छ) शिक्षा योजना र कार्यक्रमहरूको अध्ययनः हाल सञ्चालित विद्यालय शिक्षा क्षेत्रको योजना र कार्यक्रमहरूको अध्ययन गरिएको छ । विद्यालय शिक्षामा पहुँच र समता, गुणस्तर र सान्दर्भिकता, सुशासन र संस्थागत सक्षमता र उत्थानशीलता पूर्वाधार निर्माण जस्ता जिम्मेवारी पूरा गर्न तयार भएका विद्यालय शिक्षा क्षेत्र योजना (SESP 2022/23-2031/32) र गाउँ शिक्षा योजना २०८१/०८२ ले निर्धारण गरेका शिक्षा उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य प्राप्त गर्न स्थानीय रणनीति तयारी र कार्यान्वयन गर्न गरिएका क्रियाकलापहरू जस्तै क्षमता विकास तालिम र कार्यक्रम सञ्चालनको क्रममा अनुभव गरिएका र प्राप्त तथ्यहरूको साथै आगामी वर्ष गरिने उपयोगि उपायहरू उजागर गरिएको छ ।

ज) विद्यालय अनुगमन र सुपरीवेक्षणको प्रतिवेदनः विद्यालय अनुगमनका क्रममा देखिएका तथ्य र विवरणहरूको अध्ययन र सारंश, शिक्षक सहायताको क्रममा शिक्षक र सुपरीवेक्षकको प्रतिक्रिया र सिकाइ सुधार कार्यको विवरण, जनप्रतिनिधि र समितिहरूबाट गरिएको अनुगमनको सुझावलाई आधार मानिएको छ ।

## विद्यालय शिक्षा क्षेत्र योजना (SESP) का प्रमुख उद्देश्य र रणानीतिहरू

**उद्देश्यः**

विद्यालय शिक्षा क्षेत्र योजनाको समग्र उद्देश्य गुणस्तरीय शिक्षा अधिकारका रूपमा स्थापित गरी सबैका लागि सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिता प्रवर्धन गर्ने रहेको छ।यसका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिक र गुणस्तरमा सुधार गर्नु
४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु
५. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणाली विकास गर्नु
६. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारीउन्मुख नागरिक तयार गर्नु
७. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु
८. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकुल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागि हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु
९. आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु

योजनाका उद्देश्यहरू प्राप्त गर्नका लागि योजनाले तयार गरेको रणनीतिक प्राथमिकताका क्षेत्रहरूः

क) विद्यालय शिक्षामा सबै बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने
ख) विद्यालय शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने
ग) विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउने
घ) सुशासन तथा उत्तरदायित्व अभिवृद्धि गर्ने

**रणनीतिहरू**

१. संघीय सरकारले तोकेबमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजिकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ ।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ ।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजिकरण तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन् ।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक/प्राविधिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ ।

५.माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ ।

६.बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गरिनाका साथै गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

७.साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

८. अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने छ ।

९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ ।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धति विकास गरिने छ ।

११.अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गरिने छ ।

उल्लिखित उद्देश्य र रणनीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि प्राप्त सशर्त अनुदान र गाउँपालिकाको आन्तरिक स्रोतको परिचालन गरिएको छ। यसरी परिचालन गरिएको स्रोतको उपयोगबाट शिक्षा क्षेत्रमा भएका उपलब्धि दिगो बनाउदै बाँकी कामहरू आगामी वर्षहरूमा गर्ने योजना रहेको छ ।

**गाउँ शिक्षा योजनाका प्रमुख उद्देश्य, रणनीति र अपेक्षित उपलब्धि**

**उद्देश्यहरू ( Objectives)**

१ सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
२ आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु
३ विद्यालय शिक्षा पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल गर्नु
४ अपाङ्गमैत्री तथा बालमैत्री सिकाइ वातावरणको विकास र विस्तार गर्नु
५ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्नु
६ कक्षागत, तहगत र विषयगत शिक्षकको व्यवस्थापन गर्नु
७ शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
८ प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्नु
९ अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु
१० आपत्कालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकार सुनिश्चित गर्दै वैकल्पिक सिकाइको अवसर प्रदान गर्नु
११ विद्यालयलाई भौतिक रूपमा सम्पन्न बनाई र बालमैत्री हरित विद्यालय वातावरण निर्माण गर्नु
१२ जलवायु परिवर्तन उत्थानशिलताका लागि पर्यावरणीय सन्तुलन कायम गर्नु

**रणनीतिहरू**

**उद्देश्य नं. १ सँग सम्बन्धित रणनीतिहरू**

१.१. विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन गर्ने

१.२ विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चत गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने

१.३. विद्यालयबाहिर रहेका सबै बालबालिकाको तथ्याङ्क सङ्कलन गरी विद्यालय शिक्षामा ल्याउने

**उद्देश्य नं. २ सँग सम्बन्धित रणनीतिहरू**

२.१ आधारभूत र माध्यमिक तहमा बालबालिकाको नियमितता सुधारका लागि कार्यक्रम सञ्चालन गर्ने

२.२. सिकाइ उपलब्धि परीक्षण गरी  गुणस्तर एकिन गर्ने

२.३ प्रत्येक कक्षाको वार्षिक परीक्षा विशिष्टिकृत रूपमा पालिका स्तरमा सञ्चालन गर्ने

**उद्देश्य नं. ३ सँग सम्बन्धित रणनीतिहरू**

३.१  पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यक्रम प्रबोधीकरण र शिक्षक तालिम सञ्चालन गर्ने

३.२ शिक्षक अनुपस्थित भएको समयमा कक्षा नियमित हुने वैकल्पिक व्यवस्था मिलाउने

३.३ मूल्याङ्कन प्रणालीलाई पाठ्यक्रममा आधारित बनाइ मूल्याङ्कनको अभिलेखीकरणका लागि शिक्षकलाई जिम्मेवार बनाउने

**उद्देश्य नं. ४ सँग सम्बन्धित रणनीतिहरू**

४.१ आर्थिक रूपले विपन्न सुविधाविहीन कठिन परिस्थितिमा रहेका बालबालिका र अपाङ्गता भएका बालबालिकाको शिक्षामा सहभागिता बढाउन छात्रवृत्तिको व्यवस्था

४.२ बालमैत्री कार्यढाँचा अनुरूप बालमैत्री पालिका घोषणा गर्ने

४.३ अपाङ्गताको प्रकार अनुसार आवश्यकताका आधारमा विशेष कक्षा सञ्चालन गर्ने

४.४ बालमैत्री, अपाङ्गतामैत्री सिकाइका लागि आवश्यक शैक्षिक सामग्रीको सुलभ व्यवस्थापन गर्ने

**उद्देश्य नं. ५ सँग सम्बन्धित रणनीतिहरू**

५.१.स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक प्रबोधीकरणसम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने

५.२ स्थानीय रैथाने ज्ञान सिप तथा प्रविधिको विकास र विस्तार गर्ने

**उद्देश्य नं. ६ सँग सम्बन्धित रणनीति**

६.१ विद्यार्थी सङ्ख्या र विषयगत आधारमा शिक्षक दरबन्दी मिलान तथा पूनर्वितरण गर्ने

६.२ विषयगत रूपमा नपुग शिक्षकका लागि तल्लो तहका शिक्षकलाई माथिल्लो तहमा प्रयोग गरी स्वयम् सेवक शिक्षकको समेत व्यवस्थापन गर्ने

६.३ विद्यार्थीको विद्यालयगत वास्तविक तथ्याङ्क अध्यावधिक गरी  राख्ने व्यवस्था गर्ने

**उद्देश्य नं. ७ सँग सम्बन्धित रणनीतिहरू**

७.१ शिक्षामा सूचना तथा प्रविधिको प्रयोग सम्बन्धी तालिम सञ्चालन गर्ने

७.२ विद्यालयमा आइसिटी ल्याब स्थापना गरी सूचना तथा प्रविधिको प्रयोगमा जोड दिने

७.३ शिक्षामा सूचना तथा प्रविधिका माध्यहरूबाट  अनुगमन तथा पृष्ठपोषणको कार्य गर्ने

**उद्देश्य नं. ८ सँग सम्बन्धित रणनीतिहरू**

८.१ प्राविधिक र व्यावसायिक शिक्षाको सम्भाव्यताका आधारमा शिक्षालयको स्थापना र सञ्चालन गर्ने

८.२ प्राविधिक र व्यावसायिक शिक्षालाई सर्वसुलभ रूपमा सबैको पहुँच पुर्याउन विपन्न वर्गका लागि छात्रवृत्तिको व्यवस्था गर्ने

**उद्देश्य नं. ९ सँग सम्बन्धित रणनीतिहरू**

९.१ निरक्षरहरूको तथ्याङ्क सङ्कलन गरी साक्षरता शिक्षा सञ्चालन गर्ने

९.२ सामुदायिक सिकाइ केन्द्रमार्फत आधारभूत साक्षरता, साक्षरोत्तर, आयआर्जन र जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने

९.३ विद्यालय स्वागत, भर्ना अभियान र खानेपानी र सरसफाइका क्षेत्रमा टोल विकास संस्थाहरूलाई परिचालन गर्ने

**उद्देश्य नं. १० सँग सम्बन्धित रणनीतिहरू**

१०.१ आपतकालमा शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरी विद्यालयहरूलाई योजना निर्माण गर्न अभिप्रेरित गर्ने

१०.२ सूचना तथा प्रविधिको अनलाईन माध्यमबाट सिकाई सहजीकरण कार्यक्रम सञ्चालन गर्ने

१०.३ आपत्कालिन अवस्थामा सिकाईमा हुने क्षति न्युनिकरणका लागि शिक्षकलाई तयारी गराउने

**उद्देश्य नं. ११ सँग सम्बन्धित रणनीतिहरू**

११.१ भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह विद्यार्थी संख्याको प्रक्षेपण र सिकाइ अनुकूलको आधारमा मापदण्ड विकास गर्ने

११.२ विद्यालय पूर्वाधार विकासका लागि सङ्घ प्रदेश स्थानीय तह स्थानीय समुदाय गैरसरकारी क्षेत्र र निजी क्षेत्र सामुदायिक सङ्घसंस्थाको परिपचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

११.३ भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकार बिच समन्वय कायम गरी कार्य गर्ने

**उद्देश्य नं. १२ सँग सम्बन्धित रणनीतिहरू**

१२.१ फोहोर मैला व्यवस्थापनका लागि बाल क्लवको सशक्तिकरण गर्ने

१२.२ स्थानीय समुदाय गैरसरकारी क्षेत्र निजी क्षेत्र र सामुदायिक सङ्घसंस्थाको परिचालन गरी सचेतनामूलक कार्य गर्ने

१२.३ हरित विद्यालय कायम गर्न विद्यालयलाई उत्प्रेरित गर्ने

**अपेक्षित उपलब्धि**

योजनाको दूरदृष्टि र लक्ष्य प्राप्तिका लागि तपसिलबमोजिमका अपेक्षित उपलब्धी हासिल हुनेछन् :

१ सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ

२ आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर अभिबृद्धि भएको हुनेछ

३ विद्यालय शिक्षामा पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल भएको हुनेछ

४ अपाङ्गमैत्री तथा बालमैत्री सिकाइ वातावरणको विकास र विस्तार भएको हुनेछ

५ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन भएको हुनेछ

६ कक्षागत, तहगत र विषयगत शिक्षकको व्यवस्थापन भएको हुनेछ

७ शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ

८ प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार भएको हुनेछ

९ अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित भएको हुनेछ

१० आपत्कालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको अवसर प्राप्त भएको हुनेछ

११ विद्यालय भौतिक रूपमा सम्पन्न भई हरित विद्यालय वातावरण निर्माण भएको हुनेछ

१२ जलवायु परिवर्तन उत्थानशिलताका लागि पर्यावरणीय सन्तुलन कायम भएको हुनेछ

**स्थिति प्रतिवेदन तयारीका कानुनी तथा नितीगत आधारहरू**

१ सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन र नियमावली
२ संघीय सरकारबाट प्राप्त सशर्त बजेटको कार्यक्रम कार्यन्वयन पुस्तिका २०८२/०८३,
३ गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक नीति कार्यक्रम र बजेट,
४ नगर कार्यपालिकाको शिक्षा सम्बन्धी नीति र निर्णयहरू,
५ विभिन्न समयका विद्यालय अनुगमन, सुपरीवेक्षण र निरीक्षण प्रतिवेदनहरू,
६ शिक्षा युवा तथा खेलकुद शाखा र विद्यालय शिक्षा प्रशासन उपशाखाको अभिलेख,
७ गाउँपालिकाबाट सञ्चालित कार्यक्रमको अभिलेख र प्रतिवेदनहरू,
८ शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित सूचना तथा प्रतिवेदन र निर्देशनहरू,
९ नेपाल सरकारले जारी गरेका विद्यालय तहका पाठ्यक्रम र मूल्यकङ्कनका मार्गदर्शनहरू

**प्रतिवेदनका सीमाहरू**

प्रतिवेदन गाउँपालिकाले आ.व. २०८२/०८३ मा शिक्षा क्षेत्रको बार्षिक नीति, कार्यक्रम र स्रोतको परिचालन, कार्यक्रम कार्यान्वय प्रकृया, कार्यान्वयनमा देखिएका समस्या, चुनौति र अवसरहरूमा केन्द्रित रहेको छ। गाउँपालिका क्षेत्रमा संघीय तथा प्रदेश सशर्त र गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयमा आधारित रहेको छ गाउँपालिकाले संघीय सरकार, विद्यालय र अन्य सरोकारवाला निकायमा प्रतिवेदन गर्ने र अभिलेख राख्ने प्रयोजनका लागि तयार गरिएको छ। गाउँपालिकाको अभिलेख, कार्यक्रम संलग्न व्यक्तिहरूको प्रतिक्रिया तथा सुझाव, अनुगमन र अवलोकनबाट प्राप्त तथ्याङ्कमा सिमित रहेको छ । गाउँपालिकाको शैक्षिक कार्यक्रमको आवधिक तथा वार्षिक समीक्षा र आगामी वर्षको रणनीति तयारी र कार्यान्वयन गर्न आवश्यक उपायहरू सुझाउनमा केन्द्रित रहेको छ। गाउँपालिकाले तयार गर्ने नियमित कार्यको रुपमा यो स्थिति प्रतिवेदन प्रकाशन गरिएको छ। गाउँपालिकाको कार्यक्रम कार्यन्वयनमा संलग्न कर्मचारीको संलग्नतामा यो प्रतिवेदन तयार गरिएको छ । तथ्याङ्कको अभिलेखीकरण र प्रस्तुतीकरणमात्र गरिएको छ। प्रतिवेदन गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको शैक्षिक, भौतिक, व्यवस्थापकीय तथा आर्थिक अवस्थाको तथ्यांकीय वस्तुस्थिति मात्र राखिएको छ । शैक्षिक कार्यक्रम कार्यान्वयनको तथ्य र सूचना समावेश गरिएको छ । सम्बन्धित कार्यक्रम, विद्यालयको बजेट निकासा र सम्बन्धित क्षेत्रका क्रियाकलाप समावेश गरिएको छ।

# परिच्छेद तीन

## गाउँपालिकाको शैक्षिक अवस्था

### विद्यालय शिक्षा र शैक्षिक संस्था

गाउँपालिका शिक्षा तथा खेलकुद शाखामार्फत शैक्षिक व्यवस्थापनका कार्यहरू गर्दै आएको छ । शाखामा अधिकृतस्तरका २ जना कर्मचारीको व्यवस्था छ । शिक्षा क्षेत्रका सशर्त अनुदानहरू, वित्तीय समानीकरण अनुदान, प्रदेश सरकारबाट प्राप्त सशर्त र समानीकरण अनुदान र स्थानीय सरकारको आन्तरिक स्रोतको दक्षतापूर्ण, मितव्ययी, न्यायपूर्ण र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै जनप्रतिनिधिहरू र कर्मचारीको संयन्त्रहरूको परिचालन भएको छ । स्रोत परिचालनबाट संविधानको मौलिक हकको व्यवस्था, दिगो विकास लक्ष्य, सोहौँ योजनाले राखेको लक्ष्यहरू र बुद्धशान्ति गाउँपालिकाको शिक्षा योजना, आवधि विकास योजना, सहभागितामूलक शिक्षा सम्बन्धि आयोजना र कार्यक्रमहरू सञ्चालन गरेको छ । गाउँपालिकाको शैक्षिक सुधार गर्दै शैक्षिक गुणस्तर सुनिश्चित गर्न गाउँ सभा, गाउँकार्यपालिका, सामाजिक विकास समिति, गाउँ शिक्षा समिति, शिक्षा तथा खेलकुद शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र विभिन्न गैर सरकारी संस्थाहरूले संस्थागत रूपमा काम गरिरहेका छन् ।

गाउँपालिकामा सामुदायमा सञ्चालित समेत ३५ वटा बालविकास केन्द्रहरू, १६ वटा सामुदायिक विद्यालय, दुई धार्मिक तथा परम्परागत र १८ संस्थागत विद्यालयहरू रहेका छन् । बालविकास कक्षा देखि ५ कक्षा सम्म सञ्चालित सामुदायिक विद्यालय ३ र संस्थागत १ विद्यालय छन् । बाल विकास कक्षा देखि ८ कक्षा सम्म सञ्चालित सामुदायिक ३ र संस्थागत ३ विद्यालय छन् । बाल विकास कक्षा देखि १० कक्षा सम्म सञ्चालित सामुदायिक ५ र संस्थागत १० विद्यालय छन् । बाल विकास कक्षा देखि १२ कक्षा सम्म सञ्चालित सामुदायिक ५ र संस्थगत ३ विद्यालय छन् । गाउँपालिका तथा तत्कालीन स्थानीय निकायबाट अनुमति लिएर सञ्चालनमा रहेका तर समुदायमा आधारित बाल विकास केन्द्र १० वटा र विद्यालयमा आधारित बालविकास केन्द्र २५ वटा रहेका छन् ।

शैक्षिक गुणस्तर सुधारको गरी गुणस्तर कायम गर्न गाउँपालिकाले शिक्षा क्षेत्रमा बजेट बिनियोजन गर्दै आएको छ । गाउँपालिकामा शिक्षक र कर्मचारीको क्षमता विकास तालिम, शैक्षिक पूर्वाधार मर्मत, विद्यालय सञ्चालन, कोचिङकक्षा सञ्चालन, आन्तरिक परीक्षा व्यवस्थापन, छात्रवृत्ति र संस्थागत सुधार गर्न बजेट व्यवस्था गरिएको थियो । गाउँपालिकाले विद्यार्थीसँग अध्यक्ष उपाध्यक्ष कार्यक्रम, अभिभावक शिक्षा, प्रविधिको प्रयोग तथा प्राविधिक सहायता र भर्चुअल अनलाइन सेवाबाट शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सबल बनाउने प्रयास गरिरहेको छ ।

शिक्षक र कर्मचारी व्यवस्थापनमा गर्न ७ वटा छनौट परीक्षा सञ्चालन भएको छ । प्रधानाध्यापकको छनौट ७ वटा विद्यालयको सञ्चालन भएको छ । गाउँपालिकाका विद्यालयहरूमा विषयगत दरबन्दी, भौतिक संरचना र सिकाइ उपलब्धि जस्ता पक्षमा क्रमश सुधार हुदै आएको छ । सबै विद्यालयमा कक्षागत र विषयगत दरबन्दी पर्याप्त छैन तर अंग्रेजी गणित र विज्ञान विषयको अनुदानले राहात मिलेको छ । सबै माध्यमिक विद्यालयमा कम्तिमा ३ वटा सम्बन्धित तहको शिक्षक व्यवस्था गरिएको छ । विद्यार्थी भर्ना भएका छन् तर नियमित विद्यालय जाने सङ्ख्या कम छ । शिक्षकबाट सिकाइ क्रियाकलापमा विविधता ल्याउन र सिकाइ उपलब्धि बढाउन गरिने क्रियाकलापहरू प्रयास

पर्याप्त छैन । शिक्षक तालिम र व्यवस्थापनको विषय स्थानीय स्तरमा सबै भन्दा चुनौतीपूर्ण विषय बन्दै गएको छ । सुपरीवेक्षण, निरीक्षणमा स्थानीय तहको सक्षमता पर्याप्त छैन । साक्षरता निरन्तर शिक्षा सञ्चालन गर्न सकिएको छैन । अनिवार्य तथा निःशुल्क शिक्षा कार्यन्वयनका लागि नामनामेसी सङ्कलन गरी योजना बनाइएको छ ।

गाउँपालिकाको संस्थागत विद्यालयहरू सहरी क्षेत्रमा बढी रहेका छन् । सामुदायिक विद्यालय हरुले सबै क्षेत्रलाई समेटेका छन् । सामुदायिक विद्यालयको प्राथमिक तहमा कक्षा अनुसार, निम्नमाध्यमिक र माध्यमिक तहमा विषयगत रूपमा शिक्षकको व्यवस्था नहुनुले तोकिएको सिकाइ उपलब्धि सहित सबै विद्यार्थी कक्षा उत्तीर्ण गराउनु शैक्षिक व्यवस्थापनको प्रमुख चुनौती रहेको छ । माध्यमिक शिक्षा परीक्षा कक्षा १० उत्तीर्ण परीक्षा २०८० को नतिजा ४३ प्रतिशत, २०८१ नतिजा ४७ प्रतिशत र २०८२ को नतिजा ९० प्रतिशत पुगेको छ । यो सुधार हुदै गएको सङ्केत भएता पनि यसको दिगोपनाका लागि सबै पक्षले निरन्तर सुधारका काम गर्न आवश्यक रहेको छ।
संघीय सरकारबाट प्राप्त सशर्त अनुदान नै विद्यालय शिक्षाको क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्रोत बनेको छ।शिक्षा सम्बन्धी विद्यालय शिक्षा, साक्षरता र निरन्तर शिक्षा, शैक्षिक व्यवस्थापनका क्षेत्रमा सञ्चालित कार्यक्रमहरू नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र अभिभावकको लगानी भैरहेको देखिन्छ । गाउँपालिकाको विद्यालयहरूमा सञ्चालित कार्यक्रम र प्राप्त उपलब्धिहरू प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

**शैक्षिक संस्थाको सङ्ख्यात्मक विवरण**

| क्र.स. | शिक्षण संस्थाको तह र कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | (२५+१०) ३५ | २० | ५५ |
| ३ | कक्षा १-५ | ३ | १ | ४ |
| ४ | कक्षा १-८ | ३ | ३ | ६ |
| ५ | कक्षा १-१० | ५ | १० | १५ |
| ६ | कक्षा ११-१२ | ५ | ३ | ८ |
| ७ | धार्मिक तथा परम्परागत विद्यालय | २ | ० | 2 |
| ८ | प्राविधिक धार कार्यक्रम सञ्चालित विद्यालय (कम्प्युटर इन्जिनियरिङ कक्षा ९-१२) | १ | ० | १ |
| ९ | सामुदायिक क्याम्पस स्नातक तह सम्म (व्यवस्थापन) | १ | ० | १ |
| १० | सामुदायिक सिकाई केन्द्र | २ | | |

स्रोतः बुद्धशान्ति गाउँपालिकाको अभिलेख

### विद्यालय तहको विद्यार्थी सङ्ख्या २०८२

| क्र.सं. | कक्षा | सामुदायिक | | | सस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| १ | बाल विकास | ४५९ | ४८८ | ९४७ | ५२७ | ७०७ | १२३४ | ९८६ | ११९५ | २१८१ |
| २ | कक्षा १-५ | ९०३ | ८८१ | १७८४ | १७३४ | २०४१ | ३७७५ | २६३७ | २९२२ | ५५५९ |
| ३ | कक्षा ६-८ | ८७९ | ७४४ | १६२३ | ७८९ | १०३२ | १८२१ | १६६८ | १७७६ | ३४४४ |
| ४ | कक्षा ९-१० | ५९५ | ५४५ | ११४० | ३७३ | ४२१ | ७९४ | ९६८ | ९६६ | १९३४ |
| ५ | कक्षा ११-१२ | ३६३ | २८९ | ६५२ | ७५ | ७३ | १४८ | ४३८ | ३६२ | ८०० |
| जम्मा | | ३१९९ | २९४७ | ६१४६ | ३४९८ | ४२७४ | ७७७२ | ६६९७ | ७२२१ | १३९१८ |

स्रोतः IEMIS तथ्याङ्क सत्यापन प्रतिवेदन २०८२

### शैक्षिक सत्र २०८२ को सिकाइ  उपलब्धी

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सेरोफेरो | सामाजिक |
|---|---|---|---|---|---|---|
| ३ | ३.५१ | ३.६४ | ३.६१ | | ३.६४ | |
| ५ | २.५८ | २.९४ | २.७३ | २.५७ | | २.७५ |
| ८ | २.८५ | २.८६ | २.८८ | २.८७ | | २.८७ |
| १० | २.८९ | २.८७ | २.३८ | २.७२ | | २.८१ |

स्रोतः बुद्धशान्ति गाउँपालिकाको अभिलेख

### विद्यालय तहको विद्यार्थी सङ्ख्या २०८३

| क्र.सं. | कक्षा | सामुदायिक | | | सस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| १ | बाल विकास | ३५४ | ४१४ | ७६८ | ४३१ | ५८८ | १०१९ | ७८५ | १००२ | १७८७ |
| २ | कक्षा १-५ | ७७३ | ७९३ | १५६६ | १७२८ | २०२६ | ३७५४ | २५०१ | २८१९ | ५३२० |
| ३ | कक्षा ६-८ | ७८८ | ७२२ | १५१० | ८०८ | १०५८ | १८६६ | १५९६ | १७८० | ३३७६ |
| ४ | कक्षा ९-१० | ६२८ | ५३० | ११५८ | ४१२ | ४९० | ९०२ | १०४० | १०२० | २०६० |
| ५ | कक्षा ११-१२ | ५३ | ५७ | ११० | २२ | २९ | ५१ | ७५ | ८६ | १६१ |
| जम्मा | | २५९६ | २५१६ | ५११२ | ३४०१ | ४१९१ | ७५९२ | ५९९७ | ६७०७ | १२७०४ |

स्रोतः IEMIS तथ्याङ्क सत्यापन प्रतिवेदन २०८३

## सामुदायिक विद्यालयको तहगत र विषयगत दरबन्दी २०८२

| आधारभूत तह कक्षा १-५ | | | | आधारभूत तह कक्षा ६-८ | | | | | माध्यमिक तह कक्षा ९-१० | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विषय | स्वीकृत | राहत | जम्मा | विषय | स्वीकृत | राहत | अनुदान | जम्मा | स्वीकृत | राहत | अनुदान | जम्मा |
| सबै | ११४ | ८ | १२२ | नेपाली | ३ | ४ | ० | ७ | ४ | १ | ० | ५ |
| | | | | अंग्रेजी | ७ | ३ | ० | १० | ६ | १ | २ | ९ |
| | | | | गणित | ४ | ३ | ० | ७ | ५ | ० | २ | ७ |
| | | | | विज्ञान | ५ | २ | १ | ८ | ५ | १ | ३ | ९ |
| | | | | लेखा | ० | ० | ० | ० | १ | २ | ० | ३ |
| | | | | अर्थशास्त्र | ० | ० | ० | ० | २ | ० | ० | २ |
| | | | | सामाजिक | १ | ३ | ० | ४ | १ | ० | ० | १ |
| जम्मा | ११४ | ८ | १२२ | जम्मा | २० | १५ | १ | ३६ | २४ | ५ | ७ | ३६ |

स्रोतः बुद्धशान्ति गाउँपालिकाको अभिलेख

## विद्यालयको दरबन्दी विवरण

| क्र स | विद्यालयको नाम | सञ्चालित कक्षा | प्राथमिक तह | निमावि कक्षा ६–८ | | | | | मावि कक्षा ९–१० | | | | | | | मावि कक्षा ११–१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | अर्थशास्त्र | लेखा | |
| १ | बुद्ध आदर्श मावि | १२ सम्म | २० | १ | २ | १ | १ | | १ | २ | १ | २ | १ | | १ | २ |
| २ | आदर्श मावि | १२ सम्म | ११ | १ | १ | १ | १ | | १ | १ | १ | १ | | १ | १ | २ |
| ३ | शान्ति आदर्श मावि | १२ सम्म | ५ | | १ | १ | १ | १ | १ | १ | १ | १ | | | १ | २ |
| ४ | गडिगाउ मावि | १२ सम्म | ८ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | | १ | | २ |
| ५ | त्रिभूवन मावि | १२ सम्म | ९ | | २ | १ | | | | १ | १ | १ | | | | |
| ६ | गणेश मावि | १० सम्म | १० | १ | १ | १ | १ | | | १ | १ | १ | | | | |
| ७ | श्री मावि वर्ने | १० सम्म | १० | १ | १ | | | १ | १ | १ | | १ | | | | |
| ८ | राष्ट्रिय विजय मावि | १० सम्म | ९ | | | | १ | १ | | १ | १ | १ | | | | |
| ९ | नवकिरण मावि | १० सम्म | ६ | | १ | | | | | | | | | | | |
| १० | सरस्वती मावि | ९ सम्म | ९ | | | | १ | | | | | | | | | |
| ११ | नमुना अवि १ | ८ सम्म | ६ | १ | | | | | | | | | | | | |
| १२ | जनज्योति आवि | ८ सम्म | ५ | १ | | १ | १ | | | | | | | | | |

| क्र स | विद्यालयको नाम | सञ्चालित कक्षा | प्राथमिक तह | निमावि कक्षा ६–८ | | | | | मावि कक्षा ९–१० | | | | | | | मावि कक्षा ११–१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | अर्थशास्त्र | लेखा | |
| १३ | शिशुसुधार आवि | ८ सम्म | ४ | | | | | | | | | | | | | |
| १४ | नमुना आवि ४ | ५ सम्म | ४ | | | | | | | | | | | | | |
| १५ | आदर्श आवि | ५सम्म | ३ | | | | | | | | | | | | | |
| १६ | गौतमबुद्ध आवि | ५ सम्म | ३ | | | | | | | | | | | | | |
| जम्मा | | | १२२ | ७ | १० | ७ | ८ | ४ | ५ | ९ | ७ | ९ | १ | २ | ३ | ८ |

(अंग्रेजी, गणित र विज्ञान अनुदान कोटा ६-८ र ९-१० समेत गणना गरिएको)

स्रोतः बुद्धशान्ति गाउँपालिकाको अभिलेख

**शिक्षक तथा कर्मचारीको प्रकार र तह श्रेणी अनुसारको विवरण**

| तह प्रकार | प्रथम | द्वितीय | तृतीय | राहत | जम्मा |
|---|---|---|---|---|---|
| साविक उमावि | | ८ | | | ८ |
| वरिष्ठ प्रशिक्षक | | ८ | | | ८ |
| मावि | ० | ३ | २१ | ५ | २९ |
| प्रशिक्षक | | | २ | | २ |
| सघीय अनुदान | | | ७ | | ७ |
| गापा अनुदान | | | | २ | २ |
| निमावि | ० | ४ | १६ | १५ | ३५ |
| सहायक प्रशिक्षक | | | २ | | २ |
| सघीय अनुदान | | | १ | | १ |
| गापा अनुदान | | | | ६ | ६ |
| प्रावि | १ | ३८ | ७८ | ५ | १२२ |
| बाल विकास सहजकर्ता | | | | | ३४ |
| गापा बाल विकास सहजकर्ता | | | | | ८ |
| विद्यालय सहायक | | | | | ८ |
| विद्यालय सहयोगी | | | | | १६ |

| तह प्रकार | प्रथम | द्वितीय | तृतीय | राहत | जम्मा |
|---|---|---|---|---|---|
| जम्मा | १ | ६१ | १२७ | ३३ | २८४ |

**अंग्रेजी, गणित र विज्ञान (कक्षा ९-१०) अनुदान दरबन्दी**

| क्र.स. | विद्यालयको नाम | अंग्रेजी, गणित, विज्ञान अनुदान कोटा मा.शि. | जम्मा |
|---|---|---|---|
| १ | श्री त्रिभूवन मावि बुद्धशान्ति १ | १ | १ |
| २ | श्री गणेश मावि बुद्धशान्ति ४ | २ | २ |
| ३ | श्री माध्यमिक विद्यालय वर्ने बुद्धशान्ति ४ | २ | २ |
| ४ | श्री राष्ट्रिय विजय मावि बुद्धशान्ति ७ | २ | २ |
| जम्मा | | ७ | ७ |

**आधारभूत तह नि.मा.शि. (कक्षा ६-८) अनुदान दरबन्दी**

| क्र.स. | विद्यालयको नाम | अंग्रेजी,गणित, विज्ञान अनुदान कोटा नि.मा.शि. | जम्मा |
|---|---|---|---|
| १ | श्री सरस्वती मावि बुद्धशान्ति २ | १ | १ |
| जम्मा दरबन्दी | | १ | १ |

**एस. इ. इ.(कक्षा १०) नतिजा विवरण २०८२ (नियमित तर्फको)**

| क्र स | विद्यालयको नाम | जम्मा विद्यार्थी | ग्रेडे संख्या | NG संख्या | ग्रेडेड प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बुद्ध आदर्श मा.वि. | १६५ | ९० | ७५ | ५५ |
| २ | आदर्श मा.वि. | १०६ | ६३ | ४३ | ५९ |
| ३ | शान्ति आदर्श मा.वि. | १४ | ८ | ६ | ५७ |
| ४ | गडिगाउँ मा.वि. | ४२ | ३१ | ११ | ७४ |
| ५ | त्रिभुवन मा.वि. | ३७ | १४ | २३ | ३८ |
| ६ | गणेश मा.वि. | २२ | ३ | १९ | १४ |
| ७ | मावि बर्ने | २७ | ८ | १९ | ३० |
| ८ | राष्ट्रिय विजय मा.वि. | १२ | २ | १० | १७ |
| ९ | ज्योति मवि | २७ | १८ | ९ | ६७ |
| १० | कर्णाली एजुकेसन फाउण्ढेसन | ४४ | ३६ | ८ | ८२ |
| ११ | महानन्द शिक्षा सदन | २१ | १५ | ६ | ७१ |
| १२ | एरा एभर ग्रीन | ५५ | ५१ | ४ | ९३ |
| १३ | लिटल स्टार अंग्रेजी स्कुल | २२ | १८ | ४ | ८२ |

| क्र स | विद्यालयको नाम | जम्मा विद्यार्थी | ग्रेडे संख्या | NG संख्या | ग्रेडेड प्रतिशत |
|---|---|---|---|---|---|
| १४ | जयपुर अंग्रेजी स्कुल | २८ | २५ | ३ | ८९ |
| १५ | एम्बीसन एकाडेमी | १७ | १३ | ४ | ७६ |
| १६ | मुनामलन एकाडेमी | ४३ | २० | २३ | ४७ |
| १७ | ब्राइट फ्युचर स्कुल | १९ | ६ | १३ | ३२ |
| १८ | न्यु एभर ग्रीन  अग्रेजी स्कुल | ४९ | ११ | ३८ | २२ |
| १९ | शान्तिनिकेतन अंग्रेजी स्कुल | १७ | ७ | १० | ४१ |
| जम्मा | | ७६७ | ४३९ | ३२८ | ५७ |

**आन्तरिक सक्षमता सूचकाङ्क**

| **क्र.सं** | **सूचक** | **इकाई** | **आधार वर्ष २०८१** | **२०८३** | **२०८५** | **२०८७** |
|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | प्रतिशत | ९८.१ | ९४ | ९७ | ९९ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | प्रतिशत | ८६ | १०० | १०० | १०० |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | प्रतिशत | ९८ | ९८.७ | ९९.५ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | प्रतिशत | १०९ | १०७ | १०६ | १०५ |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | प्रतिशत | ९८ | ९८.५ | ९९ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | प्रतिशत | **११२** | **१०९** | **१०७** | **१०५** |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | प्रतिशत | ९८ | ९८.६ | ९९ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर* (%) | प्रतिशत | **११२** | **१०९** | **१०७** | **१०५** |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | प्रतिशत | **९६.६** | **९७** | **९८.५** | **१००** |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | प्रतिशत | **९३.४** | **९५** | **९७** | **९९.९** |

| क्र.सं | सूचक | | इकाई | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | प्रतिशत | **२६** | २१ | १५ | १० |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | प्रतिशत | **१.७** | **१.६** | **१.५** | **१.३** |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | प्रतिशत | **८५.६** | **९०.२** | **९८.६** | **१००** |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | | प्रतिशत | ११२.३ | १०९ | १०७ | १०५ |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | प्रतिशत | ८८.३ | ९१.४ | ९३.८ | ९५ |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | प्रतिशत | ९०.३ | ९२.३ | ९४ | ९५ |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | | प्रतिशत | **१.४** | **१.३** | **१.१५** | **१.०५** |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | प्रतिशत | ३.४१ | ३.४७ | ३.५ | ३.६ |
| | | गणित | प्रतिशत | ३.४२ | ३.४६ | ३.५ | ३.६ |
| | | अंग्रेजी | प्रतिशत | ३.४४ | ३.५ | ३.५७ | ३.६ |
| | | सेरोफेरो | प्रतिशत | ३.४४ | ३.५ | ३.५४ | ३.६ |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | प्रतिशत | २.५१ | २.६ | २.८ | ३.२ |
| | | गणित | प्रतिशत | २.५३ | २.८ | ३. | ३.२ |
| | | अङ्ग्रेजी | प्रतिशत | २.९८ | ३.१ | ३.२ | ३.३ |
| | | विज्ञान तथा वातावरण | प्रतिशत | २.३३ | २.५ | २.८ | ३.२ |
| | | सामाजिक | प्रतिशत | २.५ | २.७ | २.९ | ३.२ |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | प्रतिशत | २.९८ | ३.१ | ३.२ | ३.३ |
| | | गणित | प्रतिशत | २.६८ | २.८ | ३. | ३.२ |
| | | विज्ञान | प्रतिशत | २.८१ | २.९ | ३. | ३.२ |
| | | अंग्रेजी | प्रतिशत | २.९२ | ३. | ३.१ | ३.३ |
| | | सामाजिक | प्रतिशत | २.७९ | २.९ | ३. | ३.२ |
| २.१९ | विद्यालयबाहिर रहेका | आधारभूत (कक्षा १-५) | प्रतिशत | १.३ | ०.९ | ०.६ | ० |

| क्र.सं | सूचक | | इकाई | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| | बालबालिका* (%) | आधारभूत (कक्षा १-८) | प्रतिशत | १.८ | १. | ०.६ | ० |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | प्रतिशत | ४६.७ | ४७ | ४८.५ | ५० |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | प्रतिशत | ४९.७ | ५५ | ६४ | ७५ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | | प्रतिशत | **७७.४** | **८४** | **९०** | **९९** |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | प्रतिशत | १.०५ | १.०४ | १.०२ | १. |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | प्रतिशत | ९८.४ | ९९ | ९९.४ | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | प्रतिशत | ६७ | ७६ | ८७ | ९५ |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | प्रतिशत | २३ | २८ | ३८ | ४८ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | प्रतिशत | १२ | १८ | २६ | ३३ |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | विज्ञान | ३ | ५ | १० | १५ |
| | | | प्रा.व्या. | ४ | ८ | १५ | ३० |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | | नेपाली भाषा | २.७९ | २.९ | **३.१** | **३.२** |
| | | | गणित | २.२८ | २.४ | **२.८** | **३.२** |
| | | | विज्ञान | २.५२ | २.७ | **२.९** | **३.२** |
| | | | अङ्ग्रेजी | २.७७ | २.९ | **३.१** | **३.२** |
| | | | सामाजिक | २.७१ | २.८५ | **३.१** | **३.२** |
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (१पाँच वर्षभन्दा माथि) (%) | | प्रतिशत | ६२ | ७२ | ९१ | १०० |

| क्र.सं | सूचक | इकाई | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|
| ४.२ | साक्षरता दर (६ वर्षभन्दा माथि) (%) | प्रतिशत | ८४ | ८७ | ९४ | १०० |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | प्रतिशत | ९३ | ९५ | ९७ | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१पाँच वर्षभन्दा माथि) | प्रतिशत | ०.९१ | ०.९३ | ०.९६ | १. |
| **५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय | प्रतिशत | २४ | ३६ | ५० | ७५ |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | १७:०१ | १९:०१ | २५:०१:०० | ३०:०१:०० |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | २९:०१:०० | २९:०१:०० | ३०:०१:०० | ३०:०१:०० |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | २२:०१ | २३:०१ | २७:०१:०० | ३०:०१:०० |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | ५१:०१:०० | ४९:०१:०० | ४५:०१:०० | ३०:०१:०० |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | अनुपात | ५२:०१:०० | ५०:०१:०० | ४५:०१:०० | ३०:०१:०० |
| **७. शिक्षामा लगानी** | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | प्रतिशत | १६ | १७ | १८ | २० |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | प्रतिशत | १९ | २२ | २४ | २६ |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | प्रतिशत | १३ | १५ | १७ | २० |

## गाउँपालिकामा सञ्चालित शैक्षिक कार्यक्रमहरू

नेपालको संविधान, विद्यालय शिक्षा क्षेत्र योजना, गाउँपालिकाको स्थानीय शिक्षा योजना र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानूनी व्यवस्थाहरूको कार्यान्वयन गर्न तय गरिएका उद्देश्य र रणनीति कार्यान्वयमा ल्याउन

बुद्धशान्ति गाउँपालिकामा पहुँच, समता र शैक्षिक गुणस्तर सुधारका लागि आर्थिक वर्ष ०८२/०८३ मा सञ्चालन भएका कार्यक्रमहरू क्षेत्रगत रूपमा निम्न अनुसार रहेका छन् :

१. प्रारम्भिक बालविकास तथा शिक्षा
   - क) प्रारम्भिक बाल विकास सहजकर्ता व्यवस्थापन,
   - ख) बालविकास केन्द्रको सहजकर्ताक्षमता विकास,
   - ग) बालविकास केन्द्रमा खेलकुद सामग्री व्यवस्थापन
   - घ) बाल विकास केन्द्र स्तरोन्ति

२. आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापन
   - क) अंग्रेजी, गणित र विज्ञान शिक्षक व्यवस्थापन अनुदान
   - ख) विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन,
   - ग) कक्षा १ देखि १२ सम्म नि:शुल्क पाठ्यपुस्तक व्यवस्थापन,
   - घ) प्राविधिक धारको विद्यालयमा ल्याबसुधार,
   - ङ) प्राविधिक शिक्षा छात्रवृत्ति,
   - च) स्मार्टवोर्ड व्यवस्थापन,
   - छ) उत्कृष्ट विद्यार्थी पुरस्कार,
   - ज) आइसिटि र कस्टमाइज शिक्षक तालिम
   - झ) विद्यालयमा कम्प्यूटर व्यवस्थापन र मर्मत
   - ञ) फर्निचर व्यवस्थापन,
   - ट) माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) तयारी कोचिङ कक्षा सञ्चालन

३. अनुगमन तथा सुपरीवेक्षण
   - क) विज्ञ विषय शिक्षकहरूको समूह गठन तालिम र परिचालन
   - ख) आधारभूत र माध्यमिक विद्यालय अनुगमन तथा सुपरीवेक्षण,
   - ग) सूचना प्रविधिको प्रयोगका लागि भौतिक उपस्थिति र भर्चुअल माध्यमबाट सहायता,
   - घ) अनुगमन प्रतिवेदन र कार्यान्वयन,
   - ङ) संस्थागत विद्यालयको वर्गिकरण र शुल्क निर्धारण,
   - च) AI Tools कोप्रयोग,
   - छ) विद्यालयको कार्यसम्पादन मूल्याङ्कन

४. समता सूचक सुधार कार्यक्रम
   - क) नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन,
   - ख) हाम्री आमा राम्री आमा अभिभावक शिक्षा कार्यक्रम,
   - ग) दिवा खाजा कार्यक्रम,
   - घ) बालमैत्री विद्यालयमा विभेद तथा दुर्व्यवहार न्यूनीकरण शिक्षक तालिम
   - ङ) अभिभावक विहीन बालबालिकालाई नि:शुल्क विद्यालय शिक्षा कार्यक्रम,
   - च) भर्ना अभियान कार्यक्रम

५. सुशासन तथा संस्थागत क्षमता विकास

क) स्थानीय शिक्षा योजना २०८१/०८२– २०९०/०९१ को लेखाजोखा र आध्यावधिक
ख) विद्यालयहरूको सामाजिक परीक्षण र लेखापरीक्षण
ग) कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १-४ सम्मको पाठ्यपुस्तक नार्माण गरी लागु गरिएको
घ) IEMIS क्षमता विकास तालिम
ङ) स्थानीय शिक्षा योजना अभिमुखीकरण र कार्यान्वयन अभिभावक शिक्षा कार्यक्रम
च) विपद व्यवस्थापन सहित विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन
छ) प्रधानाध्यापक व्यवस्थापन
ज) कक्षा ४ देखि १० सम्मको अन्तिम परीक्षा व्यवस्थापन
झ) शिक्षा नीति, मापदण्ड, कार्यविधि तयारी र कार्यान्वयन

६. अनिवार्य आधारभूत शिक्षा सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम
क) परम्परागत र गुरूकुल विद्यालयलाई अनुदान
ख) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्ययोजना कार्यान्वयन कार्यक्रम

७. विद्यालयको भौतिक पूर्वाधार निर्माण
क) निर्मित गुरूयोजनाका आधारमा ४ कोठे भवन निर्माण
ख) अधुरो भवन निर्माण सम्मपन्न
ग) विद्यालय मर्मत सम्भार
घ) विद्यालय रङ्गरोगन
ङ) विद्यालय घेरावार र मर्मत

८. अतिरिक्त तथा सह शैक्षिक कार्यक्रम
क) राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता
ख) विद्यालयस्तरीय एकल नृत्य तथा गायन प्रतियोगिता
ग) विद्यालयस्तरीय हाजिरिजवाफ,निबन्ध,बादविवाद,चित्रकला,हस्तलेखन प्रतियोगिता
घ) असल अभ्यास आदनप्रदान
ङ) स्काउट गतिविधि

**कार्यक्रम कार्यान्वयन पक्रिया**

आर्थिक वर्ष २०८२/०८३ मा बुद्धशान्ति गाउँपालिकाका लागि शिक्षा क्षेत्रमा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान आधारभूत तह, माध्यमिक तह, विद्यालय शिक्षा क्षेत्र योजना (SESP 2022/23-2031/32) अन्तर्गतका कार्यक्रम, र गाउँ शिक्षा योजना कार्यान्वयनको लागि आन्तरिक स्रोतबाट विनियोजित रकम र स्वीकृत कार्यक्रमहरू निम्न प्रक्रिया अनुसार कार्यान्वयन गर्ने अभ्यास रहेको छ।

गाउँ शिक्षा योजना कार्यान्वयन गर्न सबै तहका सरकार र अभिभावक समेतबाट प्राप्त आवश्यक पर्ने स्रोतलाई उपयोग गरिएको छ। कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार,गाउँपालिका, विद्यालय र बालविकास केन्द्र सम्मको महत्वपूर्ण भूमिका रहेको छ। बजेट र कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन गाउँपालिकाले नेपाल सरकारको

स्वीकृत मापदण्डको अतिरिक्त मार्गदर्शन र मापदण्डहरू तयार गरेको छ। शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग निरन्तर समन्वय गर्ने गरिएको छ। शिक्षक व्यवस्थापनमा केन्द्र सरकारको निकायहरूसँग निरन्तर समन्वयमा कार्यसम्पादन गर्ने गरिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको कार्यक्रम कार्यन्वयन निर्देशिकाको मापदण्डहरू पालना गरिएको छ। साथै सभा र कार्यपालिकाबाट स्वीकृत नीति र निर्णय कार्यान्वयन गर्नु शिक्षा शाखाको जिम्मेवारी भएकोले सोही अनुसार गर्ने गरिएको छ । छिमेकी तथा अन्य जुनसुकै स्थानीय सरकार वा विद्यालयले गरेको असल अभ्यासको विषयमा छलफल गरी स्थानीयकरण गर्ने गरिएको छ।

सबै सामुदायिक विद्यालयहरूले विद्यालय सुधार योजना र वार्षिक कार्यतालिका निर्माण र कार्यान्वयन गरेका छन्। IEMIS सञ्चालनमा गाउँपालिकाले आवश्यक प्राविधिक सहयोग उपलव्ध गराई सबै शैक्षिक संस्थाहरूबाट समयमै शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कहरू अध्यावधिक कार्य सम्पन्न भएको छ। तथ्याङ्क शुद्धताकालागि सत्यापन गरी प्रकाशन गरिएको छ। स्थानीय मापदण्ड, कार्यविधि निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गराईएको छ। विद्यालयले गर्ने खर्चमा विद्यालय व्यवस्थापन समितिको निर्णय अनिवार्य गरिएको छ। वि.सु.यो. निर्माण र कार्यान्वयन लाई जोड दिएको छ। मापदण्ड अनुसार नै सामाजिक परीक्षण र लेखा परीक्षण विद्यालयमा अनिवार्य गरिएको छ।

आर्थिक कार्यविधि, मापदण्ड र प्राप्त निर्देशनहरू पालना गर्ने गरिएको छ। संघीय सरकारबाट LMBIS मार्फत प्राप्त सबै कार्यक्रम र बजेट शीर्षकगत रूपमा अनलाइन प्रविष्टि गरी सूत्रबद्ध गरिएको छ। सबै तहका सरकरहरूबाट प्राप्त वार्षिक कार्यक्रम तथा बजेट तोकिएको मापदण्ड अनुसार कार्यपालिकाबाट निर्णय गरी पारदर्शी रूपमा खर्च गर्ने गरिएको छ। कार्यक्रम सञ्चालनको लागि शिक्षा तथा सामाजिक विकास शाखाले तयार गरेको तथ्याङ्कको आधारमा आर्थिक प्रशासन शाखा र प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी तोकिएको कार्यमा अनुदान निकासा वा कार्यक्रम सञ्चालन गरिन्छ। विद्यालय एवम् कार्यक्रमको अनुगमन समिति र शिक्षा शाखाको कर्मचारी र सम्बन्धित विज्ञ शिक्षकको समूहबाट अनुगमन गरिन्छ।खर्चको आन्तरिक नियन्त्रण प्रणाली र Sub-National Treasury Regulatory Application (SUTRA) बाट नियमित आयव्ययको व्यवस्था गरी प्रतिवेदन गर्ने र लेखापरीक्षण गराउने व्यवस्था गरिएको छ।

विद्यालयमा तोकिएका इकाइ लागतको आधारमा निकासा गरिएको अनुदान खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने, सामाजिक परीक्षण गराउने व्यवस्था गरिएको छ। विद्यालयहरूमा जाने अनुदान निकासाहरूलाई विद्यालयको कोषमा आम्दानी बाँधी सशर्त तथा अन्य अनुदानलाई शीर्षक अनुसार खर्च गर्न विद्यालय व्यवस्थापन समितिको निर्णय गर्न सुझाव दएर अनुगमन गर्ने गरिएको छ। अनुदान खर्च गर्न र अनुदान निकासा गर्दा प्रचलित आर्थिक ऐन, नियम, कार्यक्रम कार्यान्वयन पुस्तिका तथा समय समयमा प्राप्त निर्देशनलाई समेत आधार मान्ने गरिएको छ।कार्य प्रगति, अनुगमन र कार्यक्रमको प्रतिवेदन त्रैमासिक र वार्षिक रूपमा तयार गरी सम्प्रेषण गर्ने गरिएको छ। यसले विद्यालयदेखि पालिका र सङ्घबीचको समन्वय र सहकार्यलाई सबल बनाउन सहयोग गरेको छ।

यस आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन भएको शिक्षा सम्बन्धि कार्यक्रमको वित्तीय र भौतिक प्रगति लक्ष्य अनुसार रहेको छ । विद्यालयमा पठनपाठन भएका दिन र क्रियाकलापमा सुधार भएको छ । पाठ्यक्रम कार्यान्वयनमा सुधार भई मूल्याङ्कनका मापदण्ड समेत प्रभावकारी भएको छ । प्रस्तावित ६ वटा माध्यमिक विद्यालयमा दरवन्दी अभाव भएको गणित, विज्ञान र अंग्रेजी शिक्षक पदपूर्ति गर्न कठिनाइ भएकोछ।यससँगै स्वीकृत४ वटा माध्यमिक विद्यालयमा कम्तिमा ३ जना तहगत शिक्षकको व्यवस्था भएको छ।माध्यमिक शिक्षा परीक्षा लक्षित सामुदायिक विद्यालयमा कोचिङ कक्षा सञ्चालन प्रभावकारी भएको छ । विद्यार्थीको नतिजा सुधार भएको छ । विद्यार्थी सिकाइ उपलव्धीमा उल्लेख्यसुधार आउन नसकेकोले Outcome Level मा थप सुधार गर्नु पर्ने देखिएको छ।विद्यालयमा सिक्ने वातावरण बनाउन सिकाइ सामग्री, कक्षाकोठा र शिक्षकको क्षमता सुधार गर्नु पर्दछ।भएका संरचनाको अधिकतम उपयोग गरेर सुधार गर्न आवश्यक रहेको छ । विद्यालयको संस्थागत क्षमता, समतामूलक सहभागिता, संस्थागत सुशासन, समतामूलक सिकाइ उपलव्धि र प्रधानाध्यापक र शिक्षक व्यवस्थापनमा हुने द्विविधाहरू समयमै निराकरण गरी स्तरीय मापदण्को पालना सबै पक्षबाट हुनु पर्दछ ।

## शिक्षाका कार्यक्रमहरूको क्षेत्रगत र अवयवगत (Component wise) स्थिति विश्लेषण

### प्रारम्भिक बालविकास तथा शिक्षा

#### परिचय

विद्यालय शिक्षा सुरू गर्नुपूर्व १ वर्षको पूर्व प्राथमिक शिक्षाको अवसर दिने र विद्यालयको तयारी गर्ने शिक्षा नियमावलीमा व्यवस्था रहेको छ । यसैलाई आधारमानि तत्कालिन स्थानीय निकायले वालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिने र जिल्ला शिक्षा कार्यालयले अनुदानको लागि छनौट गर्ने व्यवस्था अनुसार देशैभर बालविकास केन्द्रहरू अनुदान सहित सञ्चालन भएका थिए।तर सबै अनुमति प्राप्त गरेका बालविकास केन्द्रलाई अनुदान दिन नसकिएको कारण सबै सञ्चालनमा रहेनन् र अनुमतिको अभिलेख पनि रहेन।बालविकास केन्द्रको उमेर समूह विभिन्न दस्तावेजमा फरक फरक छ । विद्यालय जाने तयारीको रूपमा सञ्चालित भएको भएतापनि विद्यालयमा ४ वर्ष सम्मको पूर्व प्राथमिक शिक्षा सञ्चालन गर्दा खुद भर्ना दर प्रभावित हुन्छ।विद्यार्थीको उमेर अनुसार पढाइ गर्ने समय र अभिभावको लगानी बढ्छ।यसैले गाउँ शिक्षा समितिले बुद्धशान्तिमा बढीमा २ वर्षको बालविकास तथा शिक्षा सञ्चालन गर्न पाउने व्यवस्था गरेको छ । सबै विद्यालयमा बालविकास तथा शिक्षा र समुदायमा समेत सञ्चालित छन्। मापदण्ड र बालबालिकाको आवश्यकता अनुसार सञ्चालन गर्न पालिकामामा सुधार गर्नुपर्ने पक्ष धेरै छन् ।

#### चुनौती

१. बालविकास केन्द्रमा समतामूलक पहुँच सुनिश्चित गर्ने,
२. प्रतिश्पर्धी सहजकर्ता नियुक्ति गर्ने र टिकाउने,
३. सहजकर्ताको लागि आकर्षक पारिश्रमिकको व्यवस्था गरी उत्प्रेरित गर्ने,
४. उमेर अनुसारसबै बालबालिकालाई बालविकास केन्द्र भर्ना गराउने,
५. बालमैत्री भवन, कक्षाकोठा, खानेपानी तथा शौचालयको व्यवस्था गर्ने,
६. स का को योग्यता,
७. स्तरीय दिवाखाजा व्यवस्थापन,

८. बालकक्षामा आवश्यक पर्ने बत्ती, पङ्खा वा वातावरण अनुकुलनको व्यवस्था गर्ने,
९. बालविकास केन्द्रको पुनर्वितरण गर्ने,

**गाउँपालिकाबाट भएका प्रयास**

१. सहजकर्ताको थप पारिश्रमिकदिन बजेटको व्यवस्था गरिएको,
२. गाउँपालिका बाट केही विद्यालयमा बाल विकास स्वयंसेवक व्यवस्थापन
३. बालविकासमा अध्ययनरत बालबालिकाका लागि गाउँपालिकाले दिवा खाजा र प्रति विद्यार्थी
४. संघिय सरकारको रकममा रु १०का दरले थप अनुदानको व्यवस्था भएको छ,
५. बालमैत्री कक्षाका लागि कक्षा कोठा सुधार तथा खेल सामग्री वितरण गरिएको,
६. प्रत्येक बर्ष बाल कक्षा स्तरोन्नति गर्न स्मार्ट ४ वटा बालकक्षा व्यवस्थापन
७. कक्षा १ पूर्व बढिमा दुइ वर्षमात्र बालविकास कक्षामा सञ्चालन गर्न पाउने व्यवस्थाको कार्यान्वयन

**उपलब्धि**

बुद्धशान्ति गाउँपालिका भित्रका सामुदायिका विद्यालयमा अधिकांश विद्यालयमा पहाडी भाग इलामबाट पैदल दुरी अधिकतम १ देखि २ घण्टासम्म हिडेर विद्यालय आउने गर्दछन् । इलामबाट आउने विद्यार्थीहरु लोपोन्मुख जाती लेप्चा जातीका बालबालिका विद्यालयमा अध्ययन गर्न आउँछन् । स-साना बालबालिकालाई विद्यालय पुग्न धेरै कठिन रहेको कारणले गर्दा समुदायमाबालविकासमा राखिएको छ ।नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालय र समुदायमा रहेका जम्मा ३४ वटा र निजी स्रोतबाट सञ्चालित २ वटा सामुदायिक बालविकास केन्द्र छन्। शैक्षिक शत्र २०८२ मा बालविकास तथा पूर्व प्राथमिक शिक्षामा सामुदायिक बालविकास केन्द्रमा९४७ र संस्थागत तर्फ १२३४ जना बालबालिका भर्ना भएका थिए । सामुदायिक बालबिकास केन्द्रका बालबालिकालाई दिवा खाजा र सहजकर्ता शिक्षकको तलब भत्ताको व्यवस्था गरिएको छ । बालविकास केन्द्रको सहजकर्ता करार व्यवस्थापन गर्न पाठ्यक्रम र मापदण्ड स्विकृत गरी कार्यान्वयन गरिएको छ ।

१. ९८ प्रतिशत भन्दा बढी बालबालिकाहरू विद्यालय जानु पूर्व बालविकास केन्द्र जाने अवसर पाउने गरेका छन् ।
२. अभिभावकको बालबालिका रेखदेख गर्ने समय बचत भई उत्पादनका काममा लगाउन सहज भएको छ ।
३. बानी व्यवहारसँगै सामान्य पढाइ लेखाइका अभ्यास गर्दा कक्षा १ मा सिकाइ उपलव्धी राम्रो भएको छ ।
४. प्राथमिक कक्षाको गुणस्तर सुधार गर्न सहयोग पुगेको छ ।
५. विकट वस्तीमा पनि स्थानीय स्तरमै प्रारम्भिक बालविकासको अभ्यास गर्न अवसर मिलेको छ ।
६. वडा सामुदायिक वन र अभिभावकबाट केन्द्रमा लगानी बढ्दा केन्द्रहरू सञ्चालनमा सहज भएको छ ।

**सुधार गर्नुपर्ने पक्ष**

वर्तमानको उपलब्धिलाई दिगो बनाउनका लागि बालविकास केन्द्रमा लगानी बढाइ संरचना सुधार गर्नुपर्दछ । केन्द्रको पुनः वितरण गरी गुणस्तर सुधार गर्न अभिभावक सहायता समेतबाट पर्याप्त पूर्वाधार र सामग्री व्यवस्था गर्नुपर्दछ । सहजकर्ता नियुक्तिमा प्रतिश्पर्धा बढाउने र क्षमता विकास गर्न तालिम र सहयोगिको व्यवस्था गर्नुपर्दछ।बालविकास केन्द्र सञ्चालनको मापदण्डअनुसार सञ्चालन गर्नुपर्दछ ।

## आधारभूत र माध्यमिक शिक्षा

### परिचय

शिक्षा ऐन र प्रचलित कानुनहरूमा कक्षा १ देखि ८ सम्म आधारभूत र कक्षा ९ देखि १२ सम्मको शिक्षा माध्यमिक शिक्षाको संरचनामा पर्दछ।विद्यालय सञ्चालन गर्न अनुमति लिनु पर्ने र संस्थागत र सामुदायिक दुबै प्रकारका विद्यालयहरू सञ्चालन हुने व्यवस्था छ। हाल विद्यार्थी सङ्ख्या र विद्यालयको अवस्था अनुसार कक्षा १-५, १-८, १-१० र १-१२ का विद्यालय सञ्चालनमा रहेको छ । आधारभूत शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक शिक्षा निःशुल्क गर्नुपर्ने व्यवस्था रहेको छ। बुद्धशान्तिको सबै वडामा कक्षा १० सम्मको विद्यालयहरू स्थापना गरी शिक्षकको समेत व्यवस्था गरिएको छ । आधारभूत तह कक्षा ८ र अन्य कक्षाको वार्षिक परीक्षा गाउँपालिकाले लिने गरेको छ भने माध्यमिक शिक्षकाको कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा वोर्डले लिने गरेको छ। विद्यालय तहको शिक्षाको उपलब्धिको मापन सूचकको रूपमा SEE परीक्षाको नतिजालाई दिने गरिएको छ। माध्यमिक शिक्षा उत्तीर्ण गरेका जनशक्तिलाई सरकारी रोजगारीमा सहायक चौथो तहको नियुक्तिमा योग्यता पुगेको मानिन्छ।संविधानले मौलिक हकको रूपमा रहेको शिक्षाको हकमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको व्यवस्था गरेको छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने र उच्च शिक्षाको लागि पूर्वाधार तयार गर्ने।मध्यम स्तरको जनशक्ति तयार गर्ने उद्देश्य रहेको छ।संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा माध्यमिक तह सम्मको शिक्षा स्थानीय सरकारको अधिकारमा पर्दछ। यसको व्यवस्थापनमा हाल नेपाल सरकार र स्थानीय सरकारले सञ्चालन र व्यवस्थापन गरिरहेको छ।

### चुनौती

१. माध्यमिक तह सम्मको शिक्षामा पहुँच सुनिश्चित गर्ने,
२. विद्यलयको कक्षाकोठा र भौतिक संरचना समयानुकुल विकास गर्ने,
३. एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्ने,
४. सामुदायिक विद्यालयलाई विद्यार्थीको रोजाइको विद्यालय बनाउने,
५. विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्था गर्ने,
६. शिक्षक उत्प्रेरणा र आकर्षण बढाउने व्यवस्था गर्ने,
७. दक्ष शिक्षकको व्यवस्थाका लागि प्रतिशपर्धा बढाउने, शिक्षक टिकाउने,
८. शिक्षकको पेशागत विकास तालिम सञ्चालन गरी दक्ष शिक्षक व्यवस्था गर्ने,
९. शिक्षण सिकाइ सहजीकरण क्रियाकलापमा विविधता ल्याउन शिक्षक उत्प्रेरित गराउने,
१०. शिक्षणमा सूचना प्रविधि प्रयोग गर्न पर्याप्त पूर्वाधार विकास गर्ने,
११. विद्यालय स्वास्थ्य तथा पोषणको सुधार तथा जङ्कफुड नियन्त्रणमा सबैको सहभागिता गराउने,
१२. विद्यालय खानेपानी र सरसफाइको स्तरीय व्यवस्था गर्ने,
१३. पाठ्यक्रम अनुसार सिकाइ र मूल्याङ्कन गर्ने सक्षमता विकास गर्ने,
१४. सिकाइ उपलव्धीप्रति शिक्षक र विद्यालयको जवाफदेहिता स्थापित गर्ने,
१५. सबै तहमा शैक्षिक सुशासन कायम गर्ने,

१६. सबै विद्यार्थीलाई स्थानीय पाठ्यपुस्तक वितरण गर्ने,
१७. Book Corner, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT, पाठ्यपुस्तक र सन्दर्भ सामग्री विद्यालयगत रूपमा व्यवस्था गरी सही प्रयोग गर्ने,
१८. दुबै तहमा प्रप्त उपलब्धिको दिगोपना र निरन्तरता दिने।

**गाउँपालिकाबाट भएका प्रयास**

१. समयमा भर्ना अभियान सञ्चालन, वार्षिक कार्यक्रम तयारी, पाठ्यपुस्तक व्यवस्थापन,
२. सबै विद्यालयमा न्यूनतम १ सेट कम्प्यूटर प्रिन्टर र इन्टरनेटको व्यवस्था छ,
३. IEMIS सुधारका लागि तालिम र नरन्तर अनलाईन र भौतिक उपस्थितिमा प्राविधिक सहयोग
४. अंग्रेजी गणित र विज्ञान अनुदानमा शिक्षक व्यवस्थापन
५. सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन
६. विज्ञान शिक्षक तालिम र असल अभ्यास आदन प्रदानमा सहभागि गराई बाह्या अनुभव लिने अवसर
७. माध्यमिक विद्यालयमा न्यूनतम स्मार्टवोर्ड व्यवस्थापन
८. ४ कोठे भवन निर्माण १ वटा विद्यालयमा सम्पन्न
९. एउटा विद्यालयमा शौचालय निर्माण सम्मपन्न
१०. विद्यालय भवन मर्मत, रङरोगन र सुधार
११. जिर्ण भवनको छानो मर्मत तथा फेरी सहज बनाइ उपयोग
१२. एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज तालिम सञ्चालन
१३. निरन्तर र आन्तरिक मूल्याङ्कन प्रणालीको सहायता सम्बन्धी तालिम र क्षमता विकास,
१४. दिवा खाजा व्यवस्थापन गर्न अभिभावक आमा समूह गठन परिचालन र अभिमुखीकरण
१५. दिवा खाजाको माध्यमबाट स्थानीय उत्पादनको प्रवर्धन तथा विद्यालय स्वास्थ्य क्षेत्र सुधार,
१६. कक्षागत शिक्षक अभाव भएको स्थानमा स्वयंसेवक शिक्षकको व्यवस्था गरि शिक्षण,
१७. अनुगमन, निरीक्षण र सुपरीवेक्षण कार्यका लागि विज्ञ शिक्षक समूह समेत परिचालन गरि शिक्षक सहायता गरिएको,
१८. नेपाल सरकारबाट सामुदायिक विद्यालय श्री गडिगाउँ मा वि मा ९३,००,०००/-को फर्निचर व्यवस्थापन ,
१९. नेपाल सरकारबाट आधारभूत तह कक्षा ४-५ मा विद्यार्थी मूल्याङ्कन मार्गदर्शन २०८३ समयमा अभिमुखीकरण र सामग्री व्यवस्थापन
२०. कक्षा ६-८ को विषय शिक्षकलाई मूल्याङ्कन र ग्रीड सम्बन्धी तालिम
२१. संस्थागत क्षमता विकासका लागि विद्यालय सुधार योजना र तथ्याङ्क व्यवस्थापन IEMIS सम्बन्धी निरन्तर प्राविधिक सहयोग,
२२. शीर्षकगत रूपमा तोकिएको काम गर्ने संझौता अनुसार गुणात्मक काम गर्न सबै चरणमा अनुगमन व्यवस्था गरिएको,
२३. शिक्षक कर्मचारी नियुक्तिमा स्वच्छ र योग्यता प्रणालीबाट नियुक्ति हुने व्यवस्था कार्यान्वयन,
२४. शिक्षक कर्मचारीको तलव भत्ता समयमा व्यवस्थापन,
२५. निःशुल्क स्यानिटरीप्याडको गुणस्तर सुनिश्चित गरी व्यवस्थापन,

२६. विद्यालयको सामाजिक परीक्षणलाई अनिवार्य र बाध्यकारी पारिएको,
२७. बढी निकासा, दोहोरो निकासालाई न्यूनीकरण गर्न अध्यावधिक व्यवस्थापन,
२८. तहगत रूपमा विषयगत विज्ञ शिक्षक समूह गठन तथा सूचीकृत गरि स्थानीय स्तरमा कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता प्रदान गर्ने व्यवस्था गरिएको छ,
२९. स्थानीय शैक्षिक नीति, नियम, मापदण्डर कार्यविधिहरू निर्माण र कार्यान्वयन,
३०. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा सुधार गर्न प्रधानाध्यापकहरूसँग संयुक्त योजना तर्जुमा र निरन्तर
३१. अभिभावक विहिन बालबालिकालाई कक्षा १२ सम्म अध्ययन गर्न छात्रवृत्ति प्रदान,
३२. उच्च जिपिए ल्याउने विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन
३३. राम्रो कार्यसम्पादन भएको विद्यालयलाई पुरस्कारको व्यवस्था
३४. प्रधानाध्यापक सक्षम र दक्ष बनाउन खुला प्रतिशपर्धाबाट छनौट गरी कार्यसम्पादन संझौता गरी नियुक्तिको व्यवस्था गरिएको,
३५. स्थानीय सहभागितामा गत वर्ष स्वीकृत गाउँ शिक्षा योजना कार्यान्वयनको चरणमा लेखाजोखा गरी आवश्यक परिमार्जन सहित पुनः निर्माण भएको छ।

**उपलव्धि**

बुद्धशान्ति गाउँपालिकामा सामुदायिक १६ वटा संस्थागत १८ वटा र २ वटा धार्मिक गरी ३६ वटा विद्यालयहरू रहेका छन्।संघीयता कार्यान्वयन पूर्व वितरण गरिएको शिक्षक दरबन्दी र पछि प्राप्त अनुदान दरबन्दीबाट नै विद्यालयको पठनपाठन सञ्चालन भैरहेको छ। आधारभूत तह कक्षा १ देखि ५ सम्म सञ्चालन भएका विद्यालय ३वटा सामुदायिक र १ संस्थागत रहेका छन्। आधारभूत तहमात्र सञ्चालनमा रहेका विद्यालयहरूको पुरानो जिर्ण भवनहरू सुधार गर्न सकिएको छैन। न्यून विद्यार्थीका कारण दरबन्दी कटौती भएका स्थानमा कक्षा घटाउन न्यायोचित हुन नसक्ने अवस्था छ तर कक्षागत शिक्षक व्यवस्था गर्न कठिनाई भएको छायसको अभावमा एकीकृत पाठ्यक्रम कार्यान्वयनमा समस्या भएको छ। भौगोलिक कठिनाइ र विद्यार्थी सङ्ख्याका कारण यस्ता विद्यालय सञ्चालन गर्न बढी लागत पर्ने देखिएको छ। उच्च लागत व्यवस्थापन गर्न नसक्दा गुणस्तरमा समस्या रहेकोले सामुदायिक विद्यालयको गुणस्तरमा नकारात्मक असर परिरहेको छ।पालिकाको भौगोलिक अवस्थाले गर्दा छरिएर रहेको बस्तीका बालबालिकालाई आधारभूत तहको शिक्षाको व्यवस्था गर्न वडाको स्वयंसेवक शिक्षकको व्यवस्थापनले सहयोग गरेको छायस तहमा सिकाइ उपलव्धी बढाउने र गुणस्तरीय सिकाइ नै प्रमुख चुनौती रहेको छ भने न्यून विद्यार्थीका कारण कक्षागत शिक्षक नहुनु समस्या रहेको छ। गाउँपालिकाले सञ्चालन गरेको क्रियाकलापहरूः

उल्लिखित कार्यक्रमको बावजुद पनि प्राथमिक तह र कक्षामा सिकाइ सुधार गर्ने चुनौती रहेकोले थप लगानी र क्रियाकलापको आवश्यकता रहेको छ। आगामी वर्षहरूमा शिक्षकको क्षमता विकास, विद्यालय सुधार, अभिभावक शिक्षा, बालबालिकाको सिकाइ उपचारात्मक सिकाइ विशेष कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

अंग्रेजी माध्यमको शिक्षा प्रतिको आकर्षणले गर्दा बजारको विद्यालयमा विद्यार्थी लैजानाले विद्यार्थी सङ्ख्या बढ्न सकेको छैन। माथिल्लो तह सञ्चालित विद्यालयमा पनि प्राथमिक तहमा सिकाइ क्रियाकलाप र शैक्षिक पूर्वाधार कमजोर रहेको छ।बजार क्षेत्रका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमका कक्षाहरू सञ्चालन भएकोले सुधार उन्मुख रहेको छ। विद्यालयहरूबाट सुरू भएको यस प्रकारको नवप्रवर्धनात्मक कार्यको गुणात्मकता र

दिगोपनाको आवश्यकता छ।आधारभूत तह कक्षा ६-८ सञ्चालन भएको विद्यालयमा निम्न माध्यमिक तहको १/१ दरबन्दी मात्र छ।यसले गणित अङ्ग्रेजी विज्ञान विषय पठनपाठनमा समस्या रहेको छ।

माध्यमिक विद्यालयहरूमा विषयगत दरबन्दी अभाव रहेको छ। विद्यार्थी सङ्ख्याको आधारमा दरवन्दी मिलान गर्दा प्राथमिक तहमा कक्षा अनुसार दरबन्दी आभाव रहेको छ । दुर्गम क्षेत्रको भौगोलिक विकटताको कारण विद्यालय सञ्चालन गर्नुपर्ने वाध्यताले गर्दा विद्यार्थी सङ्ख्या कम भएको स्थानमा पनि विद्यालय सञ्चालनमा छन्। सहरतिर हुने बसाईसराई र अंग्रेजी माध्यमप्रति अभिभावकको मोहको कारण सामुदायिक विद्यालयको सबै तहमा विद्यार्थी संख्या न्यून हुदै गएको र प्रति शिक्षक तथा प्रति कक्षा विद्यार्थी कम रहेको छ।विषयगत कक्षा सुपरीवेक्षण र निरीक्षण गर्न जनशक्ति अभावको कारण शिक्षक सहायता प्रभावकारी बनाउन सकिएको छैन। उपलव्ध जनशक्तिको अधिकतम उपयोग गरी अनुगमन सुपरीवेक्षणलाई निरन्तरता दिइएको छ। SEE कक्षा १० उत्तीर्ण परीक्षा २०८० को नतिजा ४३ प्रतिशत, २०८१ को नतिजा ४७ प्रतिशत र २०८२ को नतिजा ५७.२४ प्रतिशत पुग्नु माध्यमिक तहमा नतिजत सुधारको सङ्केत भए तापनि यसको दिगोपना र निरन्तरताका लागि सुधारका कार्यहरू पहिचान र कार्यान्वयनलाई थप गर्नुपर्नेछ।

१. आधारभूत, प्राथमिकर माध्यमिक शिक्षामा पहुँच वृद्धि
२. लैङ्गिक समता सूचक अपेक्षि रूपमा प्राप्त भएको
३. सरकारी विद्यालयहरू क्रमशः अभिभावको रोजाइ बन्ने क्रम बढ्दै गएको
४. पाठ्यपुस्तक र सिकाइ सामग्रीको समयमा उपलव्धता
५. सबै विद्यालयमा ICT र पाठ्यक्रम कार्यान्वयन गर्न सहज
६. समयसापेक्ष पठनपाठन हुने विद्यालयको सङ्ख्या वृद्धि भएको
७. तलव भत्ता लगायत निकासा प्रक्रिया पारदर्शीता र समयवद्धता वृद्धि
८. विज्ञान सम्बन्धी अभ्यास गर्न सबै माध्यमिक विद्यालयमा प्रयोगशाला व्यवस्थापन भएको
९. प्राविधिक धार सञ्चलित विद्यालयमा ल्याव र प्रयोगात्मक कार्यको सुविधा विस्तार भएको
१०. निरन्तर विद्यार्थी मूल्याङ्कन र आन्तरिक मूल्याङ्कनलाई प्रयोग
११. स्वच्छ प्रतिशपर्धाको कारण विद्यलयमा पठनपाठन हुने दिन बृद्धि भएको
१२. कक्षा ८ र कक्षा १० को परीक्षा र नतिजा प्रतिशत सुधार
१३. विद्यालयहरूमा स्वच्छ शैक्षिक प्रतिशपर्धाको रूपमा खेलकुद प्रतियोगिता सञ्चालन
१४. अभिभावकको जागरण र शिक्षकको जवाफदेहिता अभिवृद्धि
१५. विद्यालयहरूमा शैक्षिक क्रियाकलापमा विविधता अभिवृद्धि
१६. शिक्षामा अभिभावक र गाउँपालिकाको लगानी बृद्धि
१७. विद्यालयको प्रतिशपर्धात्मक क्षमता वृद्धि
१८. विद्यालयमा योजना प्रणाली र पारदर्शिता तथा जवाफदेहिता वृद्धि
१९. बालबालिकाको सुरक्षा र क्षमता विकास प्रति अभिभावक र स्थानीय सरकारको जिम्मेवारी वृद्धि

## अनुगमन तथा सुपरीवेक्षण

### परिचय

शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय अनुगमन तथा सुपरीवेक्षण अन्तरगत निरीक्षण, अनुगमन, सुपरीवेक्षण र पेशागत सहायताका क्रियाकलापहरू सञ्चालन गरिएको छ।निरीक्षण (Inspection) भित्रविद्यालयहरूनियम, कानुन, तोकिएको मापदण्डको उपयोग तथ्याङ्क व्यवस्थापन, प्रणालीको उपयोग,सत्यापनरतोकिएको भौतिक पूर्वाधार र स्रोत साधनको प्राप्ति, लेखा राख्ने, पारदर्शीता शुल्क र छात्रवृत्ति वितरण र प्रशासनिक कार्यको जाँच गर्ने कार्यहरू हुने गरका छन्।

सुपरीवेक्षण (Supervision)माविद्यालयको समग्र शैक्षिक वातावरण, शैक्षणिक योजनाहरू, पाठ्यक्रमको कार्यान्वयन, मूल्याङ्कन मापदण्डहरूको उपयोग र सिकाइ उपलव्धी र विद्यार्थीको सर्वाङ्गीण विकासका नीतिहरू कार्यान्वयनको अवस्था सुपरीवेक्षकबाट अवलोकन र सुधारका पृष्ठपोषण प्रदान गरिन्छ। शिक्षकको पेशागत सहायता (Professional Support) मा पेशागत विकासबाट कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउनशिक्षकहरूलाई शिक्षण विधि, सिकाइ क्रियाकलाप, पाठ्यक्रम, मूल्याङ्कन र शैक्षिक सामग्री प्रयोगमापरेका समस्या समाधान गर्न अन-द-स्पट (On-the-spot) समाधान, मेन्टरबाट मेन्टीलाई दक्ष बनाउने कार्यहरू, विज्ञ शिक्षक वा सहपाठी शिक्षकद्वारा मार्गदर्शन दिने र समस्या समाधान गर्न उत्प्रेरित गर्ने तर यस क्षेत्रमा कममात्र काम हुने गरेको छ।

विद्यालय अनुगमन (Monitoring) मा तोकिएका उद्देश्य वा सूचकहरू (Indicators) समय, लागत, गुणस्तर, परिमाणका आधारमा विद्यालयको प्रगति र नतिजाको नियमित लेखाजोखा गरी Right tracking गर्न जनप्रतिनिधि, प्राविधिक कर्मचारी र तोकिएको कार्यदलबाट कार्य सम्पादन गर्ने गरिएको छ।

### चुनौती

क) अवधारणात्मक स्पष्टता
ख) दक्ष जनशक्ति व्यवस्थापन र परिचालन
ग) स्वदक्षताको समस्या समाधान गर्ने
घ) विद्यार्थीको हित र सिकाइ सुधारमा केन्द्रित गराउने
ङ) अनुगमन र सुपरीवेक्षणमा खटिने जनशक्तिको क्षमता विकास गर्ने
च) सुपरीवेक्षणको चरण पुरा गरी नतिजा सुधार गर्ने
छ) आधुनिक प्रविधिको उपयोग गरी अनुगमन गर्न सम्बन्धित पक्षलाई प्रविधिमा दक्ष बनाउने
ज) स्रोत साधनको पर्याप्तता
झ) अनुगमन प्रतिवेदनको कार्यान्वयन
ञ) योजनावद्ध अनुगमन सुपरीवेक्षण

## गाउँपालिकाबाट गरिएको प्रयास

क) कर्मचारीको क्षमता विकास र परिचालन
ख) तहगत विज्ञ विषय शिक्षकहरूको समूह गठन, तालिम र परिचालन
ग) सुपरीवेक्षण र शिक्षक सहायताका लागि पाठ्यक्रम कार्यान्वयनका विषयहरू स्पष्ट केन्द्रित गरी विज्ञ शिक्षक परिचालन

घ) शिक्षकलाई पेशागत आवश्यकताको सङ्कलन र सहयोग
ङ) तालिम पछि निरन्तर अनुगमन र पृष्ठपोषण दिन विषय विज्ञ शिक्षक परिचालन
च) आधारभूत र माध्यमिक विद्यालय अनुगमन तथा सुपरीवेक्षण,
छ) सूचना प्रविधिको प्रयोगका विभिन्न विषयमा भौतिक उपस्थिति र भर्चुअल माध्यमबाट सहयोग
ज) निरन्तर अनुगमन गरी सुझावहरू दिइ पुन अनुगमन
झ) शिक्षा समिति र कार्यापालिकामा प्रतिवेदन र कार्यान्वयमा प्राविधिक ,
ञ) संस्थागत विद्यालयहरूको स्वमूल्याङ्कन फारम विकास गरी सोही आधारमा वर्गिकरण र शुल्क निर्धारण,
ट) ICT प्रयोग बढाउन तालिम र LESMA Application प्रयोग,
ठ) विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्न नमूना विद्यालय विकास मापदण्ड कार्यान्वन
ड) विद्यालय अनुगमन मापदण्ड सुपरीवेक्षण मापदण्ड कार्यान्वयन गरी अनुगमन वस्तुनिष्ठ बनाउदै लगिएको छ।

**उपलव्धि**

क) नीतिगत र संरचनात्मक अवस्था सुधार
ख) जिम्मेवारी स्पष्ट भएको
ग) विद्यालयहरूमा कार्यसम्पादनमा सुधार
घ) अनुगमन मूल्याङ्कन प्रतिवेदन कार्यान्वयन गर्न बजेट तथा कार्यक्रममा संवोधन हुन थालेको
ङ) अनुगमन सम्बन्धी क्रियाकलाप वृद्धि भएको
च) विज्ञ शिक्षक कर्मचारी समुहको क्षमता विकास भएको
छ) अनुगमनकर्ता, सुपरीवेक्षक र निरीक्षकको भूमिका व्यवस्थित भएको
ज) तालिमको कार्यान्वयन पक्ष सुधार भएको
झ) विषय विज्ञ शिक्षक समूहबाट शिक्षक सहायता र अनुगमन

**सुधार गर्नुपर्ने पक्ष**

अनुगमन, निरीक्षण र सुपरीवेक्षण कार्यमा खटिने विषय शिक्षक र कर्मचारीको क्षमता विकास गर्न स्तरीय तालिम सञ्चालन गर्नुपर्ने । अनुगमनको प्रतिवेदन कार्यान्वयन गर्न र सुपरीवेक्षक परिचालनमा आवश्यक बजेटको प्रवन्ध गर्नुपर्ने । निश्चित अवधीमा तेस्रो पक्षको मूल्याङ्कन समेत गराउने व्यवस्था गर्ने

## समता सूचक सुधार कार्यक्रम

**परिचय**

शैक्षिक समता सूचक (Educational Equity Indicator) शिक्षामा सबै विद्यार्थीको न्यायोचित पहुँच, सहभागिता र सिकाइ उपलब्धिलाई मापन गर्ने एक परिमाणात्मक वा गुणात्मक मापदण्ड हो । यस सूचकले लिङ्ग, सामाजिक-आर्थिक अवस्था, जातजाति, भौगोलिक विकटता वा अपाङ्गता जस्ता भिन्नताका कारण शिक्षामा सृजना भएका खाडलहरूलाई पहिचान गर्न र मूल्याङ्कन

गर्न मद्दत गर्दछ। सरल शब्दमा भन्नुपर्दा, यसले राज्य वा विद्यालयले पछाडि परेका विद्यार्थीहरूका लागि उनीहरूको आवश्यकता अनुरूप न्यायोचित रूपमा स्रोत साधन र अवसरहरू वितरण गरे/नगरेको र त्यसबाट नतिजामा कस्तो सुधार आयो भनी मापन गर्ने आधारको रूपमा कार्य गर्दछ।गाउँपालिकामा जनजाती, महिला, गरिव, अपाङ्गता भएका विद्यार्थी र पिछडीएका क्षेत्रका विद्यार्थीहरूको सहभागिता र अवसर न्यायोचित बनाउनु पर्ने आवश्यकता रहेको छ।

## चुनौति

क) शैक्षिक समता सुधारका क्षेत्र अनुसार कार्यक्रम व्यवस्थापन गर्ने
ख) गुणस्तर कायम गर्न
ग) नियमित अनुगमन तथा प्राविधिक सपोर्ट गर्ने
घ) कार्यविधिको परिपालना गराउने
ङ) विद्यालयको पूर्वाधारहरू सुधार गर्ने
च) कार्यक्रमको स्तरीयता कायम गर्ने
छ) गोपनीयता र कानुनको परिपालना गर्ने
ज) लक्षित समूहमा कार्यक्रम पुऱ्याउने
झ) सबै प्रकारबाट अभिभावक विहिन बालबालिकालाई सहयोग गर्ने
ञ) पर्याप्त बजेटको व्यवस्था गर्ने

## गाउँपालिकाबाट गरिएका कार्यहरू

१. निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन,
२. दिवा खाजा कार्यक्रम,
३. बालमैत्री विद्यालयमा विभेद तथा दुर्व्यवहार न्यूनीकरण शिक्षक तालिम
४. अभिभावक विहीन बालबालिकालाईनिःशुल्क विद्यालय शिक्षा कार्यक्रम,
५. छात्रवृत्ति

## उपलव्धि

- भर्ना तथा सहभागितामा सबै पक्षको सहभागिता बढेको छ
- छात्राहरूको उपस्थितिमा निरन्तरता बढेको छ
- अति गरिव परिवारका बालबालिकालाई सहयोग पुगेको छ
- बालिकाहरूको आत्मबल वृद्धि भइ हिंसाबाट बच्न तथा प्रतिकार गर्न सक्षम देखिएका छन्
- टुहुरा बालबालिकालाई माध्यमिक शिक्षा पूरा गर्न सहयोग पुगेको छ
- सिकाइ अवसर र उपलव्धि सुधार भएको छ

### सुधार गर्नुपर्ने पक्ष

वितरणमुखी कार्यक्रमहरूको मापदण्ड कडाइकासाथ पालना गर्ने।पर्याप्त बजेटको व्यवस्था गर्ने।गुणस्तर कायम गरी अनुगमन तथा मूल्याङ्कनलाई गुणात्मक बनाउने।दिगो विकास लक्ष्य सँग तादम्य हुने गरी सूचकहरूको पुनरावलोकन गरी कार्यक्रम व्यवस्था गर्ने।कानुन कार्यान्वयनलाई प्राथमिकता दिई सम्बन्धित पक्षसँग समन्वय र सहकार्य गर्ने

## सुशासन तथा संस्थागत क्षमता विकास

### परिचय

विद्यालयमा सुशासन तथा संस्थागत क्षमता विकास अन्तर्गत विद्यालयको समग्र व्यवस्थापनलाई पारदर्शी, जवाफदेही, सहभागितामूलक र कानुनसम्मत बनाउँदै आन्तरिक तथा प्राप्त सबै स्रोत, साधन र जनशक्तिको उच्चतम उपयोग गर्ने प्रक्रियालाई बुझाउँछ । यस अन्तर्गत विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीबीच प्रभावकारी समन्वय कायम गरिन्छ।जसले नीति-नियमको सही पालना र न्यायोचित निर्णय प्रक्रिया (सुशासन) सुनिश्चित गर्नेपर्दछ। भौतिक पूर्वाधारको सुधार, शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि र आधुनिक प्रविधिको प्रयोगमार्फत विद्यालयको गुणात्मक र सांगठनिक सामर्थ्य बढाई सिकाइमैत्र उच्च सिकाइ उपलव्धी भएको विद्यालयलाई संस्थागत क्षमता विकास भनिन्छ।यसले विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न, समुदायको विश्वास जित्न र एउटा सक्षम एवं आत्मनिर्भर प्राज्ञिक संस्थाको रूपमा स्थापना गर्न सहयोग गर्दछ।

### चुनौति

क) विद्यालय सुधार योजना वास्तविकतामा आधारित बनाई निर्माण र कार्यान्वयन गर्न बजेट व्यवस्थापन गर्ने
ख) गाउँ शिक्षा योजना कार्यान्वयन गरी उपलव्धी हासिल गर्ने
ग) सूचना प्रविधिको उपयोग गरी पारदर्शिता र जवाफदेहिता वृद्धि गर्ने
घ) अभिभावक शिक्षालाई निरन्तरता दिन र बालबालिकाको सिकाइमा उपयोग गर्ने
ङ) नेतृत्व प्रतिश्पर्धि बनाई नियुक्ति गर्ने
च) परीक्षा सञ्चालन तथा व्यवस्थापनमा स्तरीयता कायम गर्ने
छ) IEMIS को क्षमता विकास गर्ने
ज) आवश्यक शिक्षा नीति र कार्याविधिहरू निर्माण गर्ने
झ) नीति र कार्यविधिहरू कार्यान्वयन गर्ने
ञ) पारदर्शिता र सुशासन कायम गर्ने
ट) सिकाइ उपलव्धी सुधार र बालबालिकाको संरक्षण एवम् विकासमा संस्थागत संरचनाको उपयोग गर्ने

### पालिकाबाट गरिएका कार्यहरू

क) स्थानीय गाउँ शिक्षा योजना २०८१ – २०९१ को लेखाजोखा र आध्यावधिक
ख) विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहयोग
ग) विद्यालयहरूको सामाजिक परीक्षण र लेखापरीक्षण

घ) IEMIS क्षमता विकास तालिम
ङ) स्थानीय शिक्षा योजना अभिमुखीकरण र कार्यान्वयन
च) अभिभावक शिक्षा कार्यक्रम
छ) विपद व्यवस्थापन सहित विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन
ज) प्रधानाध्यापक व्यवस्थापन
झ) कक्षा ८ को आवधिक र अन्तिम परीक्षा व्यवस्थापन
ञ) शिक्षा नीति, मापदण्ड, कार्यविधि तयारी र कार्यान्वयन
ट) पारदर्शिता र कानुन कार्यान्वयनमा स्थापित मापदण्डहरूको पारिपालना गरिएको छ।
ठ) विद्यालय विकास प्रस्तावका आधारमा प्र अ छनौट गरी पालिका र प्र अ बिच कार्यसम्पादन करार सम्झौता
ड) प्रअ र शिक्षकबिच कार्यसम्पादन करार सम्झौता

**उपलब्धि**

क) शैक्षिक सेवा प्रवाहका लागि आवश्यक नीतिगत व्यवस्थाहरू भएको छ।
ख) नीति तर्जुमा गर्न सक्षमता बृद्धि भएको छ।
ग) शैक्षिक सेवा प्रवाहमा एकरूपता कायम छ।
घ) अनलाईन तथा प्रविधिको उपयोग गर्ने जनशक्ति बढेको छ।
ङ) कार्यसम्पादन गर्न लाग्ने समय र लागत कमी आइ सक्षमता वृद्धि भएको छ।
च) समयमा भुक्तानी र खर्च गर्ने प्रचलना वृद्धि भएको छ।
छ) शैक्षिक क्रियाकलापहरू सञ्चालनमा प्रणाली स्थापना भइ अभ्यस्त भएको छ।
ज) शैक्षिक योजना निर्माण र कार्यान्वयन विद्यालय तहसम्म निरन्तरता पाएको छ।
झ) पाठ्यक्रम र मापदण्ड अनुसार शिक्षण क्रियाकलाप सञ्चालन भएको छ।
ञ) विद्यार्थी मूल्याङ्कन प्रकृया र नतिजा प्रकाशन समयमै हुने गरेको छ।
ट) मूल्याङ्कन मापदण्डको परिपालना भएको छ।
ठ) शैक्षिक तथ्याङ्क प्रणालीको पूर्ण कार्यान्वयन भइ सेवा प्रवाहमा सहज भएको छ।
ड) विपदको समयमा विद्यालय सञ्चालन गर्न पूर्वाधार विकास हुदै गएको छ।
ढ) समयमा विद्यालय व्यवस्थापन समिति र समितिहरू गठन भइ नियमित काम भएको छ।

**सुधार गर्नुपर्ने पक्ष**

शैक्षिक नीति र मापदण्डहरू समयानुकुल संशोधन गरी कार्यान्वयन गर्ने । विद्यालय र गाउँपालिकाको संस्थागत क्षमता सुधार गर्न जनशक्तिको क्षमता विकास गर्नु पर्दछ।सूचना प्रविधिको प्रयोगलाई बढाउन पूर्वाधार विकास गरी अनुगमन गर्ने।अभिभावक सचेतना कार्यलाई निरन्तर र प्रभावकारी बनाउने। प्रधानाध्यापक व्यवस्थापन प्रतिश्पर्धि बनाउनका लागि कार्यविधिमा आवश्यक संशोधन गर्ने । पारदर्शिता जवाफदेहिता बढाउन सिकाइ उपलब्धिप्रति शिक्षक र अभिभावकलाई जिम्मेवार बनाउने।पालिका स्तरीय परीक्षा सञ्चालनलाई स्तरीय बनाउन थप सुधार गर्ने।विद्यालयहरूको सामाजिक सञ्जाल र

वेभसाइटहरू अध्यावधिक गर्ने । विद्यालयमा इन्टरनेटको क्षमता वढाइ सिकाइमा उपयोग गरी विज्ञान र प्रविधिको उपयोग बढाउने ।

## अनिवार्य आधारभूत शिक्षा सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम

### परिचय

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐनले तोके अनुसार प्रवन्ध गर्नु स्थानीय सरकारको जिम्मेवारी रहेको छ । वयस्क तथा उमेर ढल्केका मानिसहरूलाई निरन्तर सिकाइका कार्यक्रमहरू सञ्चालन गर्न, धार्मिक प्रकृतिकोबैकल्पिक शैक्षिकसंस्था सञ्चालन र सबैलाई शैक्षिक अवसरहरू वृद्धि गर्न यस क्षेत्रमा कार्यक्रमहरू केन्द्रित गरिन्छ ।

### चुनौति

आधारभूत शिक्षा निःशुल्क गर्ने चुनौती छ । विद्यालय बाहिर रहेको र २०६३।६।२ गतेपछि जन्मिएका सबै बालबालिकालाई अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्नका लागि बजेट र कार्यक्रमको व्यवस्था गर्नु । ती बालबालिकाको अवस्था पहिचान गरी विद्यालयमा पुन भर्ना गराई तह पार गराउनु र अगाडीको शिक्षा दिनु।खुला तथा बैकल्पिक व्यवस्थाको पहिचान गर्नु।वयस्कहरूका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्ने, साक्षरहरूलाई सीपविकास गराउने, सिकाइ केन्द्रलाई विधान अनुसार पुनःसञ्चालन गरि अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्ने । संस्कृत विद्यापीठको भौतिक संरचना विकास गरी विद्यापीठमा पढ्ने विद्यार्थी र पढाउने शिक्षकका लागि वेद तथा संस्कृत शिक्षा हासिल गराउने उपयुक्त शैक्षिक संस्थाको रूपमा विकास गर्नु र यसको लागि आवश्यक लगानीको व्यवस्था गर्नु चुनौती रहेको छ ।

### गाउँपालिकाबाट गरिएका कार्यहरू

क) परम्परागत धार्मिक विद्यालय सञ्चालन अनुदान

ख) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी अभिमुखीकरण र तथ्याङ्क संकलन र अभिलेखीकरण

ग) अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन कार्ययोजना निर्माण

### उपलव्धि

क) विद्यालय बाहिर रहेका बालबालिकाको विवरण सहितको तथ्याङ्क तयार

ख) विद्यालय बाहिर रहेका बालबालिकालाई आधारभूत शिक्षा पूरा गराउने योजना र बजेटको व्यवस्थाको सुरूवात

### सुधार गर्नुपर्ने पक्ष

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि पर्याप्त छलफल गर्नुपर्ने।साक्षरता र साक्षरोतर कक्षालाई सीपमूलक र व्यवहारिक बनाउने।सिकाइ केन्द्र सञ्चलन गरी वैकल्पिक आधारभूत शिक्षाको व्यवस्थापन गर्ने।संस्कृत तथा बैकल्पिक शिक्षाको गुणस्तर सुधार गर्ने संसकृत शिक्षाको प्रचलित मापदण्डहरूको कडाइकासाथ पालना गराउन आवश्यक कार्यहरू गर्ने

## विद्यालयको भौतिक पूर्वाधार निर्माण

### परिचय

विद्यालयको भौतिक पूर्वाधार कक्षाकोठा, खानेपानी, शौचालय, चमेनागृह आदि शिक्षण सिकाइ क्रियाकलापलाई सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक पर्दछ।शिक्षामा आवश्यक पर्ने भौतिक संरचनाहरूको विकास गर्ने कार्यलाई पूर्वाधार निर्माणको रूपमा लिइन्छ । गाउँपालिकाको सबै विद्यालयमा कक्षाकोठा, प्रशासनिक भवन, प्रयोगशाला, पुस्तकालय, खानेपानी, शौचालय, खेलमैदान तथा घेराबार जस्ता आधारभूत संरचनाहरू पर्याप्तमात्रामा छैनन् । पूर्वाधारहरू बालमैत्री, अपाङ्गतामैत्री र भूकम्पप्रतिरोधी हुनुका साथै भौतिक पूर्वाधारले विद्यार्थीहरूलाई विद्यालयमा आकर्षित गर्ने र उनीहरूको सिकाइ वातावरणमा सकारात्मक प्रभाव पार्छ।यस्ता पक्षले अन्ततः शिक्षाको समग्र गुणस्तरलाई सुधार गर्नमा मद्दत पुऱ्याउँछ ।

### चुनौति

क) विद्यालयहरूमा विद्यार्थी सङ्ख्या अनुसार पर्याप्त आधुनिक भौतिक पूर्वाधार विकास गर्ने
ख) पर्याप्त बजेटको प्रवन्ध गर्ने
ग) पुराना संरचनाको मर्मत गरी उपयोग गर्ने
घ) विद्यार्थी नभएका विद्यालयको पूर्वाधार संरक्षण गर्ने
ङ) पूर्वाधारहरू सुरक्षित र अपाङ्गतामैत्री बनाउने
च) शैक्षिक पूर्वाधार विकासको निरन्तरता दिने
छ) विद्यालयको जग्गा र संरचनाहरूको घेरवार गरी सुरक्षित गर्ने
ज) आधुनिक प्रकृतिका पर्याप्त फर्नचरहरू बनाउने

### गाउँपालिकाबाट गरिएका कार्यहरू

क) निर्मित गुरूयोजनाका आधारमा ४ कोठे भवन निर्माण
ख) राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको ४ कोठे भवन निर्माण
ग) बालविकास केन्द्रको भवन निर्माण १
घ) दुइ वटा विद्यालय र १ बालविकास केन्द्रको अधुरो भवन निर्माण सम्मपन्न
ङ) विद्यालय मर्मत सम्भार
च) विद्यालय रङ्गरोगन
छ) वद्यालय घेरावार र मर्मत
ज) तीनवटा विद्यालयमा जस्तापाता फेर्ने व्यवस्था

### उपलब्धि

शैक्षिक पूर्वाधार विकास तथा मर्मत सम्भार तर्फ भएका मुख्य भौतिक उपलब्धिहरू:
क) स्वीकृत गुरूयोजना अनुसार४ कोठे भवननिर्माण कार्य८० प्रतिशत सम्पन्न भएको
ख) राष्ट्रिय कार्यक्रम अन्तर्गत पूर्वाधार विकास:राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत थप ४ कोठे भवन ८० प्रतिशत निर्माण गरिएको

ग) प्रारम्भिक बालविकास पूर्वाधार एक बालविकास केन्द्रको भवननिर्माण ७० प्रतिशत सम्पन्न भएको

घ) अधुरा परियोजनाहरूको समापन:विभिन्न कारणले रोकिएका२ वटा विद्यालयरएक वटा बालविकास केन्द्रको अधुरो भवननिर्माण कार्यलाई पूर्णता दिई सञ्चालन योग्य बनाइएको।

ङ) विद्यालयहरूको भौतिक सुरक्षालाई ध्यानमा राखी३ वटा विद्यालयमा जस्तापाता फेर्नेकार्य सम्पन्न भएको।

च) विद्यालयहरूको पुराना संरचनाहरूकोमर्मत सम्भारगर्नुका साथै विद्यालय क्षेत्रलाई सुरक्षित पार्नघेरावार (कम्पाउन्ड वाल) र मर्मतकार्य गरिएको

छ) विद्यालयको बाह्य तथा आन्तरिक वातावरणलाई आकर्षक र बालमैत्री बनाउन ४ वटा विद्यालयको रङ्गरोगनकार्य सम्पन्न भएको

ज) भवन, शौचालय र फर्निचर जस्ता अतिआवश्यक पूर्वाधारको आवश्यक्ता परिपूर्तिमा सहयोग पुगेको छ।

**सुधार गर्नुपर्ने पक्ष**

शैक्षिक पूर्वाधार निर्माण कार्यका लागि आवश्यकता पहिचान र पर्याप्त बजेटको व्यवस्था गर्नुपर्दछ।निर्माणका कार्यहरू समयमा सम्पन्न गर्न समयमा खरिद प्रकृया गर्नुपर्दछ।

## अतिरिक्त तथा सह शैक्षिक कार्यक्रम

### परिचय

अतिरिक्त तथा सह-शैक्षिक कार्यक्रम विद्यालयको नियमित पाठ्यक्रम र पाठ्यपुस्तकभन्दा बाहिर विद्यार्थीहरूको मानसिक, शारीरिक र सामाजिक विकासका लागि सञ्चालन गरिने सम्पूर्ण रचनात्मक क्रियाकलापहरूलाई बुझाउँछ। यस अन्तर्गत पाठ्यक्रमसँग प्रत्यक्ष जोडिएर सिकाइलाई व्यावहारिक बनाउनेसह-शैक्षिक कार्यक्रम (जस्तै: विज्ञान प्रदर्शनी, हाजिरीजवाफ, वादविवाद, र शैक्षिक भ्रमण) र पाठ्यक्रम बाहिर रहेर विद्यार्थीको लुकेको प्रतिभा प्रस्फुटन गराउनेअतिरिक्त कार्यक्रम (जस्तै: खेलकुद, नृत्य, सङ्गीत, स्काउट, र सामाजिक सेवा) पर्दछन् । केवल किताबी ज्ञानले मात्र विद्यार्थीको पूर्ण विकास नहुनेमहसुस गरी गाउँपालिकाले विद्यार्थीहरूमा नेतृत्व क्षमता, अनुशासन, सामूहिक भावना (Teamwork), र आत्मविश्वास बढाउनुका साथै उनीहरूलाई शारीरिक र मानसिक रूपमा स्वस्थ राख्न थोरै भएपनि यस्ता कार्यक्रम सञ्चलन गर्दै आएको छ।

### चुनौति

क) गाउँपालिकामा न्यून बजेट भएका कारण अतिरिक्त क्रियाकलापका लागि आवश्यक पर्ने खेलकुद सामग्री, पुरस्कार, र आवश्यक पूर्वाधार व्यवस्थापन गर्ने

ख) भौगोलिक विकटता र यातायातको कारण विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापका लागि एकै ठाउँमा भेला गर्न, खेल मैदानसम्म पुग्ने

ग) पठनपाठनको समय अपर्याप्त हुने भएकोले विद्यालयमा नियमित कोर्स पूरा गर्ने समय नपुग्ने हुँदा अतिरिक्त र सह-शैक्षिक क्रियाकलापका लागि थप समय छुट्याउने

घ) विद्यार्थी र विद्यालयको न्यून भएका कारण विद्यालयहरूबीच आपसमा स्वस्थ प्रतिस्पर्धात्मक र बृहत् खेलकुद तथा शैक्षिक उत्सवहरू आयोजनामा कठिनाइ

ङ) युवा र विद्यार्थी उमेर समूहमा लागुपदार्थ प्रयोगकर्ताको उपस्थितिले गर्दा रचनात्मक क्रियाकलापमा विद्यार्थीको ध्यान केन्द्रित गर्न र उनीहरूलाई कुलतबाट जोगाएर खेलकुदमा ल्याउने

च) अतिरिक्त क्रियाकलापका लागि छुट्याइएको सीमित बजेटको पनि पारदर्शी र सही सदुपयोग गर्ने

छ)विद्यार्थीमा अनुशासन र सामाजिक सेवाको भावना जगाउने स्काउट जस्ता सङ्गठनको उपस्थिति नाम मात्रको वा सीमित हुँदा नेतृत्व विकासका कार्यक्रमहरू स्काउटको सीमित गतिविधि बढाउने

ज)पालिकाको विद्यालयहरूमा खेलकुद प्रशिक्षक, सङ्गीत/कला शिक्षक वा अतिरिक्त क्रियाकलाप व्यवस्थापन गर्ने तालिमप्राप्त जनशक्तिको अभाव पूर्ति गर्ने

झ) अभिभावककोआर्थिक विपन्नताका यसप्रति ज्ञानको कारण अतिरिक्त क्रियाकलापलाई समय खेर फाल्ने माध्यम ठानी केवल किताबी पढाइबाट माथि उठाउने

ञ) भौगोलिक बनोट, लगानी अभाव र व्यवस्थापकीय कमजोरीका कारण विद्यालयहरूमा उपयुक्त खेल मैदान, सभाहल र सुरक्षित खेल सामग्रीको उपलब्ध गराई नियमित अभ्यास गर्ने

**गाउँपालिकाबाट गरिएका कार्यहरू**

क) विद्यालय स्तरी राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता ( भलिवल, एथलेटिक्स, कराते विधामा)

ख) संस्थागत विद्यालयहरूको प्यावसन मिट खेलकुद प्रतियोगिता सञ्चालन

ग) सामुदायिक विद्यालयका विद्यार्थी खेलकुद प्रतियोगिता सञ्चालन

घ) असल अभ्यास आदनप्रदानका लागि शिक्षक भ्रमण

ङ) स्काउट गतिविधि अन्तरगत माध्यमिक विद्यालयहरूमा अभिमुखीकरण

च) स्काउट इकाइ विस्तार

छ) विद्यालयहरूमा नृत्य, गायन, खेलकुद, हाजिरी जवाफ लगायत अतिरिक्त क्रियाकलाप सञ्चालन

**उपलव्धि**

समग्र शैक्षिक, शारीरिक र व्यक्तित्व विकासको क्षेत्रमा केही उपलब्धिहरू हासिल भएका छन् । विद्यालय स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, प्यावसन मिट तथा सामुदायिक विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरूको सफल सञ्चालनबाट विद्यार्थीहरूमा लुकेको खेल प्रतिभाको पहिचान भएको छ भने उनीहरूमा स्वस्थ प्रतिस्पर्धा, अनुशासन र खेल भावनाको विकास भएको छ। शिक्षकहरूका लागि आयोजित असल अभ्यास आदानप्रदान भ्रमणले उनीहरूमा नवीन शिक्षण सिकाइ विधि र विद्यालय व्यवस्थापन सम्बन्धी व्यावहारिक ज्ञान अभिवृद्धि गरेको छ, जसले शैक्षिक गुणस्तर सुधारमा प्रत्यक्ष सहयोग पुऱ्याउनेछ । स्काउट गतिविधि अन्तर्गत माध्यमिक विद्यालयहरूमा सञ्चालित अभिमुखीकरण, इकाइ विस्तार, राजारानीमा गरिएको हाइकिङ र तीन दिने स्काउट क्याम्प जस्ता कार्यक्रमहरूबाट विद्यार्थीहरूमा सामाजिक उत्तरदायित्व, नेतृत्व क्षमता र प्रतिकूल परिस्थितिमा अनुकूलन हुन सक्ने व्यावहारिक सीप (Survival Skills) को विकास भएको छ।एक्का नेपालको सहयोगमा सञ्चालित क्षमता विकास तालिम र विद्यालयहरूमा नियमित रूपमा गरिएका नृत्य, गायन, हाजिरी जवाफ जस्ता अतिरिक्त क्रियाकलापहरूले विद्यार्थीहरूको बौद्धिक तथा सृजनात्मक क्षमतालाई उजागर गर्दै उनीहरूको सर्वाङ्गीण विकास गरी एक जिम्मेवार, दक्ष र बहुआयामिक नागरिक बन्नमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

**सुधार गर्नुपर्ने पक्ष**

गाउँपालिकाले सीमित बजेट र जनशक्तिका बाबजुद विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरे तापनि दिगो शैक्षिक र शारीरिक विकासका लागि आगामी दिनमा थप लगानी र व्यवस्थापकीय सुधार गर्नुपर्ने देखिन्छ।न्यून बजेटको समस्यालाई सम्बोधन गर्न निजी क्षेत्रसँग साझेदारी (PPP Model) गर्दै प्रत्येक विद्यालयमा खेल मैदान, सभाहल र सुरक्षित खेल सामग्री जस्ता भौतिक पूर्वाधारको विकास गर्नु पर्छ। भौगोलिक विकटता र यातायातको कठिनाइलाई कम गर्न क्लस्टर (क्षेत्रगत) आधारमा खेलकुद उत्सवहरू आयोजना गर्ने र विद्यालयको वार्षिक क्यालेन्डरमै अतिरिक्त क्रियाकलापका लागि उपयुक्त समय र क्रेडिट आवरको व्यवस्था गर्ने तथा खेलकुद, संगीत र कला क्षेत्रका लागि तालिमप्राप्त जनशक्तिको व्यवस्थापन आवश्यक छ।

सीमित बजेटको पारदर्शिता कायम राख्दै स्काउट जस्ता अनुशासनात्मक संगठनलाई पालिकास्तरमै सुदृढ बनाएर युवाहरूमा बढ्दो लागुपदार्थको दुर्व्यसनीलाई रोक्ने रचनात्मक अभियान सञ्चालन गर्नुपर्छ। अतिरिक्त क्रियाकलाप केवल समय खेर फाल्ने माध्यम नभई विद्यार्थीको सर्वाङ्गीण विकास र भविष्य निर्माणको आधार हो भन्ने कुरा बुझाउन अभिभावकहरूमा सचेतना जगाउँदै उनीहरूलाई यस अभियानमा सक्रिय रूपमा जोड्न थप कार्यक्रम सञ्चालन गर्ने।

**असल अभ्यास र उपलब्धिहरू**

असल अभ्यास तथा नव प्रवर्द्धनात्मक कार्यक्रम नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी ब्यवस्था कायम गर्न तथा संघ प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्दै जनसहभागिता उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा सेवा प्रदान गर्नका लागि जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहको दफा ११ (ज) मा शिक्षा सम्बन्धी २३ वटा बुँदा समाविष्ट भए अनुसार यस गाउँपालिकाले शैक्षिक उन्नयनका लागि विभिन्न असल अभ्यास तथा सिर्जनात्मक कार्यक्रमलाई अगाडि बढाएको छ। यस गाउँपालिकाले पालिकाको शैक्षिक अवस्था अत्यन्त सुदृढ बनाउनका लागि देहाय बमोजिमका असल अभ्यासको अवलम्बन गरेको छ जसले शैक्षिक कार्यमा सहभागिता बढाएको र सहभागिताको वृद्धिले गर्दा सक्षमता बढेको पाइएको छ।

**असल अभ्यास**

- शिक्षा योजना अनुसार योजनाबद्ध शैक्षिक क्रियाकलाप सञ्चालन
- कक्षा ४ देखि १० सम्मको वार्षिक परीक्षाको सञ्चालन तथा व्यवस्थापन
- कमजोर सिकाइ उपलब्धी भएका बालबालिकाको सिसकाई सुधारका लागि अतिरिक्त कक्षा व्यवस्थापन
- कम दरबन्दी भएका विद्यालयका लागि स्वयम सेवक शिक्षकको व्यवस्थापन
- अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

- अभिभावक शिक्षा कार्यक्रम
- उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी सम्मान
- खेलकुद प्रतियोगिता सञ्चालन
- विषय विज्ञ सहित सामूहिक विद्यालय अनुगमन
- मापदण्डमा आधारित बाल कक्षा कोठा (स्मार्ट कक्षाकोठा) व्यवस्थापन
- बाल कक्षाका बालबालिकालाई दिवा खाजामा रु १० थप
- अनिवार्य तथा नि; शुल्क शिक्षा सुनिश्चितका लागि विपन्नका पहिचान गरी स्कुल ब्याग, ड्रेस तथा शैक्षिक सामग्री वितरण
- विद्यालय भवन मर्मत तथा फर्निचर व्यवस्थापन
- विषयगत समूह गठन तथा परिचाल, शिक्षक तालिम तथा अन्तरक्रिया
- विद्यालय विकास प्रस्तावका आधारमा गाउँपालिका र प्रधानाध्यापक तथा प्रधानाध्यापक र शिक्षकका बीच कार्य सम्पादन करार सम्झौता सम्पन्न भएको
- स्थानीय पाठ्यक्रम पाठ्यक्रम निर्माण र कार्यान्वयन,
- अनुगमनमा प्रविधिको प्रयोग तथा प्राविधिक सहायताका लागि भौतिक र भर्चुअल अनलाइन सेवाबाट समयको बचत भएको,
- सङ्घीय सरकारको वार्षिक नीतिअनुरूप सिर्जना भएको थप दायित्व पूरा गर्न नीतिगत र बजेटको व्यवस्था गरि स.का. र कर्मचारीको थप पारिश्रमिकको व्यवस्था गरिएको छ,
- स्थानीय स्तरमा, स्थानीय सहभागितामा स्थानीय विषयको पाठ्यक्रमको पाठ्यपुस्तक कक्षागत विकास गरिएको छ,
- राम्रो कार्यसम्पादन भएका विद्यालय र राम्रो खेल्ने खेलाडीहरूलाई पुरस्कार र सम्मान गरिएको,
- शिक्षकको पेशागत सहयोगको लागि विषयगत विज्ञ शिक्षक समूह निर्माण र परिचालन,
- तथ्याङ्क व्यवस्थापन कार्यकाला लागि स्थलगत प्राविधिक सहयोग,

**उपलब्धि**

- दस बर्षे शिक्षा योजना २०८१/०८२- २०९०/०९१ तयार,
- स्थानीय स्तरमा शिक्षक, प्र.अ., वि.व्य.स.को क्षमता वृद्धि,
- सामुदायिक विद्यालयमा अभिभावकहरूको चासो र सहभागिता वृद्धि भएको छ,

- श्री माध्यमिक विद्यालय वर्ने, श्री गणेश मावि र श्री नमुना आवि बुद्धशान्ति ४ मा कक्षा ५ सम्म लिम्बु भाषा (सिरीजङ्घा लिपि) पठनपाठन,
- नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सहज, कार्यक्रम कार्यान्वयन गर्न स्थानीय स्तरमा अपनत्व,
- नतिजा सुधार र सिकाइ उपलब्धि सुधारका क्रियाकलाप वृद्धि भएको छ ।

# परिच्छेद चार

## वित्तीय प्रगति विवरण

**शीर्षकगत वित्तीय प्रगति खर्च, संघीय सशर्त (शिक्षा)**

| क्र स | क्रियाकलाप नाम | प्राप्त रकम | खर्च रकम | प्रतिशन |
|---|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका, राहत शिक्षकको तलब, भत्ता, पोषाक ( स्यायी, अस्थायी) | ९९३०० | ९९२९९ | १००।०० |
| २ | माध्यमिक तहका स्वीकृत दरबन्दीका, राहत शिक्षकको तलब, भत्ता, पोषाक ( स्यायी, अस्थायी) | ३२२०० | ३१८१९ | ९८।८२ |
| ३ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान | ४५०९ | ३८२७ | ८४।८७ |
| ४ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन | ९५०२ | ९५०२ | १००।०० |
| ५ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति अनुदान ( आवासिय तथा गैरआवासिय) | ७४४ | ५१२ | ६८।८२ |
| ६ | शैक्षिक पहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | २८०५ | १५९५ | ५६।८६ |
| ७ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | ४४०१ | ४१९६ | ९५।३४ |
| ८ | संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङकन | ८४० | ८४० | १००।०० |
| ९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३६१० | ३०८६ | ८५।४८ |
| १० | विद्यालय सञ्चालन व्यवस्थापन अनुदान | १४०५ | १३६५ | ९७।१५ |
| ११ | दिवा खाजा | १०९८१ | ८८९९ | ८१।०४ |
| १२ | विपन्न लक्षित छात्रवृत्ति | २१६ | १३२ | ६१।११ |
| १३ | शिक्षण सहयोग कक्षा ९-१० | ५२०२ | ५२०२ | १००।०० |
| १४ | शिक्षण सहयोग कक्षा ६-८ | ४६१ | ४६१ | १००।०० |
| १५ | सेनिटरी प्याड | १९६२ | १५११ | ७७।०१ |
| १६ | स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान | ५५०० | ३२०९ | ५८।३५ |
| | जम्मा रकम रू | १८३६३८ | १७५४५५ | ९५।५४ |

बुद्धशान्ति गाउँपालिका आन्तरिक स्रोतः (शिक्षा)

| क्र सं | कार्यक्रमको नाम | प्राप्त रकम | खर्च भएको रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | बाल कक्षा शिक्षक,कर्मचारी,न्युनतम पारिश्रमिक प्रोत्साहन | ६०३२००० | ५७८३२०० | ९६ |
| २ | तहगत स्वयम् सेवक शिक्षक व्यवस्थापन | ४६८०००० | ४६७९६६७ | १०० |
| ३ | बाल कक्षा थप दिवा खाजा व्यवस्थापन | १६००००० | १४७७३५० | ९२ |
| ४ | अंग्रेजी शिक्षा प्रवधर्न कार्यक्रम | २८००००० | २८००००० | १०० |
| ५ | स्मार्ट कक्षा कोठा व्यवस्थापन | ४००००० | ३९९४२२ | १०० |
| ६ | सामुदायिक विद्यालयका भवन मर्मत संभार तथा फर्निचर व्यवस्थापन | ७००००० | ६९३३९८ | ९९ |
| ७ | परीक्षा सञ्चालन व्यवस्थापन | ४००००० | ४००००० | १०० |
| ८ | शिक्षक कर्मचारी र विद्यार्थी सम्मान | १८०००० | १८०००० | १०० |
| ९ | अनिवार्य आधारभूत शिक्षा सुनिश्चितता | २५०००० | २४९९५६ | १०० |
| १० | वडा नं ४ लिम्बु भाषा शिक्षा | ५८५००० | ५८५००० | १०० |
| ११ | सूचना आदान प्रदान व्यवस्थापन सञ्चालन र समिति | १२०००० | ९५३९२ | ७९ |
| १२ | त्रिभूवन मावि कक्षा ११ र १२ सञ्चालन सहयोग अनुदान | ३००००० | ३००००० | १०० |
| १३ | अतिरिक्त क्रियाकलाप सञ्चालन | २३०००० | २३०००० | १०० |
| १४ | बाल क्लब, जुरेश | ६०००० | ६०००० | १०० |
| १५ | स्काउट | ७०००० | ६९९६९ | १०० |
| १६ | उच्च शिक्षा प्रवर्द्धन कार्यक्रम | ६००००० | ६००००० | १०० |
| १७ | विषयतग समुह परिचालन सबलिकरण तथा सुपरीवेक्षण | ८०००० | ७५००० | ९४ |
| १८ | समुदाय प्रहरी साझेदारी र स्थानिय विषय पाठ्यपुस्तक लेखन तथा छपाइ | २००००० | १९५७९१ | ९८ |
| १९ | पाठ्यक्रम प्रबोभिकरण र कार्यान्वयन | ३०००० | ३०००० | १०० |
| २० | बुद्धशान्ति आइडल प्याब्सन | २००००० | २००००० | १०० |
| आन्तरिक तर्फको जम्मा | | १९५१७००० | १९१०४१४५ | ९८ |

## विद्यालयमा आ व २०८२।२०८३ मा शीर्षकगत रुपमा भएको निकासा विवरण :

| क्र. स | विद्यालयको नाम | तलबभत्ता | बुक कर्नर/ OJT | छात्रबृत्ति | विद्यालय सञ्चालन अनुदान | पाठ्यपुस्तक | कार्यसम्पादन तथा ल्याब | दिवा खाजा | दिवा खाजा स्थानीय | अग्रेजी प्रवर्द्धन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बुद्ध आदर्श मा.वि. | १३६४०९५९ | ३२००५० | ७४५०० | ८५००० | १०१३९५० | २०००००० | ९२१११२० | १०८९०० | १७५००० | १८३३९४७९ |
| २ | आदर्श मा.वि. | १२६४८२११ | २२०३२०० | ५२९०० | २८५००० | ६१७९१० | | ८९७३४० | १७८६५० | १७५००० | १७०५८२११ |
| ३ | शान्ति आदर्श मा.वि. | ६२३४०६७ | ५३७५० | ११९०० | ८५००० | १६३६०४ | | २८२५२० | ३५१०० | १७५००० | ७०४८१४१ |
| ४ | गडिगाउँ मा.वि. | ८३१६३६० | ८८६५० | ३१००० | ८५००० | २७३१६२ | | ३५२८४० | २२५०० | १७५००० | ९३४४५१२ |
| ५ | त्रिभुवन मा.वि. | ५८८१४८६ | १२४१५० | ३८९०० | ८५००० | २९०७०८ | | ६१७४०० | १६४२५० | १७५००० | ७३७६८९४ |
| ६ | गणेश मा.वि. | ५९८४१९७ | ७१९०० | २४२०० | ८०००० | २२१२४० | | ४८२५२० | ६२५५० | १७५००० | ७१०१६०७ |
| ७ | मावि बर्ने | ५७३५४९४ | ५९५५० | ३४२०० | ८०००० | १८६७६० | | २७९८१० | ३७८०० | १७५००० | ६५८८६१४ |
| ८ | राष्ट्रिय विजय मा.वि. | ४९८३७०१ | ६४६०० | २८००० | ८०००० | १३८४५९ | | ४०५७८० | ९०९०० | १७५००० | ५९६६४४० |
| ९ | नवकिरण आ.वि. | ३१७६१७० | ८२८५० | २३२०० | ८०००० | १७८४४२ | | ८३०४६० | ११६५५० | १७५००० | ४६६२६७२ |
| १० | सरस्वती आ.वि. | ४०५१७५३ | १४२७५० | ६१२०० | ८०००० | ३२४०२७ | १०००००० | ११७८२२० | २२२७५० | १७५००० | ७२३५७०० |
| ११ | नमूना आ.वि.-१ | २७१७५८८ | ७१३५० | ३६८०० | ६०००० | १२२०९८ | | ७१३२२० | ११८८०० | १७५००० | ४०१४८५६ |
| १२ | जनज्योति आ.वि. | २८४८९५९ | २९९५० | १८५०० | ६०००० | ६२०८९ | | ३२७३०० | ४८६०० | १७५००० | ३५७०३९८ |
| १३ | शिशु सुधार आ.वि. | २२३४६१८ | ९४४५० | ४८९०० | ५५००० | १३८२२५ | | ९३३२४० | २०४३०० | १७५००० | ३८८३७३३ |
| १४ | आदर्श आ.वि. | १२९९८३८ | २१९५० | ७६०० | ५५००० | १२४६७ | | १७६२७० | ३१९५० | १७५००० | १७८००७५ |
| १५ | नमूना आ.वि.-४ | १६६५८७६ | १९५५० | १६००० | ५५००० | ४४७८९ | | ३३१४२० | २०७०० | १७५००० | २३२८३३५ |
| १६ | गौतम बुद्ध आ.वि. | ११९२४७१ | ९९०० | ८६०० | ५५००० | ९८३२ | | १४५९४० | १३०५० | १७५००० | १६०९७९३ |
| | जम्मा | ८२६११७४९ | ३४५८६०० | ५२३६०० | १३६५००० | ३७९७७६२ | ३०००००० | ८८७५४०० | १४७७३५० | २८००००० | १०७९०९४६१ |

## बजेट, कार्यक्रम सञ्चालनका आधार तथा प्रतिवेदन

| क्र.सं. | कार्यक्रमको नाम | खर्च गर्न सकिने रकम | कार्यालयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|
| १ | ● आधारभूत र माध्यमिक तहका तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलबभत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक कर्मचारी समेत) | ● अर्थ मन्त्रालयबाट स्वीकृत स्केल अनुसारको १२ महिनाको तलब १ महिना बरावरको चाडपर्व खर्च<br>तोकिए अनुसार महंगि भत्ता र पोषाक खर्च<br>● प्राविधिक भत्ता प्रति महिना २५०० का दरले १२ महिनाको (प्राविधिक धार चलेको विद्यालयमा ) | ● तलबि माग फाराम<br>● करार र राहातको हकमा शैक्षिक सत्रका लागि म्याद थपको निर्णय<br>● शिक्षकले तलब वुझेको भर्पाइ<br>● सामजिक सुरक्षा कर कट्टि भौचर<br>● ना.ल. कोष र सञ्चयकोष जम्मा भौचर<br>● सरुवा भएर आएको हकमा रमना र सम्बन्धित पालिकाको स्वीकृत तलबि प्रतिवेदन र पत्र |
| २ | ● प्रारम्भिक बालविकास सहजकर्ताहरूको पमरिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ● प्रति महिना तोकेबमोजिम का दरले १३ महिनाको तलब<br>१ महिना बरावरको चाडपर्व खर्च र पोषाक खर्च | |
| ३ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्रीका लागि प्रति विद्यार्थी इकाइ लागतका आधारमा बाल विकास/ पूर्व प्राथमिक कक्षाका लागि अनुदान प्रति विद्यार्थी रु.५००/-<br><br>सिकाइका लागि निरन्तर मूल्याङ्कन :आवश्यक सामग्री सुधारात्मक शिक्षण अनुदान र कक्षा १मा भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेत व्यवस्थापनका लागि प्रति विद्यार्थी रु.१००/-<br><br>शिक्षण सिकाइ सामग्री तथा BOOK CORNER ब्यवस्थापनका लागि प्रति बिद्यार्थी | ● प्रारम्भिक वाल कक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापन गर्न<br>● बालबालिकाका लागि पोर्टफोलियो निर्माण गर्न<br>● बुक कर्नर स्थापना<br>विद्यार्थीमा हुन सक्ने अपाङ्गताको प्रारम्भिक पहिचान<br>● सिकाइ सामग्री व्यवस्थापन<br>प्रविधिमैत्री सिकाइका लागि आवश्यक पुर्वाधार<br>● उपचारात्मक कक्षा शिक्षण गर्न<br>विद्यालयमा सामान्य मर्मत संभार गर्न | ● खर्च गर्ने वि.व्य.स. को निर्णय<br>● प्ररम्भिक वाल कक्षाका लागि शैक्षिक सामग्री खरिद विल भर्पाई<br>● पोर्टफोलियो खरिद/ निर्माण विल भर्पाई<br>● बुक कर्नर स्थापना विल भर्पाई फोटो<br>● प्रविधिमैत्री सिकाइका लागि आवश्यक पुर्वाधार तयार गर्ने निर्णय र विल भर्पाई<br>● विद्यालयमा सामान्य मर्मत संभार गर्ने र सो को विल भर्पाई |

| क्र.सं. | कार्यक्रमको नाम | खर्च गर्न सकिने रकम | कार्यालयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|
| | लागत अनुदान कक्षा १-५ प्रति विद्यार्थी रु.१५०/-<br>शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री  व्यवस्थापनका लागि प्रति बिद्यार्थी लागत अनुदान कक्षा ६-१० प्रति विद्यार्थी रु.२००/- , कक्षा ११-१२ प्रति विद्यार्थी रु २५०/- | (वि. व्य. स. को निर्णयानुसार आवश्यकता पहिचान गरिएका क्रियाकलापमा) | (सार्वजनिक खरिद ऐनको व्यवस्था पालना गर्ने) |
| | शिक्षण सामग्री तथा Lab Assistance,equipment and Practical materials ,OJT, Oparation cost व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ (प्रति विद्यार्थी रु. १५०००/-) | • प्रा.शि. तृतीय सरह तलब भत्ता लिनेगरी ल्याव असिष्टेण्ड व्यवस्था गर्न<br>• OJT मा खटाइएका विद्यार्थीलाई OJT अवधिभर प्रति महिना एक हजारका दरले उपलब्ध गराउने<br>• प्राविधिक धारको ल्याव तथा कम्प्यूटर प्रणाली सुधार गरी प्रयोगात्मक कार्य प्रभावकारी बनाउन खर्च गर्ने | • तलबि माग फाराम, शैक्षिक सत्रको सुरूमा करार म्याद थप निर्णय<br>• शिक्षकले तलब वुझेको भर्पाइ र सामजिक सुरक्षा कर कट्टि भौचर<br>• OJT का विद्यार्थीलाई OJT अवधिभर प्रति महिना एक हजारका दरले उपलब्ध गराएको भौचर<br>• वि.व्य.स. को निर्णय र कार्य सम्पन्न प्रमाणित फटो र प्रतिवेदन |
| ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | • तोकिएको समयमा विद्यालयमा भर्ना भएका तोकिएको पाठ्यपुस्तक निःशुल्क व्यवस्था गर्न पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको दर अनुसार हुन आउने रकम। | • पाठ्यपुस्तकको रकम वापत एक सेट पुस्तक खरिद गरि विद्यार्थीलाई प्रदान गरि सो को विल र पापु वितरण गरेको भर्पाइ<br>• IEMIS प्रतिवेदन |
| ५ | सार्वजनिक विद्यालयमा  अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृति आवसीय तथा गैर | • छात्रा छत्रावृत्ती, | • छात्रा छत्रावृत्ती |

| क्र.सं. | कार्यक्रमको नाम | खर्च गर्न सकिने रकम | कार्यालयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|
| | आवासीय | ● अपाङ्ग छात्रतृती स्तर अनुसार,<br>● दलित छात्रवृत्ति | अपाङ्ग छात्रतृती स्तर अनुसार कक्षा १ देखि ८ सम्म अध्ययन गर्नेलाई रू ४०० को दरले वितरण गरी दलित छात्रवृत्ति वितरण भर्पाइ<br>● IEMIS प्रतिवेदन |
| ६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि अनुदान | ● IEMIS मा अद्यावधिक गरीएको, परीक्षामा सामेल गरेको तथा शिक्षा तथा सामाजिक विकास शखाबाट सत्यापन गरी प्रमाणित भएको बाल बक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी तोकिएबमोजिमको दरले १८० दिन सम्म | ● प्रति विद्यार्थी रू.१५ का दरले १८० दिन सम्म खाजा खुवाउने व्यक्ति वा सस्था संग संझौता गरी विद्यार्थी हाजिरी राखि भुक्तानि दिने वा घरबाट खाजा ल्यउने विद्यार्थीको हकमा आमा समुहले खर्च गरेको भर्पाई<br>● IEMIS प्रतिवेदन |
| ७ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानीटरी प्याड व्यवस्थापन | ● कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई प्रति महिना २ पाकेटका दरले १० महिनाका लागि आवश्यक स्यानीटरी प्याड खरिद | ● प्रति महिना एक एक स्यानिटरी प्याड वितरण गरी सो वितरण भर्पाई<br>● IEMIS प्रतिवेदन |
| ८ | माध्यमिक तह कक्षा (९-१०)मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ● माध्यमिक तह कक्षा (९-१०) अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षक नियुक्ति गरी कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित पारिश्रमिक उपलब्ध गराउने | ● तलबि माग फाराम<br>● शैक्षिक सत्रको सुरूमा करार म्याद थप भएको निर्णय<br>● शिक्षकले तलब वुझेको भर्पाइ<br>● सामाजिक सुरक्षा लगायत लाग्ने कर जम्मा भएको प्रमाण |
| | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ● आधारभूत तह कक्षा (६-८) अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षक नियुक्ति गरी पारिश्रमिक उपलब्ध गराउने | |

| क्र.सं. | कार्यक्रमको नाम | खर्च गर्न सकिने रकम | कार्यालयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|
| ८ | परम्परागत विद्यालय अनुदान (कक्षा -१दखि ५ सम्म संचालित) | ●परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयको शिक्षक, मसलन्द तथा अन्य व्यवस्थापन कार्य एकमुष्ट २ लाख ४१ हजार वार्षिक रूपमा | ●अनुदान खर्च गर्ने वि.व्य.स. को निर्णय<br>●अनुदान रकम खर्च गरी विल भर्पाई |
| ९ | संचालन अनुदान कक्षा १-५<br>संचालन अनुदान कक्षा १-८<br>संचालन अनुदान कक्षा १-१०<br>संचालन अनुदान कक्षा १-१२ | ●मसलन्द<br>●ह्वाइट वोर्ड व्यवस्थापन तथा सञ्चालन खर्च तोकिएबमोजिम अनुदान | ●खर्च गर्ने वि.व्य.स. को निर्णय, मसलन्द ह्वाइट वोर्ड व्यवस्थापन<br>●विद्यालयमा सामान्य मर्मत संभार गर्ने र सो को विल भर्पाई<br>●विद्यालय सञ्चालन खर्चको प्रमाण |
| | माध्यमिक तह र आधारभूत तह संचालित विद्यालयहरूलाई विद्यालय सुधार योजना ,समुदाय तथा वि.व्य.स.हरूको क्षमता विकासका लागि अन्तर्क्रिया,अभिभावक शिक्षा संचालन अतिरिक्त क्रियाकलाप संचालन जस्ता कार्यक्रमका लागि एकमुष्ठ अनुदान | ●विद्यालय सुधार योजना ,समुदाय तथा वि.व्य.स.हरूको क्षमता विकासका लागि अन्तर्क्रिया,अभिभावक शिक्षा संचालन अतिरिक्त क्रियाकलाप संचालन , विपद् पूर्व तयारी योजना निर्माण | ● कार्यक्रम गर्ने वि.व्य.स. को निर्णय<br>●विद्यालय सुधार योजना ,समुदाय तथा वि.व्य.स.हरूको क्षमता विकासका लागि अन्तर्क्रिया,अभिभावक शिक्षा संचालन अतिरिक्त क्रियाकलाप संचालन , विपद् पूर्व तयारी योजना निर्माण जस्ता कार्यक्रम तथा योजना निर्माण |
| | माध्यमिक तह र आधारभूत तह संचालित विद्यालयहरूलाई सामाजिक परीक्षण, तथा लेखा परीक्षण ,विद्यर्थी रिपोर्ट कार्ड विद्यालय तथ्याङ्क व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान | ●सामाजिक परीक्षण, Iemis Report Card को प्रयोग तथा लेखा परीक्षण ,विद्यर्थी रिपोर्ट कार्ड विद्यालय तथ्याङ्क व्यवस्थापन बुलेटिन प्रकाशन | ●सामाजिक परीक्षण, Iemis Report Card को प्रयोग तथा लेखा परीक्षण ,विद्यर्थी रिपोर्ट कार्ड विद्यालय तथ्याङ्क व्यवस्थापन बुलेटिन प्रकाशन कार्यक्रम तथा योजना निर्माण<br>●सम्पादन गरिएको कामको निर्णय र |

| क्र.सं. | कार्यक्रमको नाम | खर्च गर्न सकिने रकम | कार्यालयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|
| | | | खर्चको विल भर्पाइ |
| | विद्यालयमा इन्टरनेट जडान तथा संचालन अनुदान | ● इन्टरनेट रकम भुक्तानी | ● विद्यालयमा इन्टरनेट जडान तथा रिचार्जको विल |
| | प्राविधिक विषय अध्यपन हुने विद्यालयलाई ल्याव सामाग्री अनुदान | ● ल्याब मर्मत संभार सामग्री व्षवस्थापन | ● खर्च गर्ने वि.व्य.स. को निर्णय<br>● ल्याब मर्मत संभार सामग्री व्षवस्थापन खर्च विल तथा भर्पाई |
| १० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढकरण एवम् कार्य सम्पादनमा आभारित प्रोत्साहन अनुदान | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढकरण एवम् कार्य सम्पादनमा आभारित प्रोत्साहन अनुदान | ● अनुदान प्रस्तावना र सो अनुसार कार्य सम्पादन गरेको निर्णय र वील भर्पाई |
| | शैक्षिक व्यवस्थापकीय सुधार र सुसासनमा उत्कृष्ठ कार्य गरेका विद्यालयलाई अनुदान | ● प्राप्त अनुदान वि.व्य.स. को निर्णय बमोजिम शैक्षिक व्यवस्थापकीय क्षेत्रमा (कर्मचारी क्षमता विकास, अभिभावक सचेतना कार्यक्रम, स्थलगत अध्ययन, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालय संग अन्तर्क्रिया, मौलिक सिकाइ) खर्च गर्ने | ● लागत अनुमान सामानको मापदण्डहरू<br>● सम्झौता पत्र अनुसार खरिद र कार्य सम्पन्न भएको निर्णय<br>● प्रस्तावना तयार र वि.व्य.स. मा स्वीकृत<br>● सार्वजनिक खरिद ऐन अनुसार खरिद र खर्च गर्ने वि.व्य.स. को निर्णय<br>● खर्च विल तथा भर्पाई |
| | विद्यालयमा पुस्तकालय स्थापना तथा ब्यबस्थापन (फर्निसिङ,किताब खरिद तथा ई पुस्तकालय समेत (छनौट भएका प्रति विद्यालय) | ● पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद तथा लाईव्रेरीका लागि ऱ्याक, बसाइ व्यवस्थापन कुर्सि टेबल आदि का लागि कुल बजेटकक्ष २५ % रकम खर्च गर्ने | |
| | विज्ञान प्रयोगशाला(छनौट भएका प्रति विद्यालय) | ● नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ संसोधन सहित को मापदण्डका आधारमा व्यवस्थापन गर्ने | |

| क्र.सं. | कार्यक्रमको नाम | खर्च गर्न सकिने रकम | कार्यालयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|
| ११ | बाल बिकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारी थप पारीश्रमिक | बाल बिकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीहरूको सङ्धीय सरकारले प्रदान गरेको अतिरिक्त १३ महिना थप तोकेबमोजिमको तलब दिने। | ● तलबि माग फाराम<br>● करार र राहतको हकमा शैक्षिक सत्रको सुरूमा करार म्याद थप निर्णय<br>● शिक्षकले तलब वुझेको भर्पाइ<br>● सामजिक सुरक्षा कर कट्टि भौचर |
| १२ | विद्यालयमा आन्तरिक परीक्षा सञ्चालन अनुदान | फोटोकपि पेपर, रोलिङ पेपर तथा अन्य विविध परीक्षा सञ्चालन सम्बन्धि सामग्री व्यवस्थापन गर्न १० हजार प्रति विद्यालय | ● परीक्षा सञ्चालन गर्दा लागेको खर्च गर्ने वील भर्पाई र वि. व्य. स. को निर्णय |
| १३ | विद्यालयका शैक्षिक सामग्री बैङ्क निर्माण अनुदान कक्षा १-१२ | शैक्षिक समाग्री निर्माण, पोषण कर्नर स्थापना, मसलन्द खर्च, सामान्य मर्मत संभार, IEMIS बाट विद्यार्थी परिचय पत्र वितरण | ● वि. व्य. स. को निर्णय र वील भर्पाई |
| १४ | उत्कृष्ठ कार्य सम्पादन तथा व्यवस्थापन भएका आ.वि. (१-५ र १-८) | प्राप्त अनुदान वि.व्य.स. को निर्णय बमोजिम शैक्षिक व्यवस्थापकीय क्षेत्रमा (कर्मचारी क्षमता विकास, अभिभावक सचेतना कार्यक्रम, स्थलगत अध्ययन, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालय संग अन्तर्क्रिया, मौलिक सिकाइ) खर्च गर्ने | ● वि. व्य. स. को निर्णय र वील भर्पाई कार्य सम्पन्न प्रतिवेदन। |
| १५ | एस्.इ.इ. पुर्वतयारी कक्षा सञ्चालन अनुदान | माध्यमिक तह कक्षा १० उत्तीर्ण (SEE) परीक्षाका विद्यार्थीहरूका लागि कोचिङ कक्षा सञ्चालन खर्च मापदण्ड,२०७६ अनुसारको कार्यक्रम सञ्चालन गर्ने। | ● माध्यमिक तह कक्षा १० उत्तीर्ण (SEE) परीक्षाका विद्यार्थीहरूका लागि कोचिङ कक्षा सञ्चालन खर्च मापदण्ड,२०७६ अनुसारको काजगजपत्र। |
| १६ | आमाबुबा बिहिन बालबालिकाका लागि | आमाबाबु बिहिन बालबालिका लाइ निःशुल्क शिक्षा | ● कार्यविधि अनुसारका काजगपत्र र |

| क्र.सं. | कार्यक्रमको नाम | खर्च गर्न सकिने रकम | कार्यालयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|
| | कक्षा १२ सम्म निःशुल्क शिक्षामा आर्थिक सहायता | कार्यान्वयन कार्यविधि २०७९ अनुसारको मापदण्ड पुरा भएका बालबालिकाहरू | विद्यालयको सिफारिस। |

## विद्यालय , शिक्षक र कर्मचारीले नियमित गर्नुपर्ने काम

| क्र.सं. | विवरण | कहिले गर्ने | कसले गर्ने |
|---|---|---|---|
| १ | संम्पति विवरण पेश | आ.व. समाप्त भएको ६० दिन भित्र | शिक्षक कर्मचारी आफै |
| २ | स्थायी शिक्षकले का.स.मू. विद्यालयमा दर्ता गर्ने | विद्यालयमा बैशाख ३० भित्र | शिक्षक आफै |
| ३ | शैक्षणिक योजना र विद्यालय सुधार योजना, आन्तरिक मूल्याङकन प्रणाली कार्यान्वयन र अध्यावधिक | बैशाख मसान्त | विषय शिक्षक,प्र.अ. र अध्यक्ष |
| ४ | प्र.अ. बैठकमा सहभागि | पालिकाले तोकेको समयमा | प्र.अ. |
| ५ | शिक्षक कर्मचारी तलब भत्ता माग फाराम पेश | मासिक/त्रैमासिक | प्र.अ. |
| ६ | दिवा खाजा माग फाराम पेश | त्रैमासिक | प्र.अ. |
| ७ | छात्रवृत्ति अनुदान माग | फागुन मसान्त | प्र.अ. |
| ८ | पा.पु. अनुदान माग | फागुन मसान्त | प्र.अ. |
| ९ | विद्यालय अनुगमन | असोज मसान्त | प्र.अ. |
| १० | तथ्याङ्क अध्यावधिक | बैशाख मसान्त | प्र.अ. |
| ११ | विद्यालय सुपरीवेक्षण र निरीक्षण | नियमित | प्र.अ.,वि.व्य.स., विज्ञ समूह र शिक्षा अधिकृत, पालिका शिक्षा समिति |
| १२ | सामाजिक परीक्षण गरी समयमा प्रतिवेदन पेश | भदौ मसान्त | प्र.अ. र अध्यक्ष |
| १३ | आन्तरिक विद्यार्थी मूल्याङ्कन र अभिलेख | नियमित | विषय शिक्षक |
| १४ | अन्तिम परीक्षा सञ्चालन र प्रमाणपत्र वितरण | नियमित | विषय शिक्षक |
| १५ | IEMIS सत्यापन गरी प्रकाशन गर्ने | कार्तिक मंसिर | शिक्षा अधिकृत |
| १६ | समितिहरूको नियमित बैठक सञ्चालन | नियमित | प्र.अ. र अध्यक्ष |
| १७ | विद्यालयको सुधार गर्न जिम्मेवारी बाँडफाँट र सो अनुसार काम | नियमित | प्र.अ. र अध्यक्ष |
| १८ | विद्यालयले पहिचान गरेका कार्यहरू | नियमित | विद्यालय प्रशासन |
| १९ | शिक्षक कर्मचारीहरूको करार व्यवस्थापन | बैशाख | वि.व्य.स. |

# अनुसूचीहरू

## गाउँपालिका शिक्षा समितिका पदाधिकारीहरूको नामावली

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | मनोज प्रसाईँ | अध्यक्ष |
| २ | भवानी प्रसाद खतिवडा | सदस्य |
| ३ | मनोज कुमार साह | सदस्य |
| ४ | पर्शुराम चेम्जोङ | सदस्य |
| ५ | सञ्जु पौडेल | सदस्य |
| ६ | भिम बहादुर धमला | सदस्य |
| ७ | हरीप्रसाद पोखरेल | सदस्य |
| ८ | आनन्द कोइराला | सदस्य |
| ९ | तिलक पाख्रीन | सदस्य |
| १० | कमलप्रसाद निरौला | सदस्य सचिव |

## गाउँपालिका  खेलकुद विकास समितिका पदाधिकारीहरूको नामावली

| **क्र.सं.** | **नाम थर** | **पद** |
|---|---|---|
| १ | पर्शुराम चेम्जोङ | अध्यक्ष |
| २ | शेर बहादुर राय | सदस्य |
| ३ | सञ्जु पौडेल | सदस्य |
| ४ | अमिर श्रेष्ठ | सदस्य |
| ५ | रमा भट्टराई | सदस्य |
| ६ | गजुहाङ लिम्बु | सदस्य |
| ७ | मेदनी घिमिरे | सदस्य |
| ८ | सुजन लावती | सदस्य |
| ९ | अर्जुन मेन्याङ्वो | सदस्य |
| १० | झलक सिठुङ्ग मगर | सदस्य |
| ११ | अशोक लाखे | सदस्य |
| १२ | राजकुमार खवास | सदस्य |
| १३ | कमलप्रसाद निरौला | सदस्य सचिव |

## शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरु

| कर्मचारीको नाम थर | पद | सम्पर्क नं. | इमेल |
|---|---|---|---|
| कमलप्रसाद निरौला | शाखा प्रमुख, अधिकृस्तर आठौ | ९८४१७००४९५ | edu.buddhashantimun@gmail.com |
| झल्का अधिकारी | शिक्षा अधिकृत, अधिकृतस्तर छैटौ | ९८४२७९८७२५ | edu.buddhashantimun@gmail.com |

| बुद्धशान्ति गाउंपालिकाका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको सम्पर्क नम्बर | | | | | |
|---|---|---|---|---|---|
| क.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | प्रधानाध्यापकको नाम | सम्पर्क नं. |
| १ | बुद्ध आदर्श मा.वि. | बुद्धशान्ति १ | १२ सम्म | हेमेन्द्र खतिवडा | ९८५२६५५०७८ |
| २ | आदर्श मा.वि. | बुद्धशान्ति २ | १२ सम्म | हरिप्रसाद पोखरेल | ९८६२६७८३२४ |
| ३ | शान्ति आदर्श मा.वि. | बुद्धशान्ति ६ | १२ सम्म | पूर्णबहादुर राई | ९८४१४९३३०५ |
| ४ | गडिगाउा मा.वि. | बुद्धशान्ति ५ | १२ सम्म | घनश्याम आचार्य | ९८४२६३४०२० |
| ५ | त्रिभूवन मा.वि. | बुद्धशान्ति १ | १२ सम्म | कुमार आचार्य | ९८५२६५५८१६ |
| ६ | गणेश मा.वि. | बुद्धशान्ति ४ | १० सम्म | डिल्लीराम खतिवडा | ९८४४६६०९४६ |
| ७ | मा.वि.वर्ने | बुद्धशान्ति ४ | १० सम्म | टंकनाथ घिमिरे | ९८४२७०२४४४ |
| ८ | राष्ट्रिय विजय मा.वि. | बुद्धशान्ति ७ | १० सम्म | छत्र बहादुर कार्की | ९८५२६९८६१५ |
| ११ | नवकिरण आ.वि. | बुद्धशान्ति ३ | १० सम्म | खेमराज कट्टेल | ९८४२७०१०४४ |
| १२ | सरस्वती आ.वि. | बुद्धशान्ति २ | १० सम्म | लोकबहादुर माझी | ९८४२६२४८१४ |
| ९ | नमुना आ.वि. | बुद्धशान्ति १ | ८ सम्म | गायत्रादेवी पोखेल | ९८४२६८६५४१ |
| १० | जनज्योति आ.वि. | बुद्धशान्ति ५ | ८ सम्म | धरणी भण्डारी | ९८६२६८१३८२ |
| १३ | शिशु सुधार आ.वि. | बुद्धशान्ति ३ | ८ सम्म | पदम पौडेल | ९८६३७०९१७१ |
| १४ | गौतमबुद्ध प्रा.वि. | बुद्धशान्ति ५ | ५ सम्म | खेम बहादुर भण्डारी | ९८१५०९०३०६ |
| १५ | आदर्श प्रा.वि. | बुद्धशान्ति ६ | ५ सम्म | गायत्रीप्रसाद ढकाल | ९८१४९६८२०० |
| १६ | नमुना प्रा.वि. | बुद्धशान्ति ४ | ५ सम्म | मुकुन्द अधिकारी | ९८४१५९५९४९ |
| १७ | आनन्देश्वर गुरूकुल पाठशाला | बुद्धशान्ति १ | ५ सम्म | ख्यामनाथ रिजाल | |
| १८ | तिरूपति संस्कृत विद्यालय | बुद्धशान्ति १ | ८ सम्म | मणिराज आचार्य | ९८४२९९०६७९ |
| | | | | | |
| बुद्धशान्ति गाउापालिकाका संस्थागत विद्यालय र संचालक तथा प्रिन्सीपलहरूको सम्पर्क नम्बर | | | | | |
| १ | ज्योति मा.वि. | बुद्धशान्ति ३ | १० सम्म | संजीव प्रधान | ९८५२६५५०४३ |
| २ | कर्णाली एजुकेसन फाउन्डेसन | बुद्धशान्ति ३ | १२ सम्म | छत्रबहादुर कार्की | ९८४२६२९३७१ |
| ३ | महानन्द शिक्षा सदन | बुद्धशान्ति ३ | १० सम्म | भिम श्रेष्ठ | ९८५२६७८९३७ |
| ४ | एरा एभर ग्रीन | बुद्धशान्ति ३ | १० सम्म | खगेन्द्र मैनाली | ९८५२६७९९३५ |
| ५ | कान्तिपुर विद्यासदन | बुद्धशान्ति ३ | ८ सम्म | बिष्णुप्रसाद सापकोटा | ९८१५९६४१९६ |
| ६ | कन्चनजंगा बालसदन | बुद्धशान्ति २ | ८ सम्म | चेतन सुवेदी | ९८४२६३१७१५ |
| ७ | लिटल स्टार इ.बो.स्कूल | बुद्धशान्ति २ | १० सम्म | गंगाप्रसाद निरौला | ९८४२६५६०९९ |
| ८ | जयपुर इ.बो.स्कूल | बुद्धशान्ति २ | १० सम्म | शन्तोष भण्डारी | ९८४१४२०६११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | एम्बीसन एकाडेमी | बुद्धशान्ति २ | १० सम्म | दीपेन्द्र सिटौला | ९८४२६३३४१९ |
| १० | ह्पील्याण्ड इ.बो.स्कूल | बुद्धशान्ति १ | ८ सम्म | बुद्धिकान्त अधिकारी | ९८४२७००३८१ |
| ११ | मुनामदन एकाडेमी | बुद्धशान्ति ४ | १२ सम्म | चेतन ढुङ्गेल | ९८०७९७२७६८ |
| १२ | ब्राइट फ्यूचर इ बोडिङ स्कुल | बुद्धशान्ति ४ | १० सम्म | मनिष खतिवडा | |
| १३ | शान्तिनगर सनराइज इ.बो.स्कूल | बुद्धशान्ति ४ | ९ सम्म | सूर्यमान लिम्बु | ९८१५९४५२७० |
| १४ | न्यू एभर ग्रीन इ.बो.स्कूल | बुद्धशान्ति ४ | १२ सम्म | तिलक पाखीन | ९८१४९४३२६६ |
| १५ | शान्तिनिकेतन इ.बो.स्कूल | बुद्धशान्ति ५ | १० सम्म | उदयचन्द्र कोइराला | ९८०१४०२०१२ |
| १६ | बालिमकी शिक्षासदन | बुद्धशान्ति ६ | ५ सम्म | मोति वस्नेत | ९८१६०५२००० |
| १७ | लालीगुरांस इ.बो. | बुद्धशान्ति ५ | ९ सम्म | हिमाल उप्रेती | ९८०१४४४४२१ |
| १८ | प्रभात किरण अंग्रेजी स्कुल | बुद्धशान्ति १ | ५ सम्म | कृष्ण ढकाल | ९८५२६७९०७४ |

**शिक्षा दिवसका आदर्श वाक्यहरू**

| क्र.सं. | साल | आदर्श वाक्यहरू |
|---|---|---|
| १ | २०३१ | "शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिकाले बञ्चित हुन नपरोस्।" |
| २ | २०३५ | "नानीहरुलाई माया गरौ।" |
| ३ | २०३८ | "शिक्षाको गुणस्तर बढाऔं।" |
| ४ | २०३९ | "शिक्षाको गुणस्तर बढाऔ जनसहभागिता जुटाऔं।" |
| ५ | २०४० | "शिक्षालाई उत्पादनशील र सृजनशील बनाऔं।" |
| ६ | २०४१ | "शिक्षालाई जनमुखी बनाऔं।" |
| ७ | २०४२ | "शिक्षालाई जीवनोपयोगी बनाओ।" |
| ८ | २०४३ | "शिक्षाको स्तर र विकासको मर्यादा बढाऔं।" |
| ९ | २०४४ | "आफ्ना छोरा छोरीलाई पढ्न पठाऔं, शिक्षालाई जगैबाट उठाऔं।" |
| १० | २०४५ | "शिक्षाको उज्यालो घामबाट कुनै पनि बालवालिका टाढा हुन नपरोस्।" |
| ११ | २०४६ | "साक्षर बनौ र साक्षरता बढाओ।" |
| १२ | २०४७ | "शिक्षाको उज्यालो घर घरमा पुर्याऔं प्रजातान्त्रिक विकास विकसित गराऔं। " |
| १३ | २०४८ | "शिक्षाको उपलब्धिः दक्ष र सक्षम जनशक्ति ।" |
| १४ | २०४९ | "स्वच्छ शैक्षिक वातावरण सिर्जना गरौ शिक्षाको विकास गरौं।" |
| १५ | २०५० | "शिक्षाको विस्तारः विकासको पूर्वाधार।" |
| १६ | २०५१ | "शिक्षाको गुणस्तर उठाऔं, स्वावलम्बी बनाऔं।" |

| | | |
|---|---|---|
| १७ | २०५२ | "शिक्षाको ज्योति जगाऔं, सक्षम नागरिक तयार गरौं।" |
| १८ | २०५३ | "लगनशील विद्यर्थी, समर्पित शिक्षक, स्तरयुक्त शिक्षा, आजको आवश्यकता।" |
| १९ | २०५४ | "दक्ष शिक्षक, स्तरीय शिक्षा सक्षम जनशक्ति, राष्ट्रको प्रगति।" |
| २० | २०५५ | "स्तरीय शिक्षा घर घर पुर्याऔं।" |
| २१ | २०५६ | "प्रजातान्त्रिक शिक्षाका मान्यता, रोजगार, विकास र मानवता।" |
| २२ | २०५७ | "आजको आवश्यकता सबैलाई जीवनोपयोगी शिक्षा, गुणस्तरका लागि सक्रिय जनसहभागिता।" |
| २३ | २०५८ | "सहभागितामूलक स्वच्छ शिक्षाको विस्तार एकता र दिगो विकासको आधार।" |
| २४ | २०५९ | "आदर्श शिक्षाका चरण चार शान्ति, सहिष्णुता, सदाचार र रोजगार।" |
| २५ | २०६० | "शिक्षालयलाई शान्ति क्षेत्र बनाऔं, गुणत्मक शिक्षाको विस्तार गरौ।" |
| २६ | २०६१ | "हिंसारहित शान्त शिक्षणस्थल सबैको इच्छा, सँगै बस्न र जिउन सबैका लागि शिक्षा।" |
| २७ | २०६२ | "शान्ति सबैको इच्छा, गुणस्तरीय एवम् रोजगार मूलक शिक्षा।" |
| २८ | २०६४ | "लोकतान्त्रिक नेपालको आवश्यकता, समावेशी र गुणात्मक शिक्षा।" |
| २९ | २०६५ | "लोकतान्त्रिक गणतन्त्र नेपालको आधार शिक्षा सबैको मौलिक अधिकार। " |
| ३० | २०६६ | "नयाँ नेपालको मूल आधार, गुणस्तरीय शिक्षा मौलिक अधिकार।" |
| ३१ | २०६७ | "शिक्षा हाम्रो मौलिक अधिकार, उन्नति र समृद्धिको आधार।" |
| ३२ | २०६८ | "श्रम सिप र प्रविधियुक्त गुणस्तरीय शिक्षा विद्यालय शान्ति क्षेत्र नेपालीको इच्छा।" |
| ३३ | २०६९ | "समुन्नत समाज, परिष्कृत संस्कार साक्षरता र शिक्षा:विकासको आधार।" |
| ३४ | २०७० | "बालमैत्री, अनिवार्य शिक्षा ज्ञान र सिपको सुनिश्चितता ।" |
| ३५ | २०७१ | "सक्षम शिक्षक स्तरीय शिक्षा, समृद्धिका लागि साक्षरता र प्रविधियुक्त शिक्षा ।" |
| ३६ | २०७२ | "दिगो विकासका लागि गुणस्तरीय शिक्षा सबैका लागि सुरक्षित शिक्षण संस्था।" |
| ३७ | २०७३ | "समृद्ध राष्ट्र निर्माणका लागि जीवनोपयोगी शिक्षामा लगानी।" |
| ३८ | २०७४ | "संघीय नेपाल समृद्धिको आधार, स्तरीय शिक्षा सबैको अधिकार।" |
| ३९ | २०७५ | "समाजवाद उन्मुख सम्भृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवम् दिगो शैक्षिक पूर्वाधार।" |
| ४० | २०७६ | "हामी सबैको प्रण सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण।" |
| ४१ | २०८० | "समावेशी र सिपमूलक शिक्षा, स्वदेशमै युवा राष्ट्रको इच्छा।" |
| ४२ | २०८१ | "ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकता साझेदारी र प्रणालीगत सक्षमता।" |

**निती, निर्देशिका तथा कार्यविधिको विवरण**

| क्र.सं. | निती, निर्देशिका तथा कार्यविधिको नाम | जारी गर्ने निकाय |
|---|---|---|
| १ | राष्ट्रिय शिक्षा निती, २०७६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| २ | राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्धन नीति २०७६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ३ | निजी लगानीमा संचालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ४ | विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ५ | वैदेशिक अध्ययन स्वीकृति सम्बन्धी निर्देशिका, २०७९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ६ | वैज्ञानिक समाजलाई अनुदान सहयोग कार्यविधि,२०७९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ७ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८ | शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ९ | विद्यालय संचालन सम्बन्धी कार्यढाँचा, २०७७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १० | विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ११ | जैविक प्रविधि नीति, २०६३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १२ | सूचना प्रविधि नीति, २०६७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १३ | पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति २०६४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १४ | पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १५ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति गठन आदेश, २०५२ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| १६ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति गठन कार्यसंचालन नियमावली, २०६५ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| १७ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति कर्मचारी सेवा शर्त | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |

| | | |
|---|---|---|
| | नियमावली, २०६५ | |
| १८ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति आर्थिक कार्यविधि नियमावली, २०६६ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| १९ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति आन्तरिक विविध कोष संचालन निर्देशिका आर्थिक कार्यविधि नियमावली, २०७० | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| २० | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति विशेषज्ञको बोर्ड गठन सम्बन्धी कार्य निर्देशिका, २०७२ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| २१ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति परीक्षण सम्बन्धी कार्यविधि, २०७४ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| २२ | डि.एन.ए.परीक्षण सेवा सम्बन्धमा गरिएको व्यवस्था२०६२ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| २३ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति परीक्षण शुल्क सम्बन्धी व्यवस्था, २०७४ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| २४ | माध्यमिक शिक्षा उत्तीर्ण (एस.एल.सी) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६५ (चौथो संशोधन) | राष्ट्रिय परीक्षा बोर्ड |
| २५ | पुराना प्रमाणपत्रका त्रुटि तथा अभिलेख संशोधन सम्बन्धी आन्तरिक कार्यविधि २०७० | राष्ट्रिय परीक्षा बोर्ड |
| २६ | शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि २०७८ | शिक्षक सेवा आयोग |
| २७ | परीक्षा सञ्चालन निर्देशिका २०७८ | शिक्षक सेवा आयोग |
| २८ | उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण निर्देशिका २०७६ | शिक्षक सेवा आयोग |
| २९ | अन्तर्वार्ता सञ्चालन निर्देशिका २०७९ | शिक्षक सेवा आयोग |
| ३० | अध्यापन अनुमतिपत्र वितरण र व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ | शिक्षक सेवा आयोग |
| ३१ | शिक्षकहरुको बढुवा सम्बन्धी कार्यविधि २०७९ | शिक्षक सेवा आयोग |
| ३२ | शिक्षक सेवा आयोग आचारसंहिता २०७८ | शिक्षक सेवा आयोग |
| ३३ | कार्यक्रम कार्यान्वयन पुस्तिका (प्रत्येक वर्षको प्रारम्भमा प्रकाशित हुने) | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ३४ | सामुदायिक विद्यालयको सामाजिक परीक्षण मापदण्डः २०७८ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ३५ | एकमुष्ट अनुदान कार्यविधिः २०७६ | शिक्षा तथा मानवस्रात विकास कन्द्र |
| ३६ | नमूना विद्यालय विकास तथा सञ्चालन निर्देशिकाः २०७५ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ३७ | दूर शिक्षा प्रणालीबाट शिक्षक पेशागत विकास कार्यक्रम सञ्चालन कार्यविधिः २०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ३८ | पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधिः २०७८ | शिक्षा तथा मानवस्रोत विकास |

| | | |
|---|---|---|
| | | केन्द्र |
| ३९ | प्रारम्भिक बालविकास लागत सहभागिताको प्रारुपः २०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४० | विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिकाः २०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४१ | विद्यालय सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधिः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४२ | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्डः २०७८ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४३ | शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधिः२०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४४ | शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधिः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४५ | सामुदायिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधिः २०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४६ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्डः २०७८ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४७ | सेनेटरी प्याड वितरण सम्बन्धी कार्यविधिः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४८ | परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्डः २०७९ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ४९ | सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिकाः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ५० | विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ५१ | विद्यालय लेखाङ्कन दिग्दर्शन, २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ५२ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ (दोस्रो संस्करण) | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| ५३ | लेटर ग्रेडिङ निर्देशिका, २०७८ | पाठ्यक्रम विकास केन्द्र |
| ५४ | पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ | पाठ्यक्रम विकास केन्द्र |
| ५५ | एकीकृत पाठ्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका,२०७९ | पाठ्यक्रम विकास केन्द्र |
| ५६ | विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, आधारभूत तह (कक्षा ९-१२), २०८० | पाठ्यक्रम विकास केन्द्र |

| | | |
|---|---|---|
| ५७ | लेटर ग्रेडिङ पद्धतिः सहयोग पुस्तिका, २०७९ | पाठ्यक्रम विकास केन्द्र |
| ५८ | विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड (कक्षा ९-१२०), २०८० | पाठ्यक्रम विकास केन्द्र |
| ५९ | मान्यता तथा समकक्षता निर्धारण निर्देशिका (दोस्रो संशोधन २०७९) | पाठ्यक्रम विकास केन्द्र |
| ६० | विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका (दोस्रो संशोधन) २०७५ | पाठ्यक्रम विकास केन्द्र |
| ६१ | शैक्षिक गुणस्तर परीक्षण केन्द्रको निर्देशिका २०७४ | प्राविधिक शिक्षा तथा व्यवसायिक |
| ६२ | रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| ६३ | शिक्षाको सोचपत्र, २०७९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ६४ | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायमा कर्मचारीको पदस्थापन, सरूवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड,२०८० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ६५ | प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि,२०८० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |

## शैक्षिक सुधार सङ्कल्प

### "विद्यार्थीको रोजाइ, अभिभावकको खोजाइ सामुदायिक विद्यालय"

मिति २०८0 साल जेठ ३ गते बुद्धशान्ति गाउँपालिकाका हामी जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षक अभिभावक संघका अध्यक्षहरू, प्रधानाध्यापकहरू र सम्बन्धित सरोकारवालाहरू गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईँ ज्यूको अध्यक्षतामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार अभियान अन्तर्गत छलफल अन्तरक्रिया कार्यक्रममा भेला भई तपसिल अनुसार शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने सङ्कल्प गर्दछौँ।

तपसिल

१. गाउँपालिका र वडामा शिक्षा समिति गठन गर्ने,

२. बालबालिकाको लागि घरपरिवार, समाज, विद्यालय सबैतिर बालमैत्री शैक्षिक वातावरण निर्माण गर्न अभिभावक परिचालन गर्ने,

३. शिक्षकको मनोवल उच्च बनाउन उचित सम्मान, पुरस्कार, आचारसंहिता अनुगमन, दण्ड प्रणाली अवलम्बन गर्ने र शिक्षणलाई प्रविधिमैत्री बनाउन क्षमता विकास तालिमको व्यवस्था गर्ने,

४. विद्यालयहरूमा सिकाइ सुधारका लागि नयाँ प्रविधिको प्रयोग बढाउने र शैक्षिक सामग्री बैंकको व्यवस्था गर्ने,

५. विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सहित सबै कक्षालाई बालमैत्री विकास गर्दै खाजा, सुरक्षित पिउने पानी, टेलिभिजन, कम्प्युटर, खेल सामग्री सहित मैदान, शौचालय र विद्यार्थी आराम वा प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने,

६. विद्यालयमा भर्ना भएका बालबालिकाको प्रगति अभिलेख राखी विद्यार्थी नियमितताका लागि अभिभावकसँग समन्वय गर्ने स्वचालित प्रणालीको विकास गर्ने,

७. विद्यालयहरूले आफ्नो सेवा क्षेत्रभित्रका गाउँ, टोल र समुदायबाट आमा समूह गठन गरी शैक्षिक क्रियाकलापमा उनीहरूलाई परिचालन गर्ने व्यवस्था मिलाई कार्यान्वयन गर्न शिक्षकहरूले सहयोग गर्ने,

८. शिक्षण विधिमा नवीनता ल्याउन आन्तरिक मूल्याङ्कन एवम् प्रयोगात्मक कार्यलाई वस्तुनिष्ठ बनाउने र ल्याबको सुधार गर्ने,

९. बालबालिकाको हरेक क्रियाकलापहरूको व्यक्तिगत अभिलेख (portfolio) को बहुआयामिक उपयोग गर्ने,

१०. सबै विद्यालयमा तोकिएको समयमै विद्यालय सुधार योजना अध्यावद्यिक गरी कार्यान्वयन गर्ने,

११. विद्यालयलाई आकर्षक सिकाइ केन्द्र बनाउन विद्यार्थी समेतको सहभागितामा सरसफाइ, फूलबारी निर्माण र कक्षाकोठाको नियमित सरसफाइ गर्ने,

१२. विषयगत सिकाइ उपलब्धि ७० वा सो भन्दा बढी प्रतिशत पुऱ्याउन विषयगत रूपमा वार्षिक ५ अङ्कले वृद्धि गर्ने लक्ष्यका साथ शैक्षिक योजनाहरू कार्यान्वयन गर्ने,

१३. वि.व्य.स. र प्र.अ. को सक्रियतामा अभिभावक परिचालनका लागि आमा समुह केन्द्रित अभिभावक शिक्षा सञ्चालन गर्ने,

१४. अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावका संघको क्षमता अभिवृद्धिको लागि स्वअध्ययन र तालिम सञ्चालन सामग्रीहरू विकास तथा उपयोग गर्ने,

१५. दिवा खाजा वृहत स्वास्थ्यको अवधारणा समेतको आधारमा सन्तुलित र स्थानीय उत्पादनमा आधारित वस्तुको उपयोगमा जोड दिने र स्वास्थ्यमा प्रतिकूल हुने खाना वा खाजा निषेध गर्ने,

१६. गाउँपालिका र वडा स्तरसम्म शैक्षिक कोषको व्यवस्था गरी आवश्यकताको आधारमा परिचालन एवम् उपयोग गर्ने,

१७. विद्यालयको सम्पत्तिको रूपमा रहेको जमिन लगायत अन्य पूर्वाधारहरूको सुरक्षा, विकास र अधिकतम परिचालन गर्ने प्रणालीको विकास गर्ने,

१८. विद्यालयको आर्थिक पक्ष सबल बनाउन आय प्राप्ति तथा परिचालनमा पारदर्शिता, नियमितता र कार्यदक्षता बढाउन सबै पक्षको समन्वय गरी नवीनतम् क्रियाकलापहरूको माध्यमबाट अभिभावक र समुदायको सहभागिता बढाउने,

१९. शिक्षामा लगानी वृद्धि गर्ने,

२०. स्वच्छ प्रतिस्पर्धात्मक शैक्षिक वातावरण निर्माण गरी संघ, प्रदेश, स्थानीय सरकार र विकास साझेदारहरू बीच प्रभावकारी सहकार्य गर्न योजना निर्माण, कार्यान्वयन र अनुगमनमा आधुनिक प्रविधिको उच्चतम् प्रयोग गरी कार्यदक्षता बढाउने,

२१.	अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्न स्थानीय सरकारले सहजीकरण र दण्डात्मक व्यवस्थाहरू गर्ने,
२२.	विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन अत्याधुनिक प्रविधिको प्रयोगको व्यवस्था गरी प्रतिवेदन कार्यान्वयन गर्ने,
२३.	शिक्षकहरूले शिक्षासँग सम्बन्धित समितिहरूमा बाहेक कुनै पनि सार्वजनिक पदमा नरहने।

**महत्त्वपूर्ण लिंकहरू**

| | |
|---|---|
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | https://moest.gov.np |
| शिक्षा तथा मानव श्रोत विकास केन्द्र | https://www.cehrd.gov.np |
| पाठ्यक्रम विकास केन्द्र | https://www.moecdc.gov.np |
| विद्यालय शिक्षक किताबखाना | http://www.stro.gov.np/ne |
| परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर | http://www.neb.gov.np |
| शिक्षा विकास तथा समन्वय इकाइ, झापा | http://www.deo.gov.np |
| बुद्धशान्ति गाउँपालिका, झापा | buddhashantimun@gmail,com |
| शिक्षा तथा युवा तथा खर्लकुद शाखा पालिका ईमेल | edu.buddhashantimun@gmail.com |